सूचना र मनोरञ्जनको सँगालो

साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २३ ● अंक ४८ FRIDAY, 20 APRIL ● काठमाडौं शुक्रबार ● मूल्य रु. १५/-



तस्बिरहरू : महेश प्रधान

# मिस नेपालका मनका कुरा

पृष्ठ ५ मा



## YouTube ट्रेन्डिङ

| क्र.सं. | शीर्षक | च्यानल |
| --- | --- | --- |
| १ | चलचित्र कारखाना | बूढासुब्बा डिजिटल |
| २ | चलचित्र पर्व | सुवास इन्टरटेन्मेन्ट |
| ३ | पुरानो ढुंगा | हाइलाइट्स नेपाल |
| ४ | काउ सङ : कोहलपुर | जेन |
| ५ | झापामा भेटिए अर्को प्रेम | उर्लाबारी फोकस |
| ६ | भद्रगोल -१६७ | रामसार मिडिया |
| ७ | गर्मीके साइड इफेक्ट्स | आशिष चञ्चलानी |
| ८ | चलचित्र रानी | साइराम पिक्चर्स |
| ९ | बी-एट- अलिकति | बी-एट |
| १० | भिटेन- हालखबर | भिटेन अफिसियल |

# इन्स्टाग्रामका १० चर्चित अनुहार

इन्स्टाग्राममा धेरै फलोअर्स भएका नेपाली सेलिब्रेटीहरुमध्ये कसका कति फलोअर्स ?



### प्रियंका कार्की

प्रियंका कार्की अहिलेकी सर्वाधिक व्यस्त अभिनेत्री हुन् । पूर्व मिस टिन, मोडल तथा नृत्यांगना प्रियंका भिजेसमेत हुन् । उनले अमेरिकाको युनिभर्सिटी अफ नर्थ अल्बामा अध्ययन गरेकी हुन् ।

**फलोअर्स : ५ लाख ३३ हजार**



### सृष्टि श्रेष्ठ

सृष्टि मिस वर्ल्डमा सहभागी हुने पहिलो पूर्वमिस नेपाल हुन् । सन् २०१२ मा उनी टप टेन डान्सरमा छनौट भएकी थिइन् । सफल मोडल सृष्टिले थिएटरबाट आफ्नो अभिनय करिअरको सुरुवात गरेकी हुन् ।

**फलोअर्स : ३ लाख ७९ हजार**



### साम्राज्ञी राज्यलक्ष्मी शाह

साम्राज्ञी राज्यलक्ष्मी शाहले डिम्सबाट चलचित्रमा डेब्यु गरेकी हुन् । ए मेरो हजुर-२ उनले अभिनय गरेको चर्चित चलचित्र हो । साम्राज्ञीले अभिनय गरेको चलचित्र तिमीसँग प्रदर्शनरत छ ।

**फलोअर्स : २ लाख ६७ हजार**



### नम्रता श्रेष्ठ

अभिनेत्री, मोडल नम्रता श्रेष्ठले मेरो एउटा साथी छ, नोभेम्बर रेन जस्ता रोमान्टिक चलचित्रमा अभिनय गरेकी छिन् । नम्रताले काठमाडौंको किस्ट कलेज तथा सेन्ट जेभियर्समा अध्ययन गरेकी हुन् ।

**फलोअर्स : ३ लाख ३५ हजार**



### प्रबल गुरुङ

अमेरिकाका पूर्व राष्ट्रपति बराक ओबामाकी श्रीमती मिसेल ओबामाको पहिरन डिजाइन गरेपछि चर्चामा आएका हुन्– प्रबल गुरुङ । अमेरिकाको न्युयोर्कलाई कर्मथलो बनाएका प्रबलले थुप्रै अन्तर्राष्ट्रिय सेलिब्रिटीका पहिरन डिजाइन गरेका छन् ।

**फलोअर्स : ५ लाख १९ हजार**



### लेमी तामाङ

लेमी तामाङ मेकअप आर्टिस्ट हुन् । उनी युट्युबबाट कसरी मेकअप गर्ने भन्ने कुरा सिकाउँछिन् । तामाङका भिडियोले लाखौं भ्युज पाउँछन् । उनको भिडियो हेरेर मेकअप गर्न सिक्नेहरुको संख्या ठूलो छ । लेमी स्वदेशी तथा विदेशी मिडियाहरूमा छाइरहन्छिन् ।

**फलोअर्स : २ लाख २९ हजार**



### केकी अधिकारी

अभिनेत्री केकी अधिकारीले थुप्रै चलचित्र तथा म्युजिक भिडियोमा अभिनय गरेकी छिन् । अधिकारीले चलचित्र स्वरबाट अभिनय यात्रा थालेकी थिइन् ।

**फलोअर्स : २ लाख ३९ हजार**



### अदिति बुढाथोकी

मोडल, अभिनेत्री तथा फेसन ब्लगर अदिति बुढाथोकीले यसपटक अनमोल केसीसँग चलचित्र कृका लागि स्क्रिन सेयर गरेर चर्चा पाइन् । अदितिले नेपाल तथा मुम्बईलाई कर्मथलो बनाएकी छिन् ।

**फलोअर्स : ३ लाख ८४ हजार**



### परमिता आरएल राना

परमिता आरएल राणा चपली हाइट-२ की अभिनेत्री हुन् । मोडल तथा अभिनेत्री परमिता गीतसमेत गाउँछिन् । उनले थुप्रै फेसन शोमा समेत भाग लिएकी छिन् ।

**फलोअर्स : ३ लाख ३५ हजार**



### माल्भिका सुब्बा

पूर्व मिस नेपाल माल्भिका सुब्बा मिडिया पर्सनालिटी तथा कार्यक्रम सञ्चालिकाका रूपमा स्थापित छिन् । यतिबेला उनी हिमालय टेलिभिजनमा कार्यक्रम जीवनसाथी चलाइरहेकी छिन् ।

**फलोअर्स : १ लाख ९१ हजार**

## साइबर फिडब्याक

मकवानपुर, हेटौंडाकी शृंखला खतिवडा २३ औं मिस नेपाल वर्ल्ड-२०१८ घोषित भइन् । अन्य २४ जना प्रतियोगीलाई पछि पार्दै उनी मिस नेपाल बन्न सफल भएकी थिइन् । सामाजिक सञ्जालमा मिस नेपाल प्रतियोगिता र यसपालिकी विजेता शृंखलाका बारेमा अनेकन टीका-टीप्पणी गरिए :

भिडियोको टाइटल रै'छ, 'मिस नेपाल भन्छिन्– देशको शिर उच्च बनाउनेछु ।' रमाइलै छ देश ।

**क्राउफ**

रवीन्द्र मिश्र देश बनाउन छोडेर मिस नेपालको जज प्यानलमा गएछन्, देश बन्दैछ ।

**मायापिरती**

टपर रै'छिन्, पढ्दा-पढ्दै फुर्सद भएन होला । फोटो खिच्नी, त्यसमा पनि ग्ल्यामरतिर प्रवेश नै मिस नेपालबाट गरेकी अनि काँ'ट होस् ।

**भाग्यश्री**

त्यहाँ पनि आरक्षणको व्यवस्था भएको भए एउटी बाहुनी कसरी मिस नेपाल हुन्थिन् र सरकार ?

**पोखरेली ठिटो**

ब्युटी कन्टेस्टको उपादेयताको डिस्कोर्समा बढी नेगेटिभिटी नै बोलेको पाइन्छ, ठूला-ठूला फेमिनिस्टहरूले पनि । मिस नेपाल भैसकेपछि निजहरूले समाज र महिला सशक्तीकरणमा उल्लेखनीय योगदान पुऱ्याएको मेरो जानकारीमा छैन । हजुरलाई भए बताइदिनुहोला ।

**घिमिरे गुल्मी**

मिस नेपाल जो भए नि बाल भएन, तर तिम्री घरकी 'मिस बुहारी' चैं मै हुनुपर्छ ।

**कामना कटुवाल**

कस्तो अचम्म ! मिस नेपाल नभएर स्ववियु निर्वाचन जित्या जस्तो बधाई छ कमरेड रे । हरे, मिस नेपालमा पनि राजनीति ।

**एलिजा ढकाल**

हेटौंडाकी चेली मिस नेपाल भइन् भनेर मकवानपुरेका भुइँमा खुट्टा छैन । के यो देशकै गर्व हो कि मकानपुरको मात्र ?

**अंशु खड्का**

यो देशमा मिस नेपाल बनेर काम रै'नछ, बनेपछि नि किन बनेछु भन्ने पार्दिन्छन् मिडियाले ।

**सन्दीप**

श्रृंखला खतिवडा नै एक मात्र त्यस्ती नेपाली मिस नेपाल हुन् जो नेपाली र अंग्रेजी दुवै भाषामा पोख्त छिन् ।

**नेपाल स्टफ**

अहिलेकी मिस नेपाल श्रृंखला खतिवडामा बौद्धिकता र सुन्दरता दुवै बराबर छ ।

**राजु**



### नौवर्षे बालक युट्युबमा

यतिबेला युट्युबमा भाइरल भैरहेका छन्– अशोक दर्जी । झापाको दमक नगरपालिकाका नौ वर्षीय अशोक आफ्नो गायन प्रतिभाका कारण धेरैको नजरमा चढेका हुन् ।

**सरोज बस्नेत**

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस् ।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन् ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
कक्षा समय: बिहान, दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
सम्पर्क
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने चोक
Phone : 01-5527782, 9818258588

IELTS 6.5 Guarantee
By P. Swoveet starting, free materials /MOCK Tests
Language Books
Audio, Videos:
Easy Learning
Easy Way, Boost Vocab.,
Up-to-date Essays for IELTS..
Available in bookshops/ institutes



Language (English, Chinese, French..)
Computer (Basic - Advanced )
50% Discount for SEE students!
OLC, Bag Bazaar, 4268945, 4244741

६१ कर्मचारी अर्जेन्ट
काम: अफिसभित्रै+घरैमालगी गर्नमिल्ने
No Interview 100% Job
योग्यता: साधारण लेखपढगर्न जान्ने/नजान्ने देखि Test SEE,+2 above महिलापुरुष गृहिणी विद्यार्थी अर्जेन्ट
सुविधा: खाजा, बसभाडा र बोनष
तलब: Parttime: 15,000-26,000/-
Fulltime: 26,000-35,000/-
Shift: Morning/Day/Evening/Night
नयाँ बसपार्क गोंगबुचोक आवास गेटभित्र
01-4363058, 9813586522
यो मार्केटिङ जब होईन । जो कोहीले पनि गर्न मिल्ने

मंगल होस्



# सिनेमा खेलिनँ, किन खेलें ?

जतिबेला म कलाकारितामा प्रवेश गरें, त्यतिबेला मेरो सम्पर्क प्रगतिवादी स्रष्टाहरूसँग थियो । त्यो विचारमा आस्था राख्नेहरूको मत हुन्थ्यो, सिनेमा भनेको बुर्जुवाहरूको क्षेत्र हो । त्यही कारणले त्यतातिर ध्यान दिइएन । जब सिनेमाको माध्यमबाट पनि जनताका कुरा सम्प्रेषण गर्न सकिन्छ ।

मनोज गजुरेल

मेरा लागि सबैभन्दा अप्ठ्यारो प्रश्न हो, 'तपाईंले चाहिँ किन अहिलेसम्म फिल्म नखेल्नु भएको ?' खासमा यसको चितबुझ्दो जवाफ मसँग पनि छैन । 'खेल्न मन नलागेर' भनौं भने सिनेमा मोह सानैदेखिको हो, 'मौका नपाएर' भनौं भने साथीभाइले प्रस्ताव गरेकै हुन्, तैपनि सिनेमा मेरो प्राथमिकतामा परेको थिएन ।

हुन त ठूला-ठूला प्रश्नको उत्तर ठूलठूला मान्छेले पनि दिन सक्दैनन् । हामीमध्ये अधिकांश मानिस किन जन्मिएको हुँ र किन बाँचिरहेको छु भन्ने कुरासमेत थाहा नपाई मृत्यु वरण गर्छौं । त्यस अर्थमा मैले आजसम्म फिल्म नखेल्नुको कारण भन्न नसक्नु सामान्य हो ।

यसको गहिरो कारण भन्न नसके पनि सामान्य कारण भने दिन सक्छु । जतिबेला म कलाकारितामा प्रवेश गरें, त्यतिबेला मेरो सम्पर्क प्रगतिवादी स्रष्टाहरूसँग थियो । त्यो विचारमा आस्था राख्नेहरूको मत हुन्थ्यो, सिनेमा भनेको बुर्जुवाहरूको क्षेत्र हो । त्यही कारणले त्यतातिर ध्यान दिइएन । जब सिनेमाको माध्यमबाट पनि जनताका कुरा सम्प्रेषण गर्न सकिन्छ भन्ने बुझियो, त्यतिबेलासम्म म स्टेजमा उक्लिइसकेको थिएँ । सिनेमाभन्दा स्टेजमै मज्जा आउन थालिसकेको थियो ।

नढाँटी भन्नुपर्दा ममा आँट पनि नआएको हो । १२-२० का मञ्चहरूमा स्वतन्त्र उफ्रिँदै आएको म क्यामेराको फ्रेममा कैद हुन सकुँला र भन्ने लाग्यो । आफ्नै स्क्रिप्टमा फरर दौडने मलाई सट र कटमा अल्झिन सक्दिनँ जस्तो लाग्थ्यो । अझै पनि त्यस्तै लाग्छ ।

बाग्मती सफाइ अभियानका क्रममा एक दिन चलचित्रकर्मी रज्जु प्रधानसँग भेट भयो । सामाजिक, धार्मिक एवं व्यवहारिक रज्जु दिदीसँग अग्ला, कम बोल्ने तथा गम्भीर प्रकृतिका निर्देशक रामशरण पाठक पनि थिए, जसले बर्ल्डकप इन नेपाल, ठेगाना, प्रेमगीत-२ जस्ता चलचित्रको सफल निर्देशन गरेका छन् । कुरैकुरामा सफाइ अभियन्ताहरूले एउटा सन्देशमूलक चलचित्र बनाउनुपर्ने र मलाई अभिनय गराउने कुरा उठ्यो ।

मैले भनें, 'एउटा सक्रिय अभियन्तालाई असफल बनाउनु छ भने उसलाई मन्त्री बनाइदिनुपर्छ, रङ्गमञ्चको एउटा सफल कलाकारलाई सिध्याउनु छ भने सिनेमा खेलाउनुपर्छ ।' मेरो तात्पर्य म सिनेमाका लागि होइन, रङ्गमञ्चका लागि मात्र बनेको हुँ भन्ने बुझाउनु थियो । अरू अभियन्ताहरू सहमत भए पनि निर्देशक रामशरण पाठक मेरो कुरामा असहमत भए ।

पाठकले भने, 'बरु सिनेमाको मान्छेले रङ्गमञ्चमा काम गर्न नसक्ला, तर रङ्गमञ्चको मान्छेलाई सिनेमामा काम गर्न/गराउन बहुत सजिलो हुन्छ ।' दयाहाङ राई, प्रवीण खतिवडा, सुदाम सिके, विजय बराल, सरिता गिरी, दीपकराज गिरी, दीपाश्री निरौला आदि सफल चलचित्रकर्मीको उदाहरण दिँदै रामशरण जीले थपे, 'तपाईं जन्मिएको कलाकारिताका लागि हो, माध्यम मञ्च, टिभी वा ठूलो पर्दा जे पनि हुन सक्छ ।'

'ती साथीहरू बहुप्रतिभाशाली कलाकार हुन्, समूहमा काम गर्न सक्ने क्षमता छ, तर छाडा राँगोजस्तो स्वतन्त्र प्रस्तुति गर्ने एकल कलाकार हुँ । मलाई लाग्दैन कि म ठूलो पर्दामा टिक्न सक्छु ।' मैले आफ्नो कमजोरी सुनाएँ । रामशरणजीले भने, 'तपाईंको आत्मसमीक्षा आफ्नो ठाउँमा ठीक छ तर एउटा निर्देशकको दृष्टिकोणबाट हेर्दा जस्तोसुकै छाडा साँढेलाई पनि सिनेमामा सधाउन सक्छु ।'

यति भनेर उनले एउटा छोटो सिनेमा हेर्न दिए । 'दैलो' शीर्षकको उक्त चलचित्र जनयुद्ध र त्यसले ग्रामीण समाजमा पारेको सामाजिक, मानसिक, आर्थिक र मानवीय समस्यामा केन्द्रित थियो । कुनै संवादबिनाको दैलो कमै सिनेमा हेर्ने मेरो छोराले पनि पूरै हेर्‍यो । पहिलो पटक सिनेमा हेर्दा छोराले आँसुसमेत झार्‍यो । सबै नयाँ अनुहारको भूमिका रहेको दैलोमा उनीहरूको अभिनय उत्तिकै राम्रो छ । अर्को गज्जबको कुरा त के थियो भने ती सबै पात्रको पहिलो र अन्तिम चलचित्र पनि यही हो । भन्नुको अर्थ उनीहरू कोही पनि व्यवसायिक कलाकार थिएनन्, सबै सामान्य गाउँले थिए ।

प्रेमगीत-२ को विशेष शोमा रामशरणजीले फेरि भने, 'अब तपाईंले सिनेमामा काम गर्नुपर्छ ।' मैले भनें, 'मेरो सामाजिक चरित्र र सिनेमाको चरित्र मेल खानुपर्छ ।' रामशरणजीको भनाइ थियो,' तपाईंलाई सिनेमामा अर्को पात्रका रूपमा होइन, समाजले तपाईंलाई जुन रूपमा चिनेको छ, तपाईंबाट जे अपेक्षा राख्छ, त्यही रूपमै प्रस्तुत गर्ने हो ।'

यसरी म 'सयकडा १०' शीर्षकको चलचित्रमा समाहित हुन पुगे । अग्रज कलाकार राजाराम पौडेल भिनाजुसँग धेरै कुरा सिक्न पाएको छु । अमृत ढुंगाना, उत्सव न्यौपाने, अमित पोखेल, करुणा श्रेष्ठजस्ता युवा कलाकारसँग सहकार्य गरेको छु । बर्मिज नेपाली कलाकार सोनिया राइसँगको सहकार्यले संसारभरका नेपाली भाषालाई जोड्ने मेरो अन्तर इच्छा सुरु भएको छ ।

रङ्गमञ्च मेरा लागि पहिलो प्राथमिकता थियो, छ र रहनेछ । कलामार्फत सामाजिक परिवर्तन र भ्रष्टाचाररहित समाज निर्माण गर्ने सपना कहिल्यै मर्नेछैन । श्रमजीवी, सीमान्तकृत र विपन्न जनताको पक्षमा मेरो कलम, मेरो कला र मेरो कर्म चलिरहनेछ । मजदुरका क्याम्पहरूमा, किसानका खेतहरूमा, विद्यार्थीका स्कुलहरूमा, राष्ट्रसेवकका कार्यस्थलमा, देशभक्तहरूको त्यालीमा, अभियन्ताका अभियानहरूमा म सधैं भेटिनेछु । हुन त म बिजी छु तर साथै इजी पनि छु ।

जीवन र जगत्मा बाँच्ने मेरो आफ्नै सिद्धान्त छ । पर्दामा मानिसको रूप र संसारमा देखिने स्वरूपमा विरोधाभास हुनु हुँदैन । कलाजस्तै हुनुपर्छ बेहोरा पनि ।

म यो सिद्धान्तलाई हबहु लागू गर्न सक्छु/सक्दिनँ, त्यो आफ्ना ठाउँमा छ तर प्रयास गरे असम्भव छैन भन्नेचाहिँ सत्य हो । किनभने ओशोले यो विषयमा बडो सुन्दर विचार व्यक्त गर्नुभएको छ ।

भारतीय अभिनेता विनोद खन्नाले ओशोसँग सोधे, 'वास्तविक जीवन र अभिनय जीवनमा कसरी तारतम्य मिलाउने गुरुदेव ?' ओशोको देशना थियो, 'विनोद, अभिनय यसरी गर कि त्यहाँ तिमी वास्तविक जीवन बाँचिरहेका छौ र जीवन यसरी बाँच कि त्यहाँ अभिनय गरिरहेका छौ ।'



## महिला पत्रकारहरूले सगरमाथा आरोहण गर्ने

पाँच महिला पत्रकारको समूह सर्वोच्च शिखर सगरमाथा आरोहण गर्न प्रस्थान गरेको छ । 'फर्स्ट वुमेन जर्नालिस्ट्स एभरेष्ट एक्सपेडिसन-२०१८' शीर्षकको उक्त अभियानमा रोशा बस्नेत (राष्ट्रिय समाचार समिति), प्रियालक्ष्मी कार्की (न्यूज २४ टेलिभिजन), कल्पना महर्जन (मेघा टेलिभिजन), रोजिता बुद्धाचार्य (नेपाल टेलिभिजन तथा बीपी कोइराला मेमोरियल प्लानेटेरियम अब्जरभेटरी र विज्ञान सङ्ग्रहालय विकास समिति) एवं देउराली चाम्लिङ (स्वतन्त्र पत्रकार) संलग्न छन् । उनीहरूले प्रथम महिला पत्रकार सगरमाथा आरोहण-२०१८ को ब्यानरसहित 'समानताका लागि बुलन्द आवाज' भन्ने नारासहित विश्वको सर्वोच्च शिखर सगरमाथाको आरोहण गर्दैछन् । यो समूह सगरमाथाको चुचुरोबाट प्रत्यक्ष टेलिभिजन प्रसारण गरेर पत्रकारिता क्षेत्रमा नौलो आयाम थप्ने योजनामा रहेको रोशा बस्नेतले बताएकी छिन् ।


## मिस सुनार (विश्वकर्मा) नेपाल

दोस्रो संस्करणको मिस सुनार (विश्वकर्मा) नेपाललाई भिज्युअल जोनले आयोजना गर्ने भएको छ । प्रतियोगितामा भाग लिन चाहने सुनार समुदायका युवतीले वैशाख १० गते भित्र आवेदन दिइसक्नुपर्नेछ भने यो प्रतियोगितामा देशभरका १६ वर्षदेखि ३० वर्षसम्मका अविवाहित युवतीहरूले सहभागिता जनाउन सक्नेछन् । अडिसनपश्चात् १ महिनाको तालिमका साथमा फोटोसुट, भ्रमण, ट्यालेन्ट शो आदि सञ्चालन गरिने मिस सुनारमा कुल ३० जना प्रतियोगी पोखरामा हुने फाइनलमा उत्रने बताइएको छ ।




यात्रा सन्दर्भ

# लखनउमा पहले आप



किशोर नेपाल



न जाकत' अर्थात् सभ्य र शिष्ट सांस्कृतिक । यही हो सहर लखनउ । अवध राज्यको राजधानी लखनउका नवावहरू शासनमा भन्दा शिष्टाचारमा अलमलिन्थे रे । 'पहले आप-पहले आप' भन्दाभन्दै नवावहरूले राज्य गुमाएका किस्सा एवं किंवदन्तीहरू अहिलेसम्म पनि लखनउ र त्यो सहर वरपरका नगरहरूमा प्रचलित छन् । अवधका नवावहरूको अंग्रेजहरूसँगको युद्धमा अंग्रेजी फौजले लखेट्दा भाग्दै थिए एक जना नवाव । त्यही बेला उनको जुत्ता फुक्लियो । जुत्ता कसरी लाउने हो ? उनलाई आउँदैनथ्यो । उनी जुत्ता लगाइदिने सहयोगी नपाएपछि अंग्रेजको कब्जामा परे । 'किन भागेनौ तिमी ?' प्रश्नको जवाफमा उनले भनेका थिए, 'मेरो जुत्ता लगाइदिने कोही सहायक थिएन । म आफैं जुत्ता लगाउन सक्दिनथें ।'

नवावहरूका किस्सा एक होइन, लाखौं छन् । नवावका किस्सा र कहानीका पुस्तक हजारौंको संख्यामा लेखिएका छन् । नवावहरूको विलासपूर्ण जीवनको सम्झना भारतमा मात्र होइन, नेपालमा पनि गरिन्छ । नेपालगन्ज सहरको संरचना हेर्ने हो भने नवावकालीन महल र मकवराहरूको प्रभाव स्पष्ट देखिन्छ । नेपालगन्जको बजारमा बनारस सहरको गल्ली र लखनउ सहरको सौन्दर्यको प्रभाव प्रशस्त पाइन्छ । वास्तुकलाको अद्भुत नमुनाका रूपमा रहेका विशाल दरबारहरूको आधुनिकीकरण र प्रयोगले लखनउ सहरलाई जीवन्त बनाएको छ । इतिहासको सम्मान गर्न अलिकति पनि कन्जुसी गरेका छैनन् लखनवीहरूले ।

जसरी नेपाली जीवन हाम्रा नेपाली नेताहरूकै कारण ह्रासोन्मुख हुँदै गएको छ, त्यसरी नै नवावहरूको पतन नवावीकै कारण भएको थियो । उनीहरू आर्थिक एवं राजनीतिक गतिविधिहरूमा भन्दा बढी सांस्कृतिक र सांगीतिक विकासतर्फ ढल्किएका थिए । कवाव, मुजरा र सायरीको आकर्षणमा चुर्लुम्म डुबेका थिए । शक्ति र सत्ताको सुरक्षाको चिन्ता थिएन उनीहरूलाई । लखनउको विकास यही परिवेशमा भएको थियो । अहिले पनि लखनउले त्यो परिवेशलाई छाडेको छैन । जताततै पार्क र मनोरन्जन स्थलहरूको निर्माण हुन छाडेको छैन । खुला छ लखनउ । उत्तर भारतमा यत्तिको सफा, विकसित र सभ्य अर्को सहर छैन होला ।

नयाँ पुस्ताले भारतको सबैभन्दा ठूलो संघीय राज्य भएर पनि विकासको मामिलामा पछि परेको उत्तर प्रदेशलाई विकसित राज्यको अघिल्लो पंक्तिमा उभ्याउने भाषण गरे पनि नेतृत्वमाथि पुरानै पुस्ताले कब्जा जमाएको छ ।

'मेरा निर्वाचित सहयोगीहरू बेरोजगार छन् । म उनीहरूलाई विकासका काममा सक्रिय बनाउन खोजिरहेको छु,' भारतीय जनता पार्टीले चुनाव जित्नुअघि उत्तर प्रदेशका पुराना नेता मुलायम सिंह यादवका छोरा अखिलेश यादवले भनेका थिए । उनी निर्वाचित प्रतिनिधिलाई दायित्वविहिन राख्न चाहँदैनथे । निर्वाचित नेताहरूलाई विकासको केन्द्रबिन्दुमा निर्देशकको भूमिका दिएर राख्नुपर्छ भन्ने उनको सोच थियो । नाराले मात्र देश बन्दैन । विकासका प्राथमिकताहरू तोकिनुपर्छ । अखिलेशको हकमा यति भन्न सकिन्छ- उनलाई उक्त कुराको पूरा ज्ञान थियो, तर उनी हारे । नराम्रोसँग हारे ।

अखिलेश हारे पनि भारतका राजनीतिक दलहरूमा युवा पुस्ताको वर्चस्व बढ्दै गएको छ । विहारका नीतिश कुमार, उडिसाका नवीन पटनायक तथा उत्तर प्रदेशमा राहुल गान्धीलगायतका धेरै युवा नेताले राजनीतिको कठिन यात्रा तय गरेका छन् वा गर्दैछन् । यीमध्ये नीतिश कुमारलाई छाडेर सबैले आफ्ना पिताको उत्तराधिकारित्वमा पाएका छन् राजनीति । उत्तराधिकारित्व पाउनु नराम्रो होइन । पाएर सफल नै हुन सकिन्छ भन्ने कुनै सूत्र पनि छैन । उत्तर प्रदेशकै कुरा गर्ने हो भने दिग्गज नेता मुलायमसिंहका छोराले इन्दिरा गान्धीका नातिलाई बढारिदिए चुनावमा । जनताले राहुलको विकासको एजेन्डालाई अनुमोदन गरेन ।

अखिलेशका पिता मुलायम सिंह यादव समाजवादी नेता डा. राम मनोहर लोहियाका अनुयायी हुन । उनी प्रायः भाषणहरूमा डा. लोहियाको यो भनाइ- ज्यूँदो देशले (परिवर्तनका लागि) पाँच वर्ष पर्खिंदैन- भन्ने उल्लेख गर्छन् । डा. लोहियाले संसद्को पाँचवर्षे अवधि जनताको काम गर्नका लागि हो, काम नगर्ने सरकार हटाउन पाँच वर्ष कुरिरहनु जरुरी नभएको मान्यता स्थापित गर्नुभएको थियो भारतीय राजनीतिमा । राजनीति गर्ने मानिसले डा. लोहियाको यो वाक्यको मर्म र महत्त्व बुझ्नुपर्छ ।

संसारकै राजनीतिबाट पुस्ता बदलिँदैछ । राजनीतिका नयाँ परिभाषाहरू स्थापित हुने तरखरमा छन् । हाम्रो आफ्नै देशलाई हेरौं : काठमाडौं राजनीतिको केन्द्रबिन्दुमा छ, तर अहिलेको संघीय परिवर्तनपछि पनि राज्यहरूमा यसको प्रभाव घट्न थालेको छ । काठमाडौं अब राष्ट्रिय राजनीतिका महत्वपूर्ण विषयहरूमा सीमित हुँदै गएको छ भने यो स्वाभाविक हो । राजनीतिको विकासवादी धारको प्रभावले गणतन्त्रको लोकतान्त्रिक स्वरूपलाई निश्चित आकारमा ल्याउँछ । यसलाई सानो उपलब्धि भन्न मिल्दैन ।

नेपालमा नयाँ राजनीतिक नेतृत्व निखारिन र तिखारिन पाएको छैन । राजनीतिक आधारहरूलाई पुनः परिभाषित गर्नका लागि उपयोगी सावित हुन यो पुस्ता तिखारिनैपर्छ । यसका लागि नेताहरूले आफ्नो मनस्थितिमा परिवर्तन ल्याउनुपर्छ । चीनको राजनीतिमा नयाँ युवा नेतृत्व स्थापित हुँदै गएको छ । त्यहाँ कुनै समस्या छैन । उनीहरू जनताको आवश्यकताअनुसार रुपान्तरणमा लागेका छन् । भारतमा त्यही क्रम सुरु भएको अवस्थामा नेपालले नयाँ बाटो लिन सकेन भने हामी पछि पर्नेछौं, यसमा कुनै शंका नगरे हुन्छ ।

## प्रतिक्रिया




साप्ताहिकले राम्रा विषय उठान गर्दै आएको छ । अब आउने दिनमा युवा सरोकारका विषयलाई पनि प्राथमिकता दिनुपर्‍यो ।

**पीयूष कान्छो (अमृत चिमोरिया)**

धन्य यसपालिको मिस नेपालमा हाजिरीजवाफ प्रतियोगिता भएनछ (श्रृंखलाको शिरमा मिस नेपालको मुकुट) । पोहोर साल त मिस नेपाल होइन, मिस ट्यालेन्ट प्रतियोगिता भएको थियो ।

**साजन राई**

नयाँ पेसा, व्यवसायमा युवा पुस्ता आउनु भनेको सकारात्मक कुरा हो (यात्रा सन्दर्भ : नयाँ वर्षकी सुन्दरी) । नेपाल बाहिरभन्दा स्वदेशमै सम्भावना खोज्नु राम्रो ।

**अमृत सुनुवार**

प्रतिबद्धता जाहेर गर्न सजिलो छ (मंगल होस् : पीडामा प्रवेश निषेध छ) । पूरा गर्न भने चुनौतीपूर्ण हुन्छ । गजुरेलले उल्लेख गरेका प्रतिबद्धता लागू गर्न पाए जीवन नै अर्कै हुने थियो ।

**मदन लामा**

बितेको वर्ष केही सकारात्मक घटना भए (ठूला समाचार निर्माता) । सकारात्मक सन्देश पुऱ्याउने व्यक्ति एवं विषयहरू जति सक्दो बढी मिडियामा आउनुपर्छ ।

**सीता न्यौपाने, सावित्रा संग्रौला**

सबै सेलिब्रेटीका संकल्पले मूर्त रूप लिऊन् (नयाँ वर्ष नयाँ संकल्प) । अँटिका काम पूरा हुन् ।

**सबिन काफ्ले**

उत्कृष्ट अभिनेतामा पर्न सफल सबैलाई बधाई (वर्षका उत्कृष्ट अभिनेता) । नयाँ पुस्ताको प्रतिनिधित्व गर्न सफल युवाहरूलाई विशेष बधाई एवं शुभकामना ।

**सुमन अधिकारी**

मौलिक कथा एवं प्रभावकारी प्रस्तुति भयो भने नेपाली चलचित्रले पनि राम्रो व्यवसाय गर्न सक्छन् भन्ने राम्रो उदाहरण हो यो (व्यवसायका आधारमा उत्कृष्ट १० चलचित्र) । वर्षका उत्कृष्ट चलचित्रले हिन्दी वा अन्य चलचित्रको नक्कल गर्न जरुरी छैन भनेर प्रमाणित गरेका छन् ।

**कृष्णा पौडेल**

नेपाली संगीतका लागि यो सकारात्मक कुरा हो (नेपाली संगीतको ट्रेन्डिङ वर्ष) । प्रविधिले फड्को मारे सँगै केही विकृति पनि देखा परेका छन् । तिनलाई भने रोक्नुपर्छ ।

**सागर ज्ञवाली**

यो चलचित्रको ट्रेलरले नै धेरैको मन जितिसकेको छ (डमरुको डन्डीबियो) । आमदर्शकमाझ एक किसिमको उत्सुकता उत्पन्न भएको छ । लोप हुँदै गएको खेल डन्डिबियोलाई मनोरञ्जक ढंगमा समेटिएको होला भन्ने विश्वास छ ।

**प्रमिला कार्की**

२५ वर्षपछि सांगीतिक क्षेत्रमा फर्किएकोमा दिवाकर शर्मालाई बधाई एवं शुभकामना (२५ वर्षपछि तिर्खाकी पानी) । तपाईंका गीतले आम श्रोताको मन जित्न्- शुभकामना ।

**अमृत पुन**

मोडल अञ्जली लामा जिक्यू एवार्डबाट सम्मानित भएकोमा बधाई (अञ्जलीलाई जिक्यू एवार्ड) । अन्तर्राष्ट्रिय क्षेत्रमा तपाईंको चर्चा चुलिँदै जाओस् ।

**महेन्द्र खड्का**

यस्ता खालका महोत्सवले पनि अन्तर्राष्ट्रिय क्षेत्रमा नेपालको प्रचार-प्रसार गर्नेछन् ( अन्तर्राष्ट्रिय टाटु महोत्सव) । नेपालमा भएका प्रतिभाहरूले देश बाहिर पुग्ने गरी आफ्नो क्षमता देखाउँन सक्छन् । यो एक-अर्कासँग सम्बन्ध विकसित गर्ने उपयुक्त अवसर पनि हो ।

**वर्षा गिरी**

कसैमाथि प्रतिबन्ध गर्नु भनेको उसको चर्चा थप चुलिनु हो (प्रतिबन्धका बाबजुद) । यसबाट अप्रत्यक्ष रुपमा उसैलाई फाइदा पुग्छ ।

**पावना घिमिरे**

नेपालीहरूले बनाएका एप्स पनि उत्कृष्ट बन्न सफल हुनु खुसीको कुरा हो (चर्चामा आएका एप्स) । अन्तर्राष्ट्रिय बजारमा नेपाली एप्सको माग वृद्धि हुँदै जाओस् ।

**लक्ष्मण थापा**

twitter follow us on
twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



■ श्रृंखला खतिवडा, मिस नेपाल वर्ल्ड-२०१८

# प्रधानमन्त्री हुने रहर छ

२२ वर्षअघि हेटौंडामा जन्मिएकी श्रृंखला खतिवडा अघिल्लो बुधबार रातिदेखि मिस नेपाल वर्ल्ड-२०१८ का रूपमा चिनिन थालेकी छिन् । हेटौंडाबाट एसएलसी उत्तीर्ण गरेर काठमाडौं आएकी श्रृंखलाले प्लस टु तथा स्नातक तहको अध्ययन पूरा गरेपछि मिस नेपाल-२०१८ मा प्रतिस्पर्धा गरिन् । ५ फिट ७ इन्च अग्ली श्रृंखलाले जीवनमा पहिलो पटक कुनै सौन्दर्य प्रतियोगितामा सहभागिता मात्र जनाइनन्, त्यसमा सफलतासमेत हात पारिन् । एमाले सांसद विरोध खतिवडाकी छोरी श्रृंखलाकी आमा मुनु सिग्देल पनि राजनीतिकर्मी हुन् । २४ जना प्रतिस्पर्धीलाई पाखा लगाएर मिस नेपाल वर्ल्ड-२०१८ को उपाधि जित्न सफल श्रृंखलाले भविष्यमा आर्किटेक्चरका रूपमा देशको सेवा गर्ने लक्ष्य लिएकी छिन् ।

**मिस नेपाल वर्ल्ड-२०१८ को उपाधिलाई कसरी इन्जोय गरिरहनुभएको छ ?**

अहिले पब्लिकको आँखामा परिरहेकी छु । जिम्मेवारी बोध पनि भैरहेको छ । घरकी मात्र नभै देशकै छोरी हुँ भन्ने लागिरहेको छ । बाटोमा हिंड्दा धेरैले चिन्न थाल्नुभएको छ । सामाजिक सञ्जालमा फलोअर्स बढिरहनुभएको छ ।

**राजनीतिक पृष्ठभूमि भएको परिवारकी छोरी, ग्ल्यामर क्षेत्रमा कसरी आकर्षित हुनुभयो ?**

म मिस नेपाल ग्ल्यामरको क्षेत्र हो भनेर आएकी होइन । अहिले पनि म मिस नेपाललाई ग्ल्यामरको क्षेत्र मान्दिनँ । ग्ल्यामर एउटा पार्ट हो मिस नेपालको, तर ग्ल्यामर मात्र सबै कुरा होइन । मिस नेपाल देशकै एउटी महिला पात्र प्रतिनिधि हुन् भन्ने मेरो बुझाइ छ ।

**तपाई स्वयं मिस नेपालका लागि कसरी तयार हुनुभयो ?**

मिस नेपाल एउटा राष्ट्रिय स्तरको प्रतियोगिता हो । यहाँ आएपछि मेरो भ्वाइस पावरफुल हुनेछ भन्ने मलाई थाहा थियो । जति पब्लिकले चिन्नुहुन्छ, त्यति नै आफ्नो भ्वाइसले मान्यता पाउँछ भन्ने कुरा पनि मैले बुझेकी छु । त्यही कुरा मनन गर्दै म यो प्रतियोगिताका लागि तयार भएकी हुँ ।

**सांसद बुवा-आमालाई कसरी कन्भिन्स गराउनुभयो ?**

उहाँहरूलाई मैले म मिस नेपालमा ग्ल्यामर अथवा फेम हेरेर जान लागेकी होइन, म परिवर्तनको संवाहक बन्न जाँदैछु भनेर सम्झाएँ । मिस नेपाललाई एउटा सम्पूर्ण गुण भएकी महिलाका रूपमा हेरिन्छ । ममा पनि त्यो हुन सक्ने क्षमता छ भन्ने कुरा बुवा-आमालाई बुझाएपछि नै मैले यो प्रतियोगितामा सहभागिता जनाउने अनुमति पाएँ ।

**मिस नेपालमा सहभागिता जनाउने तयारी कति वर्ष पुरानो हो ?**

सोच त धेरै अघिदेखिकै हो । एसएलसी दिनुअघि नै कुनै न कुनै वर्ष मिस नेपालमा प्रतिस्पर्धा गर्नेछु भन्ने सोचिसकेकी थिएँ । यद्यपि मैले यसमा सहभागिता जनाउनुअघि आफूलाई योग्य बनाउनुपर्ने थियो । त्यसैले मैले पछिल्ला वर्षहरू पढाइ र करियरमै फोकस गरें । पृष्ठ ७ मा









■ मनिता देवकोटा, मिस नेपाल युनिभर्स - २०१८

# वर्थ डेकै दिन मिस युनिभर्स नेपाल

८ वर्षको उमेरमा १४ वर्षअघि बुवा-आमासँग अमेरिका पुगेकी गोरखाकी २२ वर्षीया मनिता देवकोटाले मिस नेपाल-२०१८ मा मिस नेपाल युनिभर्सको उपाधि जितेकी छिन् । दुई महिनाअघि बिदा मनाउन नेपाल आएकी मनिता त्यही क्रममा उनी मिस नेपालको अडिसनमा सहभागी हुँदै प्रतिस्पर्धाका लागि छनौट भइन् अनि ग्रान्ड फिनालेमा मिस नेपालको एउटा महत्वपूर्ण उपाधि (मिस नेपाल युनिभर्स) जितिन् ।

**मिस नेपाल-२०१८ को सहभागिता अचानक हो कि योजनाबद्ध ?**

शतप्रतिशत अचानक हो । अमेरिकाबाट भारत हुँदै काठमाडौं आउने दिनसम्म पनि मैले मिस नेपालमा भाग लिन्छु भन्ने कल्पनासम्म गरेकी थिइनँ ।

सहभागिता जनाउने अवसर कसरी प्राप्त भयो त ?

गत फेब्रुअरी महिनामा काठमाडौं आइपुग्दा मिस नेपालको अडिसनको सूचना सार्वजनिक भएको रहेछ । मैले रहरै-रहरमा अडिसनका लागि आवेदन दिएँ । छनौट हुन्छु कि हुन्न भन्ने दोधारमै अडिसन दिएँ, दुई दिनपछि आफू छनौट भएको खबर पाउँदा खुसीको सीमा नै रहेन ।

**छनौट हुन्न होला भन्ने पनि लागेको थियो ?**

मेरो तौल अलि बढी थियो । वजनकै कारण छनौट हुन्न कि जस्तो लागेको थियो, यद्यपि वजन घटाउने निर्देशनसहित प्रतियोगितामा छनौट भएँ । सात हप्ताको प्रशिक्षणका क्रममा मैले तौल घटाउने राम्रै मौका पाएँ ।

**दुई महिनाअघि कुन उद्देश्यले नेपाल आउनुभएको थियो ?**

पब्लिक हेल्थमा स्नातक तहको अध्ययन पूरा गरेपछि एक वर्षको 'ग्याप इयर' लिएर विश्व भ्रमण गर्ने योजना बनाएकी थिएँ । त्यसका लागि म साथीहरूसहित भारतको हैदराबाद पुगे । भारतसम्म आएपछि आफ्नो देश नेपाल नआउने कुरै थिएन । अमेरिकामै बसेर नेपालमा मैले एउटा सामाजिक काम गरिरहेकाले त्यसलाई नजिकबाट नियालौं भनेर पनि म नेपाल आएकी थिएँ ।

**कस्तो सामाजिक काम ?**

कलेजका साथीहरू मिलेर हामीले एउटा सामाजिक अभियान चलाई रहेका छौं । त्यसबाट संकलित रकमले पश्चिम नेपाल (वीरेन्द्रनगर) का चार जना बालिकालाई छात्रवृत्ति प्रदान गरेर अध्ययन गराइरहेका छौं । त्यसको नेतृत्व मैले नै गरेकी छु ।

**मिस नेपालको प्रशिक्षण कस्तो रह्यो ?**

अत्यन्त उपयोगी रह्यो । प्रशिक्षणमा सहभागि भएपछि नै मैले राम्रोसँग हाँस्न, बोल्न, बस्न, खान तथा हिँड्न सिकेंभन्दा फरक पर्दैन । त्यसबाहेक नेपालको पर्यटन,राजनीति, संघीयता, विकेन्द्रीकरण जस्ता महत्वपूर्ण विषयमा समेत ज्ञान हासिल भयो ।

**ग्रान्ड फिनालेको दिन कत्तिको आत्म विश्वासी हुनुहुन्थ्यो ?**

म मिस नेपालमा जित्नका लागि होइन सिक्नका लागि आएकी थिएँ । त्यसैले मलाई हारसँग एक प्रतिशत पनि डर थिएन । यही कुराले ममा प्रशस्त आत्मविश्वास भ्यो । अर्को रमाइलो कुरा ग्रान्ड फिनालेका दिन म २२ औं बर्थ डे मनाइरहेकी थिएँ । जन्मदिनको दिन मिस नेपालको स्टेजमा उपस्थित हुन पाउनु नै मेरा लागि सर्वाधिक खुसीको कुरा थियो । प्रतियोगितामा मिस नेपाल युनिभर्सकै एवार्ड जित्न सफल हुँदा त मेरो खुसीको सीमै रहेन ।

**आफ्नो सफलतालाई कसरी इन्ज्वाय गरिरहनुभएको छ ?**

मिस युनिभर्स-२०१८ मा नेपालको प्रतिनिधित्व गर्न पाउने कुरालाई मैले सबैभन्दा ठूलो उपलब्धिका रूपमा लिएकी छु । मैले आजसम्म नपाएको सम्मान पाएको अनुभव गरेकी छु ।

**मिस युनिभर्सको तयारी थाल्नुभयो ?**

करिब-करिब थालें भन्दा पनि हुन्छ । अघिल्लो वर्ष नगमा श्रेष्ठले पहिलो पटक मिस युनिभर्समा नेपालको प्रतिनिधित्व गर्नुभएको थियो । मैले त्यसलाई निरन्तरता दिने अवसर पाएकी छु । मिस युनिभर्सको यसपटकको थिम कन्फिडेन्ट्ली ब्युटिफुल भन्ने छ, त्यसैले मैले ग्ल्यामर र फिजिकमा विशेष ध्यान दिन थालेकी छु ।

# अग्ली केटीले केटा पाउँदैन भन्थे

काठमाडौंकी प्रिया सिग्देल प्रतियोगिताकै सबैभन्दा अग्ली प्रतिस्पर्धी हुन् । प्रतियोगि नम्बर-८ प्रिया ५ फिट ९ इन्च अग्ली छिन् । २३ वर्षीया प्रियाले डेभलपमेन्ट स्टडिजमा स्नातक गरेकी छिन् । सामाजिक अभियन्ताका रुपमा सक्रिय प्रिया गैरनाफामूलक संस्था हातीहातीकी सञ्चालिका समेत हुन् । उनी महिनावारी-स्वच्छतासम्बन्धी अभियन्तासमेत हुन् । सिग्देलले स्विट्जरल्याण्डमा सम्पन्न ग्लोबल चेन्ज मेकर फोरम तथा बंगलादेशमा सम्पन्न यूथ एक्सचेन्ज कार्यक्रममा नेपालको प्रतिनिधित्व गरिसकेकी छिन् । नृत्य तथा यात्रामा रुचि राख्ने प्रियाले सफल सामाजिक अभियन्ता बन्ने लक्ष्य लिएकी छिन् ।




■ प्रिया सिग्देल, मिस नेपाल अर्थ-२०१८

**कसरी यति अग्ली हुनुभयो ?**

वंशाणुगत गुणले होला । बुवा नै अग्लो (६ फिट) हुनुहुन्छ, हजुर बुवा पनि उत्तिकै अग्लो । त्यसबाहेक परिवारमा आमा, बहिनी तथा भाइ सबै अग्लै छौं ।

**अग्लो हुनुका फाइदा तथा बेफाइदा के-के पाउनुभयो ?**

पहिले-पहिले त निकै गाह्रो भएको थियो । असनतिर सपिङ गर्न जाँदा धेरै पटक सिलिङमा टाउको ठोक्किएको छ । मानिसहरूको बारीमा आलु फल्छ, मेरो चाहिं तालुमा धेरै पटक आलु फलेको छ । अग्ली भएकै कारण सुन्नुपर्ने विभिन्न प्रकारका टिका-टिप्पणीले मलाई टेन्सन नै हुन्थ्यो ।

**कस्तो टिप्पणी ?**

अधिकांशले एउटै कुरा दोहोर्‍याउँथे- 'आम्मामा, यति अग्ली ? यति अग्ली केटीले बिहे गर्ने केटा त पाउँछे ?' यस्ता टिप्पणीले मलाई आफ्नै उचाइप्रति दिक्क लगाउन थालेको थियो ।

**मिस नेपालमा कसरी आउनुभयो ?**

मिस नेपालमा भाग लिन मभन्दा पनि मेरा अभिभावकहरू बढी उत्साहित हुनुहुन्थ्यो । म अग्ली भएकै कारण परिवारका सबै जना मैले मिस नेपालमा भाग लिओस् भन्ने चाहनुहुन्थ्यो । यसपटक समय र अवसर जुरेकाले सहभागिता जनाएँ ।

**अडिसनको अनुभव कस्तो रह्यो ?**

अडिसन अलि अनौठो रह्यो । त्यहाँ युवतीहरूको भीड देखेर डर पनि लाग्यो, छनौट हुँला कि नहुँला भन्ने थियो । अडिसन छोटो थियो । त्यसक्रममा मसँग मेरो दाँतका बारेमा जिज्ञासा राखियो, मैले दाँतलाई मिलाइरहेकी छु भनें । त्यो लेभलमा मेरो दाँतका बारेमा चर्चा होला भन्ने मैले कल्पनै गरेकी थिइनँ । त्यसकारण पनि मैले अडिसनलाई अनौठो भनेकी हुँ ।

**प्रशिक्षण कस्तो रह्यो ?**

प्रशिक्षणमा मैले विश्वकै बारेमा जानकारी हासिल गरौंला भन्ने सोचेकी थिएँ, ठिक विपरीत मैले आफ्नै बारेमा पो थाहा पाउने मौका पाएँ । त्यसक्रममा मैले आफ्ना बारेमा सचेत हुने तरिका सिकें । आफू के बोल्दैछु, आफू कत्तिको जिम्मेवार छु जस्ता कुरा सिकाइयो । प्रशिक्षणले हामी आफैंलाई हाम्रो अनुहार देखाउने ऐनाको काम गरेको अनुभव भयो । त्यसक्रममै प्रतिस्पर्धीहरूबीच घुलमिल हुन पाइयो ।

**ट्यालेन्ट शोमा स्ट्यान्ड अप कमेडीको कन्सेप्ट कसरी आयो ?**

मलाई स्ट्याण्ड अप कमेडी असाध्यै मन पर्छ । म नेपालका सन्दिप क्षेत्री तथा भारतका जाकिर खानलाई फलो गर्छु । उनीहरूले गर्न सक्छन् भने मैले किन सक्दिन् भनेर ट्यालेन्ट शोमा हल्का रमाइलो गरिदिएको हो । त्यसक्रममा मैले आफ्नै हाइटका बारेमा कुरा गरेकी थिएँ ।

**मिस नेपाल अर्थका रुपमा आफ्नो नाम घोषणा हुँदा के गरिरहनुभएको थियो ?**

म त अरू नै कसैको नाम आयो भनेर ताली पो पिटिरहेकी थिएँ । छेउकी साथीले 'तँलाई बोलाएको हो, जा भनेपछि मात्र म अघि बढें ।'

**मिस अर्थ-२०१८ को तयारी थाल्नुभयो ?**

फिलिपिन्समा हुने उक्त प्रतियोगिताका लागि तयारी प्रारम्भ गरिसकें । अघिल्ला वर्षका प्रतियोगिताहरूको फुटेज हेर्दैछु । नेसनल कस्ट्युम, इको भिडियो जस्ता विषयमा ध्यान दिन थालिसकेकी छु । यसअघिका मिस नेपाल अर्थहरूसँग भेटेर उहाँहरूका अनुभव पनि ग्रहण गर्नेछु ।



पृष्ठ ५ बाट

पुल्चोक क्याम्पसबाट आर्किटेक्टमा स्नातक गरेपछि वर्ष २०१८ को मिस नेपालमा भाग लिन्छु भन्ने योजना थियो । त्यही अनुसार यो वर्ष सहभागिता जनाएकी हुँ ।

**स्कुल तथा कलेजमा तपाई कुन श्रेणीको विद्यार्थी हुनुहुन्थ्यो ?**

स्कुलमा ठीकै थिएँ । कक्षा ५ मा पुगेपछि भने मैले मेहनत गर्न थालें । त्यसपछि म टप फाइभमा पर्न थालें । एसएलसी र प्लस टुमा डिस्टिङ्सन ल्याएँ । स्नातकमा त कलेज नै टप गरें । यी सबै उपलब्धि मेरो कठोर मेहनतकै प्रतिफल थिए ।

**पढ्ने शैली कस्तो थियो ?**

एसएलसी र प्लस टुको बेला दिनरात नभनी पढें । पढ्दा-पढ्दै म त्यहीँ किताबसँगै निदाउँथें र ब्युँझिनेबित्तिकै फेरि पढ्न थाल्थें । स्नातकको आर्किटेक्टको पढाइ अझ गाह्रो थियो । कति रात त एक घण्टा पनि नसुती बिताएकी थिएँ । त्यो पाँच वर्षको अवधिमा बिहानको तीन-चार बजेसम्म पढ्नु मेरो रुटिन नै थियो ।

**एसएलसी दिनु अघिसम्म कस्तो योजना बनाउनुभएको थियो ?**

मलाई त पाइलट बन्ने ठूलो रहर थियो । घरमा पनि कुरा गरेकी थिएँ । त्यतिबेला पाइलट पढ्न ४०-५० लाख रुपैयाँ लाग्छ भन्ने सुनेकी थिएँ । बुवालाई 'मलाई पाइलट पढाउन सक्नुहुन्छ त ?' भनेर सोधेकी पनि थिएँ । बुवाले रहरै गर्छेस् भने त जसरी पनि पढाउनुपर्छ भन्नुभएको थियो । अर्को मनले चाहिं पाइलट पेसा अलि असुरक्षित हुन्छ पनि भन्थ्यो । अरू विषयमा स्नातक गरेर पनि पाइलट कोर्स गर्न सकिन्छ भन्ने कुरा बुझेपछि मैले त्यो रहर त्यागें र आर्किटेक्ट बन्ने निर्णय गरें ।

**भनेपछि मिस नेपाल खासै प्राथमिकतामा थिएन ?**

त्यस्तो होइन । सानै छँदा हेटौंडाको बजारमा आमासँग हात समाएर हिँड्दा मानिसहरूले 'ओहो, छोरी त कस्ती राम्री, मिस नेपालजस्ती...' भनेको सुन्दा मनको एउटा कुनामा ठूली भएर मिस नेपाल नै पो बन्नु पर्छ कि क्या हो भन्ने धारणाचाहिं विकसित भैरहेको थियो ।

**तपाई कस्तो स्वभावकी युवती ?**

म साधारण छु, आत्मीय अनि सकारात्मक पनि छु । सबैसँग सहजै घुलमिल हुन सक्ने स्वभावकी छु । मिलनसार पनि छु । म साथीहरूको सानो सर्कलमा रमाउने मान्छे हुँ । म धेरै ठूल्ठूला कुराको सौखिन पनि छैन । ग्याजेटदेखि पहिरनसम्म मलाई साधारण कुरा नै मनपर्छ ।

**साथीहरूको सर्कल कस्तो छ ?**

साथीहरू पनि म जस्तै छन् । तीमध्ये एक जना बेस्ट फ्रेन्ड छिन्- चाहना पौडेल । उनी र म नर्सरीदेखि स्नातकसम्म सँगै पढेका हौं ।

**मिस नेपालको प्रशिक्षणले श्रृंखलालाई के फाइदा पुर्‍यायो ?**

प्रशिक्षणका क्रममा हामीले आफैंलाई चिन्ने मौका पायौं । आफू जे हो, त्यसलाई स्वीकार गर्न सक्नुपर्छ भन्ने सबैभन्दा ठूलो शिक्षा पायौं । आफूलाई स्वीकार्दै आफैंप्रति गौरव गर्न सिक्यौं । हामीले पछि गएर समाजकै नेतृत्व गर्न सक्छौं भन्ने आत्मविश्वास बढ्यो । त्यो प्रशिक्षणले हामीमा क्षमता छ भन्ने कुरा पनि उजागर गरिदियो । आफूलाई कसरी प्रस्तुत गर्न सकिन्छ, आफ्नो आत्मविश्वास कसरी बढाउन सकिन्छ भन्ने कुरा सिकियो । महिला हुनुको अर्थ बुझ्न पाइयो । महिलाको पक्षमा बोल्ने सक्ने शक्ति प्रदान गर्‍यो । सोच्ने क्षमतामै परिवर्तन आयो । त्यसबाहेक पहिरन, मेकअप, क्याटवाकजस्ता कुरा त सामान्य नै भए ।

**मिस नेपालको पहिलो खुड्किलो अर्थात् अडिसन कस्तो रह्यो ?**

अन्नपूर्ण होटलमा सम्पन्न अडिसनमा हाम्रो प्रोफाइल परिक्षण गरियो । हाम्रो बायोडाटा तथा तस्बिर हेरेपछि सामान्य प्रश्नोत्तर भयो । मसँग मेरै क्षेत्र अर्थात् आर्किटेक्टका कुरा सोध्नुभयो । राणाकालीन समयका भवनहरू भत्काइएको विषयमा जिज्ञासा राखिएको थियो ।

**प्रशिक्षणका क्रममा भोगेका तीता-मीठा अनुभव कस्ता रहे ?**

मेरा लागि त सम्पूर्ण प्रक्रिया नै नयाँ थियो । प्रतिस्पर्धी साथीहरू नयाँ थिए, क्षेत्र नै नयाँ थियो । कतिपय प्रतिस्पर्धी मोडलिङ पृष्ठभूमिको हुनुहुन्थ्यो भने कतिपय अभिनय पृष्ठभूमिको । ग्ल्यामर पृष्ठभूमि नभएको त म एक्ली नै थिएँ जस्तो लाग्छ । ग्ल्यामर क्षेत्रको अनुभव नभएकै कारण कतिपटक त साँझमा घर पुगेपछि भोलिपल्टदेखि प्रशिक्षणमै नजाऊँझैं लाग्थ्यो । मैले आमालाई समेत प्रशिक्षणमा नजाने कुरा बताएकी थिएँ । म हरेक क्षेत्रमा टप हुने भएकाले म यसमा फिट हुन सक्दिनँ कि भन्ने पनि लाग्थ्यो । यद्यपि भोलिपल्ट बिहान उठेपछि म पुनः प्रशिक्षणका लागि तयार हुन्थें ।

पृष्ठ ८ मा






■ रोनाली अमात्य, मिस नेपाल इन्टरनेसनल -२०१८

# मिस इन्टरनेसनलको तयारी थालिसकेकी छु

**बबरमहल, काठमाडौंकी २२ वर्षीया रोनाली अमात्यले मिस नेपाल-२०१८ मा मिस नेपाल इन्टरनेसनलको उपाधि जितेकी छिन् । उपाधिसँगै रोनालीले जापानमा हुने मिस इन्टरनेसनल-२०१८ मा नेपालको प्रतिनिधित्व गर्नेछिन् । मोडलिङमा सक्रिय रोनालीले यसअघि नै मिस इको इन्टरनेसनल तथा मोडल हन्टको उपाधि जितिसकेकी थिइन् । ५ फिट ७ इन्च अग्लो रोनालीले बीबीएम उत्तीर्ण गरेकी छिन् । युवाहरूलाई सशक्त बनाउने अभियानको नेतृत्व गर्ने लक्ष्य लिएकी रोनाली तप्रेरणादायक पुस्तकहरू पढ्न, अनुसन्धान गर्न तथा स्वस्थ खानेकुरा बनाउन रुचाउँछिन् । आफूलाई फिट राख्न सधैं तम्तयार हुने रोनाली आफूमा भएको आत्मविश्वास नै आफूलाई मिस नेपाल इन्टरनेसनलको उपाधि जिताउने प्रमुख माध्यम भएको बताउँछिन् ।**

**आफूले जितेको उपाधिप्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

उत्कृष्ट प्रस्तुतिका लागि गरिएको मेहनतपछि पाएको परिणामबाट अत्यन्त खुसी छु । सात हप्ता लामो कडा मेहनतपछि नेपालको प्रतिनिधित्व गर्दै अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउने मौका प्रदान गर्ने यो उपाधिप्रति मलाई गौरव छ ।

**यो प्रतियोगितासम्म कसरी आइपुग्नुभयो ?**

पहिलो कुरा त सानैदेखिको रहर हो । प्लस टु र स्नातक बैंगलोरमा गरेर स्वदेश फर्किएपछि मिस नेपालमा सहभागिता जनाउने बेला भयो भनेर नै मैले यसमा प्रतिस्पर्धा गरेकी हुँ ।

**यसअघिको सौन्दर्य प्रतियोगिताको सहभागिताले कत्तिको सहयोग पुर्‍यायो ?**

मैले सन् २०१६ मा मोडल हन्ट तथा अघिल्लो वर्ष मिस इको इन्टरनेसनलमा उपाधि जितेकी थिएँ । इको इन्टरनेसनलका रूपमा मैले इजिप्टमा नेपालको प्रतिनिधित्व गरिसकेकी छु । यी दुई प्रतियोगिताको सहभागिताले मलाई मिस नेपालमा उत्कृष्ट प्रस्तुति दिन ठूलो सहयोग पुर्‍यायो ।

**मिस नेपालको प्रशिक्षणबाट के-कस्ता कुरा सिक्नुभयो ?**

प्रशिक्षणले हिंड्ने, बस्ने र खाने मात्र होइन, विविध क्षेत्रका व्यक्तित्वले लिने कक्षा निकै फलदायी रहे । त्यो अवधिमा जीवनभरिलाई उपयोगी हुने कुरा सिक्न पाइयो । हरेक दिन केही न केही सिक्ने अवसर पाइयो ।

**ग्रान्ड फिनालेभन्दा अघिको अवस्था कस्तो थियो ?**

अन्नपूर्ण होटलको क्लोज क्याम्पमा हामीसँग मोबाइल फोनसमेत थिएन, अर्थात् हामी पूर्ण रूपमै ग्रान्ड फिनालेमा केन्द्रित थियौं । होटलको कोठादेखि खाना खाने ठाउँसम्म हामी फिनालेकै लागि तयारी गरिरहेका थियौं ।

**मिस इन्टरनेसनलको तयारी कसरी गर्दै हुनुहुन्छ ?**

मिस नेपाल सम्पन्न भएको भर्खरै एक साता बितेको छ । जापानमा आयोजना हुने मिस इन्टरनेसनलका लागि मैले अध्ययन थालेकी छु । अघिल्ला वर्षहरूमा भएका मिस इन्टरनेसनलका भिडियोहरू हेरिरहेकी छु । पहिलेका मिस इन्टरनेसनल नेपालहरूसँग छलफल पनि गर्दैछु ।

**मिस इन्टरनेसनलमा के कुरामा बढी ध्यान दिनुपर्ने रहेछ ?**

सांस्कृतिक आदान-प्रदान, प्रेम, शान्तिजस्ता विषयमा केन्द्रित हुनुपर्ने रहेछ । मैले तिनै कुरामा विशेष ध्यान दिने योजना बनाएकी छु ।

**मोडलका रूपमा कत्तिको सक्रिय हुनुहुन्थ्यो ?**

ती दुईवटा प्रतियोगिताबाहेक मैले आधा दर्जन फेसन शोमा क्याटवाक गरेकी छु ।

**एक वर्षपछि कुन क्षेत्रमा सक्रिय हुने योजना छ ?**

मोडलिङ मेरो प्यासन हो, त्यसलाई नियमित गर्न सक्छु । त्यसका साथै सचेतनाको क्षेत्रमा काम गर्ने योजना छ ।

**तपाईंको सकारात्मक पक्ष ?**

म सबैसंग घुलमिल हुन सक्छु, सबैसँग मित्रवत् व्यवहार गर्न सक्छु ।

**पृष्ठ ७ बाट**

यत्रो ठूलो सपना देखेकी मान्छे, सानो कुरामा हरेस खानु हुँदैन भनेर पुनः तम्तयार भएर प्रशिक्षणस्थलमा पुग्थें । यद्यपि सहज तरिकाले प्रशिक्षणमा सहभागी हुन तथा सबै प्रतिस्पर्धीसँग घुलमिल हुन मलाई झन्डै दुई साताको समय लागेको थियो ।

**कुनै विधामा अगाडि, कुनैमा पछाडि भएको अनुभव गर्नुभएको हो ?**

आर्थिक, सामाजिक, राजनीतिक एवं सांस्कृतिक विषयका कक्षाहरूमा म सधैं अगाडि हुन्थें भने मेकअप, फेसन, हेयर आदिका कक्षामा भने पछाडि पर्थें । एउटा सानो घटनाले भने मलाई प्रतिस्पर्धामा सक्रिय भएर सहभागि हुन शतप्रतिशत तयार गरायो । एउटा आउटडोर भ्रमणका क्रममा एक जना प्रशंसक बहिनीले सामाजिक सञ्जालमा मलाई पनि सम्भावित विजेताका रूपमा राखेर चर्चा भैरहेको जानकारी दिँदै केही मार्ग निर्देशनसमेत गरिन् ।

**उनले त्यस्तो के भनिन् त ?**

मैले उनलाई आफू क्याटवाक, फेसनजस्ता कुरा जति सिके पनि सिक्न नसकेको बताएकी थिएँ । उनले 'मान्छे पो राम्रो हुनुपर्छ, ती कुरा त सिक्यो भने जसले पनि सिकिहाल्छ नि' भनेपछि पो म झसंग भएँ । लाग्यो, त्यति सानो कुराका लागि म किन आत्तिएकी होला ? त्यसपछि भने मैले असाध्यै मेहनत गर्न थालें । निर्णायक प्रतियोगिताको पछिल्ला दुई-हप्ताको अवधिसम्म आइपुग्दा ममा धेरै परिवर्तन आइसकेको थियो ।

**प्रतिस्पर्धीहरूबीच एक-अर्कालाई गर्ने व्यवहार कस्तो पाउनुभयो ?**

सबैलाई अति नै मिलनसार पाएँ । एकले अर्कोलाई प्रतिस्पर्धीका रूपमा हेर्दै नहेर्ने । यो एउटा प्रतिस्पर्धा भएकाले मैले त्यति सहयोगी साथीहरू पाउँछु भन्ने अपेक्षा नै गरेकी थिइनँ । कसैको ड्रेस भएन भने आफ्नो ड्रेस दिने, केश बिग्रियो भने बनाइदिने, मेकअप गरिदिने अर्थात् हरेक कुरामा एक-अर्कालाई सहयोग गर्नुपर्छ भन्ने भावना बोकेका प्रतिस्पर्धीहरूलाई मैले साथीका रूपमा पाएँ ।

**निर्णायक प्रतिस्पर्धाभन्दा अघिको मनस्थिति कस्तो थियो ?**

ठ्याक्कै २४ घण्टा अघिदेखिको मनस्थिति बताउँदा रमाइलो होला । अन्नपूर्ण होटलमा हामीलाई डवल-डवल बेड दिइएको थियो अर्थात् हरेक कोठामा दुई-दुई जना प्रतिस्पर्धी थियौं । हामी २५ जना भएकाले मेरो कोठामा चाहिं तीन जना भयौं । मेरो भागमा सिंगल बेड परेको थियो । ग्रान्ड फिनालेको अघिल्लो राति सुत्ने बेलामा मैले प्रश्नोत्तरको नोटलाई सिरानीमुनि राखेर सुत्ने निर्णय गरें । म भगवान् र भाग्यमा विश्वास गर्ने भएकाले भोलिको दिन मेरा लागि भाग्यशाली होला कि भन्ने कल्पनामा डुबेकी थिएँ । भोलि सुत्ने बेलामा मिस नेपालको मुकुट यहीं राखेर सुत्छु भन्ने कल्पना गर्दै निदाएछु । त्यसको २४ घण्टा नबित्दै मेरो कल्पनाले साकार रूप लिइसकेको थियो । ग्रान्ड फिनालेको दिन बिहान चाँडै ब्युँझिएँ । ब्युँझिनेबित्तिकै आजको प्रतिस्पर्धा मैले नै जित्छु कि भन्ने भावना मनमा आएको थियो । त्यही कुराले होला फिनालेमा म अझ बढी आत्मविश्वासी भएकी थिएँ । बोल्न त रत्तिभर डर लागेन ।

**मिस नेपाल वर्ल्डको उपाधि आफैंले जित्दैछु भन्ने कुराको आभास कुन बेला भयो ?**

म टप १५ को जवाफबाट आफैंप्रति सन्तुष्ट थिइनँ । यद्यपि मेरो जवाफ त्यति नराम्रो पनि थिएन । टप सेभेनमा पुगें भनेचाहिं म जित्तै फर्कन्छु भनेर सहभागि केही साथीहरूलाई भनिसकेकी थिएँ । भाग्यवश म उत्कृष्ट सातामा परें । त्यहाँ पुगेपछि मेरो आत्मविश्वास अझ बढ्यो । अन्तिम चरणमा मैले दुई जना साथीको जवाफ सुन्न पाइनँ । बाँकी चार जनाको उत्तर सुनेपछि मैले दुईमध्ये एउटा उपाधि त पक्कै जित्छु भन्ने लाग्यो । मेरो जवाफ सुनेर दर्शकबाट आएको प्रतिक्रियाले पनि मेरो आत्मविश्वास बढाएको थियो । ब्याक स्टेजमा फर्कने बित्तिकै साथीहरूले नै बधाइ दिन थाले । यद्यपि नतिजा घोषणा हुन बाँकी नै थियो ।

**उपाधिको घोषणा हुनै लाग्दाको क्षण कस्तो रहयो ?**

मुख्य तीन स्पटको घोषणा भएलगत्तै मिस नेपाल वर्ल्डमा मेरै नाम घोषणा हुन्छ भन्ने कुरामा ढुक्क थिएँ । त्यसका लागि म आफ्नो पहिरन मिलाएर अघि बढ्न ठिक्क परिसकेकी थिएँ । उद्घोषकले मेरो नाम घोषणा गर्दा त खासै अनौठो लागेन, किनभने मैले त्यो क्षणको कल्पना पहिले नै गरिसकेकी थिएँ । मुकुट लगाउन अगाडि पुग्दा भने हल्का खुट्टा काँप्यो, ठीक त्यहीबेला झ्याप्पै बत्ती निभेको मौका पारेर मैले आफ्नो आँसु पनि पुछें । त्यसपछि त हाँसेको हाँस्यै भएँ । सबैलाई मनमनै धन्यवाद दिएँ ।

**प्रसंग बदलौं, बुवा-आमा नै राजनीतिमा हुनुहुन्छ । भविष्यमा तपाई पनि राजनीतिमा आउने सम्भावना कत्तिको छ ?**

राजनीतिमा आउने कुरा मैले अहिले नै सोचिसकेकी छैन । यद्यपि म हरेक व्यक्ति राजनीतिप्रति सचेत हुनुपर्छ भन्ने कुरामा विश्वास राख्छु । मैले राजनीतिलाई नजिकबाट नियालेकी छु । राजनीति बुझेकी छु । यद्यपि म अहिले नै राजनीतिमा आउँदिनँ । मैले आजको मितिसम्म कुनै पनि राजनीतिक दल वा तिनको भ्रातृ संगठनको सदस्यता लिएकी छैन ।

**राजनीति मन पर्दैन भन्न खोजेको त होइन नि ?**

विगतमा मैले राजनीतिमा त्यति सकारात्मक पक्ष देखिन । एक प्रकारले मलाई राजनीतिप्रति वितृष्णा नै थियो भन्दा फरक पर्दैन । सानैदेखि बुवा-आमा घरमा त्यति धेरै सँगै नबसेको देखेर राजनीति भनेको राम्रो होइन, आमा-बुवासँग बस्न पाइनँ भन्ने परेको थियो । यद्यपि अहिले आएर राजनीति भनेको अत्यन्त महत्वपूर्ण कुरा हो भन्ने त बुझें, सबै जना सचेत हुनुपर्छ भन्ने पनि बुझें, तर राजनीतिमै लाग्छु भनेर मैले सोच्न भ्याएकी छैन । सामाजिक कार्यकर्ताका रूपमा काम गर्न सक्छु, त्यसका लागि राजनीति नै गर्नुपर्छ जस्तो लागेको छैन । मलाई संघ-संगठनमार्फत कार्यकर्ताका रूपमा राजनीतिमा लाग्नु नै छैन ।

**भविष्यमा कुनै सम्भावना छ कि ?**

नहाँस्नुहोला, मलाई यो देशको प्रधानमन्त्री हुने रहर छ । हुन त यो रहर धेरैमा हुन्छ होला, तर ममा भने अलि बढी नै छ । अबको १५-२० वर्षपछि म प्रधानमन्त्री नै बन्छु कि ? यद्यपि त्यसका लागि राजनीति नै गर्नुपर्छ, तर मलाई राजनीतिमा चाहिं आउने मन छैन ।

**श्रृंखलाको सकारात्मक पक्ष के हो ?**

म जस्तोसुकै परिस्थितीलाई पनि सहजतापूर्वक ग्रहण गर्न सक्छु । जति नै ठूलो बज्रपात परे पनि दुई दिनपछि सामान्य भैसकेकी हुन्छु । सुखमा नमात्तिने र दुःखमा नआत्तिने मेरो अर्को राम्रो बानी हो ।

**कत्तिको फेसनेसनल हुनुहुन्छ ?**

पटक्कै छैन । आफूलाई सुहाउने पहिरन लगाउन पाए पुग्छ, फेसनलाई फलो गर्दिनँ ।

**मेकअपमा कति समय खर्चिनुहुन्छ ?**

म खासै मेकअप गर्दिनँ । आँखामा मस्कारा र गाजल लगाउँछु भने छाला मुलायम देखियोस् भन्ने चाहन्छु ।

**मिस वर्ल्ड-२०१८ को तयारी कहिलेदेखि थाल्दै हुनुहुन्छ ?**

नेपालको प्रतिनिधित्व हुने उक्त महत्वपूर्ण प्रतियोगिताको तयारी थालिसकेकी छु । त्यसका लागि रिसर्च गर्दैछु । ब्युटी विद पर्पसका लागि भूकम्पपछिको पुनर्निर्माणलाई मुख्य विषय बनाएकी छु ।

**चलचित्रमा आउने सम्भावना कत्तिको छ ?**

चलचित्रमा आउने सम्भावना अत्यन्तै कम छ । मलाई अभिनय गर्न आउँदैन । ब्रान्ड इन्डोर्समेन्टमा भने सहभागी हुन सक्छु ।

प्रस्तुति : कृष्ण भट्टराई

केवल एक प्रश्न

# २०७५ मा के गर्छु भन्ने आँट कस्नुभएको छ ?

भर्खरै विवाह गरेकी छु। त्यसैले ०७५ सालमा फेमिली प्लानिङतिर लाग्छु।

**अशिष्मा नकर्मी, अभिनेत्री**

देश विकास गर्ने आँट बोकेर बसेकी छु।

**कोमल वली, नेतृ**

आजभन्दा अघि मैले जति पनि चलचित्र बनाएँ, तिनले दर्शकलाई मनोरञ्जन मात्र दिए तर ०७५ मा चलचित्र 'क्याप्टेन' बनाउँदैछु। मेरो यो चलचित्र राष्ट्रियताले ओतप्रोत हुनेछ।

**भुवन केसी, अभिनेता**

राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानको केन्द्रीय कार्यालय भवन निर्माण प्रारम्भ गर्ने योजना छ भने नारीवादी तथा देउडा गीतहरू बजारमा ल्याउने अनि गीत-संगीतको माध्यमबाट राजनीतिक दल तथा नेताहरूलाई खबरदारी गर्ने।

**बद्री पंगेनी, गायक**

टेलिभिजन शोलाई निरन्तरता दिन्छु भने ०७५ सालमा चलचित्रमा डेब्यु गर्ने लक्ष्य लिएकी छु।

**पूजन थापा, कार्यक्रम प्रस्तोता**

मैले ट्रेडिङ, म्यानुफ्याक्चरिङ र टुरिज्ममा हात हाल्ने सोच बनाएकी छु। त्यसमध्ये २ वटा बिजनेसचाहिँ ०७५ मै सुरु गर्ने लक्ष्य छ।

**भवानी राणा, अध्यक्ष, उद्योग वाणिज्य महासंघ**

मैले अहिलेसम्म निर्माता तथा निर्देशकको सोचमा अभिनय गरिरहेकी थिएँ। अब ०७५ मा चाहिँ आफ्नै सोचमा एउटा चलचित्रमा अभिनय गर्ने लक्ष्य लिएकी छु।

**सौगात मल्ल, नायक**

०७५ मा स्नातक तह पूरा गर्दैछु भने चलचित्र 'हिरो नम्बर वान' मा अभिनय गर्नेछु।

**जान्हवी बोहरा, अभिनेत्री**

०७५ सालमा एउटा चलचित्रको स्क्रिप लेख्ने आँट कसेको छु। त्यस्तै नेपालका केही महत्वपूर्ण ठाउँ घुम्ने योजना छ।

**शिवहरि पौडेल, हास्यकलाकार**

'आधार भाग-२' एल्बम तयार पार्ने सोच बनाएकी छु।

**आस्था राउत, गायिका**

चलचित्रमा व्यस्त भएकाले देश-विदेशका थुप्रै सांगीतिक कार्यक्रममा भाग लिन पाइनँ, त्यसैले २०७५ सालमा देश-विदेशकै कार्यक्रममा केन्द्रित हुनेछु।

**स्वरूपराज आचार्य, गायक**

२०७५ सालमा नेपालका ७७ वटै जिल्ला पुग्ने योजना छ।

**प्रदीप पौडेल, कांग्रेस नेता**

यो वर्ष गीत-संगीतका अतिरिक्त कुनै सामाजिक विषयमा आधारित लघु चलचित्र बनाउने आँट कसेको छु।

**प्रकाश सपूत, गायक**

एउटा हिन्दी गीत रिलिज गर्ने तयारी गर्दैछु। त्यस्तै यही वैशाखमा पोखरामा देविका वन्दना एकल साँझ हुँदैछ। त्यसको पनि तयारी गर्दैछु।

**देविका बन्दना, गायिका**

साउथ अफ्रिका घुम्ने साह्रै रहर छ तर कार्यव्यस्तताले गर्दा भ्याएकी छैन। त्यसले २०७५ सालमा साउथ अफ्रिका पुग्ने सोच बनाएकी छु।

**ऋचा शर्मा, अभिनेत्री**

पहिलो कुरा त आफ्नो रिस कन्ट्रोल गर्छु। २०७५ सालमा सामाजिक विषयवस्तुमा आधारित एउटा राम्रो चलचित्र बनाउने लक्ष्य लिएकी छु।

**शिल्पा पोखरेल, अभिनेत्री**

२०७४ सालमा मैले ऐश्वर्य चलचित्र निर्माण गरें। त्यसबाट मैले जति अपेक्षा गरेको थिएँ त्यति सन्तुष्ट भइनँ। त्यसैले हिजोबाट सिक्दै २०७५ सालमा ऐश्वर्यभन्दा पनि उत्कृष्ट चलचित्र बनाउने लक्ष्य लिएको छु, जुन चलचित्र हेरेर दर्शकहरूले यस्तो पनि नेपाली चलचित्र बन्दो रहेछ भनेर प्रशंसा गरून्।

**रमेश उप्रेती, अभिनेता**

वि.सं. २०७५ मेरा लागि मिसन साइपालको वर्ष हुनेछ। यो वर्ष संसारका प्रख्यात आरोहीहरू बझाङ आउनेछन् र पाँच जना बझाङी चेलीसँगै साइपाल हिमाल चढ्नेछन्। बझाङका पाँच जना चेलीले संसारलाई यो प्रमाणित गर्नेछन् कि हिमालमा साक्षात् देवी समेत पुग्न सक्छन्। उनीहरूलाई अमुक जात वा छुवाछूतले कुनै छेकबार लगाउनेछैन।

**भोजराज भाट, सञ्चारकर्मी**







एउटा नयाँ उपन्यास लेख्ने आँट कसेको छु र यही वर्ष जर्मनीको पनि भ्रमण गर्नेछु।

**बुद्धिसागर, साहित्यकार**

अर्को एउटा घर किन्ने आँट कस्दैछु।

**आनन्द कार्की, गायक**

यो वर्ष मेरो पहिलो प्राथमिकता भनेको नयाँ-नयाँ गीत सार्वजनिक गर्ने नै हो। अर्को कुरा २०७५ सालको आधा वर्षजति नेपाल आइडलमै व्यस्त हुनेछु।

त्यसपछिको समय चाहिँ देश-विदेशका विभिन्न ठाउँको भ्रमण गर्ने योजना बनाएकी छु।

**इन्दिरा जोशी, गायिका**

२०७४ सालमा म धेरै कार्यक्रममा पुगें जसले गर्दा बिरामी नै भएँ। अब २०७५ मा स्वास्थ्यको ख्याल गर्छु। अर्को कुरा यो वर्ष नेपाली विषयमा स्नातकोत्तर गर्नेछु।

**पशुपति शर्मा, गायक**

२०७५ मा एउटा पुस्तक लेख्ने आँट कसेको छु। महत्वाकांक्षी जीवनबाट सामान्य र शान्त जीवन जिउने प्रयास गर्नेछु।

**मनोज पण्डित, निर्देशक**

रोजगारीमूलक प्राविधिक तालिमहरुमा प्रवेश परीक्षा तयारी कक्षा (Bridge Course) मा
निःशुल्क अध्ययनको अवसर

विगत वर्षहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल यस संस्थाले यस वर्ष पनि SEE परीक्षा दिई बसेका तथा SLC वा सो भन्दा माथिको शैक्षिक योग्यता भएका ईच्छुक व्यक्तिहरुलाई निम्न विषयहरुमा निःशुल्क प्रवेश परीक्षा तयारी कक्षाहरु सञ्चालन गर्न लागेको हुँदा तु.सम्पर्क राखी मौकाको फाइदा उठाउनुहोस्।

तयारी कक्षा सञ्चालन हुने विषयहरुः

| | |
|---|---|
| १. स्टाफ नर्स | ८. कृषि जे.टि.ए |
| २. डिप्लोमा इन फार्मेसी | ९. मेडिकल ल्याब असिस्टेन्ट |
| ३. नेत्र सहायक | १०. भेटेरीनरी जे.टि.ए. |
| ४. हेल्थ असिस्टेन्ट | ११. सि.एम.ए/ अ .हे .व |
| ५. रेडियोग्राफी | १२. सिभिल सब ओभरसियर |
| ६. ओभरसियर | १३. अ.न.मी. |
| ७. आई.एस.सी.एजी.कृषि/पशु विज्ञान | १४.अमिन |


सम्पर्क: कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि., काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म।
(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ)।



प्रयोग

# यस्तो पो भिडियो

एउटा म्युजिक भिडियोमा बढीमा कति जना कलाकारले अभिनय गर्न सक्छन् ? दुई-तीन अथवा आधा दर्जन । पुराना पप गायक दीपक बज्राचार्यले यसै साता सार्वजनिक गरेको 'मन मगन...' गीतको म्युजिक भिडियोमा १ सय ५० जना कलाकारले अभिनय गरेका छन् । दर्जनौं लोकप्रिय गीतका गायक बज्राचार्यले मन मगनको भिडियोमा विभिन्न संस्कृतिको चित्रण गर्ने प्रयास गरेका छन् । गीतले नचाउने मात्र होइन, संस्कृतिलाई समेत प्रस्तुत गर्ने जमर्को गरेको बज्राचार्यको भनाइ छ ।




ललितपुरको घनाबस्तीमा छायांकन गरिएको उक्त भिडियोमा कलाकारहरूको समुहले परम्परागत तथा आधुनिक शैलीको नृत्यलाई फ्युजन गरेका छन् । भिडियोमा ज्येष्ठ नागरिकहरूको आजुगणदेखि हिपहप, छलिया, झ्याउने, झ्याँक्री, लाखे, घिन्ताङ किसी, पुलुकिसी, धुनियाँ तथा धिमेनाच आदि प्रस्तुत गरिएको छ । गायक बज्राचार्यले भिडियोका लागि कृतिम जात्रा नै आयोजना गर्नु परेको बताए । बज्राचार्यकै संगीतको उक्त भिडियोलाई सुव्रतराज आचार्यले निर्देशन गरेका हुन् ।

मेरो रोजाइ



## दुर्गा खरेल

**गायिका**

| गीत | गायक/गायिका | संगीतकार |
|---|---|---|
| गहिरो गहिरो सागरजस्तै | उदित/दीपा | रञ्जित गजमेर |
| जहाँ छन् बुद्धका आँखा | भक्तराज आचार्य | भक्तराज आचार्य |
| तिमी रोएको पल | सुगम पोखरेल/अञ्जु पन्त | अर्जुन पोखरेल |
| तिमी नभए जिन्दगानी | उदितनारायण झा | रञ्जित गजमेर |
| काले काले | दुर्गा खरेल | अर्जुन पोखरेल |

कुराकानी

# विवादले थप चर्चा दियो

नेपाली सांगीतिक आकाशमा सङ्घर्षरत थिए गायक एकदेव लिम्बू । लिम्बू भाषाको पहिलो पपगायकका रूपमा आफूलाई स्थापित गर्दै हिट नम्बरको खोजीमा रहेका एकदेवलाई सिउँदो गीतले पर्याप्त चर्चा दियो । यस कुमारको शब्द तथा संगीतमा तयार भएको गीत सिउँदोमा कस्तो सिमाना कोरेछौ, यसअघि नै गायक बाबु बोगटीले आफ्नो एल्बममा समावेश गरेका थिए । सल्लाहबिना नै आफ्नो एल्बममा समावेश भएको गीत एकदेवलाई दिएकोमा बाबु आक्रोशित समेत भए । यस कुमारले पनि आफ्नो शब्द, संगीतको उक्त गीतलाई बाबुले बेवास्ता गरेका कारण नयाँ पुस्ताका एकदेवलाई गाउन दिएको प्रतिक्रिया दिएपछि गीतसँगै गायक एकदेव पनि विवादमा मुछिए । एकदेवको स्वरमा तयार गरिएको गीत सिउँदोले लाखौं भ्युज पाइसकेको छ । एकदेव पहिलो पटक विदेशको सांगीतिक कार्यक्रमका लागि हङकङ पुगेका बेला सोधिएका पाँच प्रश्न :

**सिउँदो गीतको चर्चाले नै पहिलो विदेशयात्रा तय गरेको हो ?**

हो, केही भूमिका अवश्य छ । सबैले मेरो स्वर, यसकुमार दाइको शब्द तथा कम्पोजमा तयार सिउँदो गीतलाई मन पराउनुभयो । हङकङमा पनि गीतको प्रभाव राम्रै पाएँ । सबैले स्यावासी दिनुभयो ।



तस्बिर : मनोज राई

**विवादले आलोचना होइन चर्चा कमाउनुभयो होइन ?**

वास्तवमा यो गीत किन विवादित भयो, म छक्क पर्छु । यसकुमार दाइले सिउँदो गीत बाबु दाइलाई दिँदा पनि कुनै स्वार्थबिना दिनुभएको थियो, मलाई पनि प्रयास गर न त भनेर दिनुभएको हो । उहाँहरू मिल्ने साथी पनि हो । हामीले गीत विवादित भएपछि यो गीतको पुरानो भर्सनमा बाबु बोगटीले स्वर दिनुभएको छ भनेर उहाँको नाम पनि हालिसकेका छौं तर जे जस्तो भए पनि उहाँहरू दुवै जना मेरा अग्रज हुनुहुन्छ । मलाई अझ फक्रने मौका दिनुभयो धन्यवाद ।

**तपाईंको सांगीतिक यात्रामा सिउँदो गीत टर्निङ प्वाइन्ट नै हो- होइन ?**

हो, म एउटा हिट गीतको खोजीमा थिए । पप संगीतमा आफूलाई अभ्यस्त बनाइ रहँदा यो मेलोडियस धारको गीतले मलाई भर्सटायल गायकको परिचय दिएको छ । जहाँ गए पनि सिउँदो गीत गाउन अनुरोध र सकारात्मक कमेन्टस् पाउँदा यो गीत मेरो सांगीतिक यात्राको एउटा टर्निङ प्वाइन्ट नै साबित भएको छ ।

**कसरी लिम्बू गीतलाई पप शैलीमा ढालेर पहिलो लिम्बू पपगायक बन्नुभयो ?**

म आफ्नो भाषा, संस्कृतिलाई अति नै माया गर्छु । लिम्बू भाषा तथा लिम्बू गीतलाई अहिलेको नयाँ पुस्ताले पनि अङ्गिकार गरुन र यसलाई फरक धारमा पनि सुनियोस भनेर मैले लिम्बू गीतलाई पप शैलीमा गाउने प्रयास गरेको हुँ । हाम्रो आफ्नोपन त छँदैछ तर यो शैलीलाई पनि धेरैले मन पराउनु भएको छ, खुसी छु ।

**अब के गर्दै हुनुहुन्छ ?**

भर्खरै कञ्चनजंगा सांस्कृतिक साँझमा सांगीतिक प्रस्तुतिका लागि हङकङ पुगेर आए । देशभित्रका कार्यक्रमहरूमा पनि सबैको माया पाइरहेको छु । सिउँदो गीतले पाएको सफलता र प्रोत्साहनबाट गीतको भिडियो निर्माण गर्नैपर्ने आवश्यकता महसुस भएको छ, अरू नयाँ गीतसँगै उक्त गीतको भिडियोको पनि तयारी गरिरहेको छु ।

अनोज रोक्का

म्यूजिक डायरी

## सांगीतिक अभियान


संगीतकार संघ नेपालले आज शुक्रबारदेखि मेची-महाकाली सांगीतिक अभियानको थालनी गर्दैछ । शुक्रबार साँझ आर्मी अफिसर्स क्लबमा गायक प्रेमध्वज प्रधानलाई अजर अमर सम्मानद्वारा सम्मान गर्दै यो अभियान प्रारम्भ हुनेछ । सम्मानअघि प्रधानलाई रथ यात्रामा सहभागी गराइने संघले जनाएको छ । साँझ पाँच बजेपछि प्रारम्भ हुने यो सांगीतिक कार्यक्रममा लोकप्रिय गायक-गायिकाहरूले प्रस्तुति दिनेछिन् । संघका अध्यक्ष लक्ष्मण शेषका अनुसार राष्ट्रिय एकता र सद्भावका लागि मेची-महाकाली सांगीतिक अभियान ७७ वटै जिल्लामा सञ्चालन गरिनेछ । कार्यक्रममा प्रेमध्वज प्रधान, दीप श्रेष्ठ, योगेश वैद्य, जेबी टुहुरे, नन्दकृष्ण जोशी, दीपक बज्राचार्य, शिशिर योगी, जेम्स प्रधान, प्रमोद खरेल, कुन्ति मोक्तान, राजेशपायल राई, मीना निरौला, उदय-मनिला सोताङ, सत्य-स्वरूपराज आचार्य, हरि लम्साल, वसन्त सापकोटा, मेलिना राई शशि रावल, बिन्दु परियार आदि गायक-गायिका सहभागी हुने बताइएको छ ।

## रत्यौली प्रतियोगिता

पोखराको हेम्जामा सञ्चालित नवौं राष्ट्रिय हेम्जा आलु महोत्सवमा आयोजित रत्यौली प्रतियोगितामा इन्द्रेणी आमा समूह प्रथम भएको छ । यसैगरी प्रतियोगितामा नमुना आमा समूह द्वितीय तथा गुप्त कालिका आमा समूह तृतीय भए भने उत्कृष्ट लुठोतर्फ सृजनशील आमा समूह एवं उत्कृष्ट दुलाहा-दुलहीतर्फ गन्धर्व आमा समूहले पुरस्कार जिते ।

## पथरीमा मन्त्र ब्यान्ड

नयाँ वर्षको स्वागतसँगै मोरङको पथरी, शनिश्चरेमा मन्त्र ब्यान्डले आफ्ना चर्चित गीतमार्फत दर्शकहरूलाई झुमायो । एक दर्जनभन्दा बढी गीत प्रस्तुत गर्ने क्रममा पर्याप्त वान्स मोर पाएको मन्त्र ब्यान्ड केही गीत दोहोर्‍याउन बाध्य भयो । एनआईसी कन्सर्ट-२०७५ शीर्षकको कार्यक्रममा दार्जीलिङको यो ब्यान्डले देशभक्तिले अभिप्रेरित गीतसमेत प्रस्तुत गरेको थियो । उक्त अवसरमा गायक विनोद खम्बुले समेत मनोरञ्जन प्रदान गरे ।



**मेलिनाको युगल :** नयाँ वर्षको पहिलो दिन गायिका मेलिना राईले गायक वीरेन्द्र श्रेष्ठसँग गाएको 'आँखा लाउँछन्..' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । अम्बिका गुरुङद्वारा रचना गरिएको उक्त गीतलाई शंकर थापाले संगीतबद्ध गरेका छन् । सञ्जय बराल उक्त भिडियोका निर्देशन हुन् ।

## भेडेटारमा कन्सर्ट

पाथीभरा क्लब भेडेटारको आयोजनामा नयाँ वर्ष-२०७५ को पहिलो दिन शनिबार बृहत् सांगीतिक कार्यक्रम सम्पन्न भएको छ । भेडेटारको मुख्य चोकमा आयोजित उक्त कार्यक्रममा गायक विनोद खम्बुले आफ्ना लोकप्रिय गीतहरू सुनाए भने गरिमा डान्स सेन्टर, धरानका कलाकारहरूले सांस्कृतिक तथा आधुनिक नृत्य प्रस्तुत गरी भरपुर मनोरन्जन प्रदान गरे । होटल एसोसिएसन भेडेटारले व्यवस्थापन गरेको उक्त कार्यक्रममा आगन्तुकहरू डिजे विशालको संगीतमा रमाएका थिए ।

## सिरुवामा कार्यक्रम

मोरङको रतुवामाईमा सिरुवा पर्वको अवसरमा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ । राजवंशी समाज विकास समिति तथा ताजपुरिया समाज कल्याण परिषद्द्वारा संयुक्त रूपमा आयोजित उक्त सांस्कृतिक कार्यक्रममा राजवंशी र ताजपुरिया समुदायका युवायुवतीहरूले जातीय पोसाकमा सजिँदै नृत्य प्रस्तुत गरेका थिए भने उक्त समुदायका गायकहरूले आफ्नै भाषाका गीतसमेत सुनाए ।

## पोखरामा कन्सर्ट

पप ब्यान्ड mt 8848 तथा पोखरेली न्यापर्स आशिष राना लाहुरेले पोखराको लामाचौरमा आयोजित तेस्रो संस्करणको लामाचौर साँझमा दर्शक एवं श्रोताहरूलाई भरपुर मनोरञ्जन प्रदान गरे । उक्त अवसरमा रोडिजका फस्ट रनर्सअप अमिनेश शाहीको प्रस्तुतिले समेत दर्शकको ध्यान खिच्यो । कार्यक्रममा इन्फेल्मलगायतका लोकल ब्यान्ड तथा विभिन्न स्थानीय कलाकारले समेत विधि प्रस्तुति दिएका थिए ।


KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
KANTIPUR MEDIA GROUP
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार | १ किलो सुन
हरेक महिना | १० तोला सुन
हरेक साता | १ किलो चाँदी
* सर्तहरू लागु हुनेछन् ।
जित्नुहोस १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
वायरलेस हेडफोन
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9845882313 (कपिल, भरतपुर), 9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौँका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

# २०७५ मा कस्ता चलचित्र आउँछन्

प्रि-प्रोडक्सन, छायांकन तथा पोस्ट प्रोडक्सनमा रहेका चलचित्रलाई आधार मान्ने हो भने वर्ष २०७५ मा कम्तीमा ८० वटा चलचित्र प्रदर्शन हुने सम्भावना छ । तीमध्ये छायांकनरत तथा प्रदर्शनको अन्तिम तयारीमा रहेका केही चलचित्रको छोटो विवरण यस्तो छ :



### कोहलपुर एक्सप्रेस

अभिनेत्री केकी अधिकारीद्वारा निर्मित चलचित्र 'कोहलपुर एक्सप्रेस' लाई विशाल भण्डारीले निर्देशन गरेका हुन् । प्रियंका कार्की, ऋचा शर्मा, केकी अधिकारी, रवीन्द्र झा, बुद्धि तामाङ, विनोद न्यौपाने, कुशाग्र भट्टराई आदि कलाकारले अभिनय गरेको यो हास्यप्रधान चलचित्र वैशाख १४ गतेदेखि प्रदर्शनमा आउनेछ ।

### ह्याप्पी डेज

वैशाख १४ गतेदेखि नै प्रदर्शन हुने चलचित्र ह्याप्पी डेजलाई मिलन चाम्सले निर्देशन गरेका छन् । बेलायतमा छायांकन गरिएको यो चलचित्रमा दयाहाङ राई तथा प्रियंका कार्की मुख्य भूमिकामा छन् ।

### पसिना

वैशाख १४ गते नै प्रदर्शनमा आउने चलचित्र पसिनालाई आरबी खत्री शरदले निर्देशन गरेका हुन् । मजदुर वर्गको कथा बोल्ने यो चलचित्रमा गौरव पहारी, अनु शाह, सरोज खनाल, रवि गिरि, ध्रुव कोइराला, सुरजनी केसी आदि कलाकारले अभिनय गरेका छन् ।

### हिरो रिटर्न्स

अभिनेत्री रेखा थापालाई लामो समयपछि दर्शकमाझ ल्याउने काम यही चलचित्रले गर्नेछ । अभिनेता सविन श्रेष्ठद्वारा निर्मित यो चलचित्रमा रेखा र सविनको जोडी बाँधिएको छ । यसअघि गत चैत महिनामै प्रदर्शनमा आउने भनिएको यो चलचित्र वैशाखको अन्तिम सातासम्ममा प्रदर्शन हुने अपेक्षा गरिएको छ । आशिष भेटवाल यो चलचित्रका निर्देशक हुन् ।

### हैरान

जेठ ४ गतेदेखि प्रदर्शनमा आउने चलचित्र 'हैरान' को निर्देशन कान्छा निर्देशक सौगात विष्टले गरेका हुन् । यो चलचित्रमा सरोज खनाल, सत्यराज आचार्य, निर्मल शर्मा, गजित विष्ट, सागर लम्साल, निश्मा घिमिरे, आरोही शर्मा, शिशिर भण्डारी आदि कलाकारले अभिनय गरेका छन् ।

### सुनकेशरी

अभिनेत्री ऋचा शर्माले अस्ट्रेलिया पुगेर छायांकन गराएको चलचित्र सुनकेशरी हरर शैलीको चलचित्र हो । अभिनेता अर्पण थापाद्वारा निर्देशित यो चलचित्रमा अभिनेत्री शर्मालाई डरलाग्दो रूपमा प्रस्तुत गरिएको छ । जेठ ११ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्र सिङ्नीको एउटा पुरानो दरबारमा बस्ने भूतमा केन्द्रित छ ।

### चंगा

कान्तिपुर टेलिभिजनबाट प्रसारण हुने हास्य शृंखला डिट्ठा सा'बका निर्देशक किशोर भण्डारीले निर्देशन गरेको पहिलो चलचित्र 'चंगा' जेठ ११ गतेदेखि प्रदर्शनमा आउँदैछ । हास्यप्रधान यो चलचित्रमा बुद्धि तामाङ, अंकित खड्का, लक्ष्मी बर्देवा, राजन खतिवडा आदि कलाकारले अभिनय गरेका छन् । चलचित्रको सांगीतिक पक्ष पनि उत्तिकै सबल भएको बताइन्छ ।


### ब्ल्याक

प्रदीप श्रेष्ठको निर्देशनमा तयार भएको चलचित्र 'ब्ल्याक' मा आकाश श्रेष्ठ तथा आँचल शर्माको जोडी फिचरिङ छन् । सुन्दर श्रेष्ठ, आयुष रिजाल, सुशील क्षेत्री, धीरेन शाक्य आदिले समेत अभिनय गरेको यो चलचित्र जेठ ११ गतेदेखि प्रदर्शनमा आउनेछ ।

### भैरे

सूर्य बोहराद्वारा निर्देशित चलचित्र भैरे जेठ १८ गतेदेखि प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा दयाहाङ राई, सुरक्षा पन्त, सुनील थापा, विकान्त बस्नेत, बुद्धि तामाङ आदि कलाकारले अभिनय गरेका छन् ।

### लम्फू



वैशाख २८ गतेदेखि प्रदर्शनमा आउने चलचित्र 'लम्फू' मा एउटा बेरोजगार युवाको संघर्षको कथा प्रस्तुत गरिएको छ । गोपालचन्द्र लामिछानेद्वारा निर्देशित यो चलचित्रमार्फत कबिर खड्का अभिनेताका रूपमा पदार्पण गर्दैछन् । उनलाई अभिनेत्री मरिष्का पोखरेललेसाथ दिएकी छिन् ।

### अमेरिका ब्वाइज

जेठ १८ गतेदेखि प्रदर्शनमा आउने चलचित्र अमेरिका ब्वाइजमा अर्पण थापा, सुनील थापा, सन्दीप क्षेत्री, कामेश्वर चौरसिया, हरिहर शर्मा आदि कलाकारले अभिनय गरेका छन् । प्रवेश पौडेलद्वारा निर्देशित यो चलचित्रले अमेरिका जान इच्छुक युवाहरूको कथालाई रमाइलो शैलीमा चित्रण गरेको छ ।

### ड्रिम गर्ल

निर्देशक ऋषिराज आचार्यको ड्रिम प्रोजेक्ट अर्थात् चलचित्र ड्रिमगर्ल प्रदर्शनका लागि तयार छ । स्वदेशदेखि विदेशसम्मका लोकेशनमा छायांकन गरिएको यो चलचित्र असार २९ गतेदेखि प्रदर्शनमा आउँदैछ । चलचित्र ड्रिम गर्लमा आकाश खड्का तथा आश्मा गिरि मुख्य भूमिकामा देखा पर्दैछन् ।

### सुश्री सम्पति

सञ्चारकर्मी निर्देशक सुब्रतराज आचार्यको सुश्री सम्पत्तिलाई सोसल कमेडी विधामा आधारित चलचित्र भनिएको छ । सम्पूर्ण छायांकन पोखरामा गरिएको यो चलचित्र साउनको अन्तिम साता प्रदर्शनमा आउनेछ । चलचित्र सुश्री सम्पत्तिमा विनोद न्यौपाने, सारा शिर्पाली, सलोन बस्नेत, प्रमोद अग्रहरि, राजाराम पौडेल, जयनन्द लामा, विशारत बस्नेत आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्र दुई बेरोजगार युवाले सम्पत्तिका लागि अविवाहित युवतीलाई मायाजालमा पार्न गरेको संघर्षमा केन्द्रित छ ।

### नाइँ नभन्नु ल-५

नेपालको सबैभन्दा लामो चलचित्र सिरिज अर्थात् विकास आचार्यको चलचित्र 'नाइँ नभन्नु ल-५' को छायांकन झापा तथा इलामतिर भैरहेको छ । यो चलचित्रमा दिलीप रायमाझी, प्रियंका कार्की, अनुभव रेग्मी, स्वस्तिमा खड्का, केकी अधिकारी, बुद्धि तामाङ आदि कलाकारले अभिनय गरेका छन् । 'नाइँ नभन्नु ल-५' भदौ ८ गतेदेखि प्रदर्शनमा आउनेछ ।

### ब्रेकअप

फागुनमा प्रदर्शनमा आउने चलचित्र 'ब्रेकअप' प्रि-प्रोडक्सनदेखि नै चर्चामा छ । आसिरमान देशराज जोशीले धेरै पारिश्रमिक लिएको भनिएको यो चलचित्रलाई रोहित अधिकारीले निर्माण गरिरहेका छन् । चलचित्र ब्रेकअपको निर्देशन हेमराज बिसीले गरिरहेका छन् ।

### राम कहानी

अभिनेत्री पूजा शर्माको चलचित्र राम कहानीलाई सुदर्शन थापाले निर्देशन गरेका छन् । यो चलचित्रमा अभिनेत्री शर्मासँगै आकाश श्रेष्ठ, जितु नेपाल, केदार घिमिरे, विल्सन विक्रम राई, राजाराम पौडेल आदि कलाकारले अभिनय गरेका छन् । भदौ २२ गतेदेखि प्रदर्शनमा आउने चलचित्र रामकहानीले तीजलाई लक्षित गरेको छ ।

### छक्का पञ्जा-३

छक्का पञ्जा शृंखलाको तेस्रो चलचित्र छक्का पञ्जा-३ को छायांकन प्रारम्भ हुन बाँकी नै छ, यद्यपि यसले चलचित्र क्षेत्रमा आफ्नै प्रकारको क्रेज कायम गरेको छ । यही वर्षको फूलपातीमा प्रदर्शनमा आउने यो चलचित्रको निर्देशन पनि दीपाश्री निरौलाले नै गर्दैछिन् भने दीपकराज गिरी, जितु नेपाल, केदार घिमिरे आदि कलाकार नै मुख्य भूमिकामा रहनेछन् ।

### डमरुको डन्डीबियो



वैशाख २१ गते प्रदर्शनमा आउन चलचित्र डमरुको डन्डीबियोले नेपालको पुरानो खेल डन्डीबियोको प्रचार गर्ने निश्चित छ । यो चलचित्र अभिनेता खगेन्द्र लामिछानेले डन्डीबियो खेलको जगेर्नाका लागि गरेको संघर्षको कथामा आधारित छ । छेतेन गुरुङद्वारा निर्देशित यो चलचित्रमा खगेन्द्रसँगै मेनुका प्रधान, बुद्धि तामाङ, अनुप बराल आदि कलाकारले पनि अभिनय गरेका छन् ।

### जय भोले

पुराना निर्माता तथा निर्देशक अशोक शर्माले झन्डै एक दशकपछि यही चलचित्रमार्फत रजतपटमा पुनरागमन गरेका छन् । दसैंको फूलपातीका दिन प्रदर्शनमा आउने यो चलचित्रको अधिकांश छायांकन पूर्वी नेपालमा गरिएको छ । चलचित्रमा सौगात मल्ल, खगेन्द्र लामिछाने, बुद्धि तामाङ, स्वस्तिमा खड्का, सलोन बस्नेत, राजाराम पौडेल आदि कलाकारले अभिनय गरेका छन् ।

### चंगा चेट

दीपेन्द्र के खनालद्वारा निर्देशित चलचित्र चंगा चेट पनि प्रि-प्रोडक्सनको समयदेखि नै चर्चामा छ । यो चलचित्रमा आयुष्मान देशराज जोशी तथा प्रियंका कार्कीले मुख्य भूमिका निर्वाह गर्दैछन् । यही वर्षको अन्त्यसम्ममा प्रदर्शनमा आउने यो चलचित्रमा वास्तविक जीवनका प्रेमी-प्रेमिकालाई दर्शकले रुचाउने हुन् कि होइनन् ? निर्क्यौल हुनेछ ।

### डामाडोल

चलचित्र दुई रुपैयाँको सफलतापछि आसिफ शाह, असिम शाह तथा निश्चल बस्नेत चलचित्र 'डामाडोल' लिएर दर्शकमाझ आउँदै छन् । असोजमा प्रदर्शन हुने यो चलचित्रमा आसिफ, निश्चल तथा स्वस्तिमा खड्काले मुख्य भूमिका निर्वाह गरिरहेका छन् ।

### भोर

तराईमा व्याप्त दाइजो प्रथालाई मुख्य विषय बनाइएको चलचित्र भोरलाई यादवकुमार भट्टराईले निर्देशन गरेका हुन् । यसअघि उनले चलचित्र झोलामार्फत दर्शकको मन जितिसकेका छन् । चलचित्र भोरमा रामनारायण ठाकुर, राजेश सक्सेना, डोलि सरकार, बीएन पटेल आदि कलाकारले अभिनय गरेका छन् ।

### क्याप्टेन

अभिनेता भुवन केसीले छोरा अनमोल केसीलाई लिएर निर्माण गर्न लागेको चलचित्र 'क्याप्टेन' पनि प्रि-प्रोडक्सनको क्रममै चर्चामा छ । दीवाकर भट्टराईले निर्देशन गर्ने यो चलचित्र वर्षको उत्तरार्द्धसम्ममा प्रदर्शनमा आउनेछ । चलचित्र क्याप्टेनमा अनमोल केसीले फुटबल खेलाडीको भूमिका निर्वाह गर्दैछन् ।

### रानी

मलिना जोशी तथा मनिष सुन्दर श्रेष्ठद्वारा अभिनित चलचित्र रानी असार ८ गतेदेखि प्रदर्शन हुँदैछ । विकास बस्याल यो चलचित्रका निर्देशक हुन् ।

### वीरांगना

शिल्पा पोखरेल तथा अनुप विक्रम शाहीको मुख्य भूमिका रहेको चलचित्र वीरंगना सफल चलचित्रको सूचीमा पर्न सक्ने सम्भावना छ । असार २९ मा प्रदर्शन हुने यो चलचित्रको निर्देशन राजकुमार सानेले गरेका हुन् ।

### २०७५ मा डेब्यु गर्नेहरू

**कविर खड्का**, अभिनेता
**चलचित्र**- लम्फू
**कुसुम श्रेष्ठ, तरकारीवाली**, अभिनेत्री
**चलचित्र** : लम्फू
**आश्मा गिरी**, अभिनेत्री
**चलचित्र**- ड्रिम गर्ल
**अभिषेक नेपाल**, अभिनेता
**चलचित्र**-नाइँ नभन्नु ल-५
**विशाल भण्डारी**, निर्देशक
**चलचित्र**-कोहलपुर एक्सप्रेस
**निकिता चाण्डक**, अभिनेत्री
**चलचित्र**-रानी महल
**जसिता गुरुङ**, अभिनेत्री
**चलचित्र** : लिलिबिली
**इच्छा कार्की**, अभिनेत्री
**चलचित्र** : ब्रेकअप
**रेवती क्षेत्री**, अभिनेत्री
**चलचित्र** : समर लभ
**मनोज गजुरेल**, अभिनेता
**चलचित्र** : सय कडा दस
**करुणा श्रेष्ठ**, अभिनेत्री
**चलचित्र** : सय कडा दस

## फिल्मी डायरी



### चंगाको गीत

जेठ २५ मा प्रदर्शनमा आउने चलचित्र चंगाको 'कम्पनी माला' गीतको भिडीयो सार्वजनिक भएको छ । उक्त भिडियोमा बुद्धि तामाङको गज्जबको नृत्य हेर्न सकिन्छ । डिट्ठा सा'बका रूपमा परिचित कलाकार किशोर भण्डारीले निर्देशन गरेको यो चलचित्रको गितमा राजनराज शिवाकोटीको संगीत तथा अञ्जु पन्तको स्वर सुन्न सकिन्छ ।

### सऱ्यो सुपर गोर्खे

वर्ष २०७४ को मंसिर २९ पछि २०७५ को वैशाख ७ गतेलाई प्रदर्शन मिति तय गरेको अभिनेत्री ऋचासिंह ठकुरी अभिनीत तथा निर्मित चलचित्र 'सुपर गोर्खे' को प्रदर्शन मिति पुनः सरेको छ । अब यो चलचित्र जेठ २५ गते प्रदर्शनमा आउने बताइएको छ । पारिवारिक तथा प्राविधिक कारणले चलचित्रको प्रदर्शन मिति पटक-पटक सार्नुपरेको निर्माता तथा निर्देशक गजेन्द्रराज थापाले बताए ।

### ३८ वर्षमा दयाहाङ

अभिनेता दयाहाङ राई नयाँ वर्षसँगै ३८ वर्षका भएका छन् । जन्मदिनका अवसरमा दयाले कुनै ठूलो कार्यक्रम भने आयोजित गरेनन् । भोजपुरको पश्चिमी गाविस खावा-५ मा जन्मिएका राई एक छोराका पिता हुन् । उनले युवा, हाम्रो टिम, दलनजस्ता टेलिफिल्ममा सानोतिनो भूमिका निर्वाह गर्दै अभिनय यात्रा प्रारम्भ गरेका हुन् । राईले अहिलेसम्म दर्जनौं चलचित्रमा काम गरिसकेका छन् भने केही वर्षअघि निर्माण भएको चलचित्र 'लुट' उनको सर्वाधिक सफल चलचित्र हो ।

### हाम्रो जीएफ

क्रेजी इन्टरटेनमेन्टले निर्माण गरेको छोटो चलचित्र 'हाम्रो जीएफ' सार्वजनिक भएको छ । उक्त सर्ट मुभी युट्युब च्यानलबाट वैशाख १ गते सार्वजनिक भएको हो, जसमा सन्तोष राई (छत्र), निशा इम्बुङ, करण धिताल, हिमाल राई, नरेन राई, पेम्बा शेर्पा तथा दिपेन घलेले अभिनय गरेका छन् । यो सर्ट मुभीको निर्देशन सञ्चारकर्मी सन्तोष राईले गरेका हुन् । निर्देशक राईका अनुसार यो छोटो चलचित्र टिनएजमा देखिएको सोसल मिडियाको क्रेज र त्यसको गलत प्रयोगले हुने नकारात्मक असरमा केन्द्रित छ ।

### प्रियंकाको प्रेममा को ?

४ पटक प्रदर्शन मिति सरेको चलचित्र ह्याप्पी डेजले आफ्नो दोस्रो ट्रेलर सार्वजनिक गरेको छ । वैशाख १४ गते प्रदर्शनमा आउने उक्त चलचित्रको दोस्रो ट्रेलर आकर्षक छ । ट्रेलरमा एक्सन, प्रेम तथा ड्रामा हेर्न पाइन्छ । ट्रेलरमा दयाहाङ राईको दोहोरो प्रेम देखाइएको छ । राई अभिनेत्री दीया पुन र प्रियंका कार्कीको प्रेममा दिवाना देखिन्छन् । यो चलचित्र त्रिकोणात्मक प्रेमकथामा आधारित छ ।

### हैरानको गीत

जेठ ४ गतेलाई प्रदर्शन मिति तय गरेको चलचित्र 'हैरान' को शीर्ष गीत सार्वजनिक भएको छ । नयाँ वर्ष २०७५ को सुरुवातमा सार्वजनिक भएको उक्त गीतमा शब्द तथा संगीत सत्यराज आचार्य र स्वरूपराज आचार्यको छ । सत्य-स्वरूपले सरगम आचार्य र बबिता मनाधरसँग मिलेर ती गीतमा स्वरसमेत दिएका छन् । गिरिश खतिवडाको ऱ्यापसमेत समाविष्ट उक्त गीतलाई राजन इशानले एरेञ्ज गरेका हुन् । गम्भीर विष्टको कोरियोग्राफीमा तयार गीतको भिडियोमा सरोज खनाल, सत्यराज आचार्य, निर्मल शर्मा, गजित विष्ट, सागर लम्साल (बले), निश्मा घिमिरे, एन्जल राई, शिशिर भण्डारी, आरोही शर्मा आदि कलाकार देखिन्छन् ।

### जय भोलेको टिजर

दसैंको फूलपातीदेखि देशैभर प्रदर्शनमा आउने चलचित्र 'जय भोले' को टिजर सार्वजनिक भएको छ, जुन हास्य संवादले भरिपूर्ण छ । निर्देशक, निर्माता तथा कलाकार अशोक शर्माले १२ वर्षको विश्रामपछि यो चलचित्र निर्देशन गरेका हुन् । टिजरमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र प्रथम महिला मेलानिया, सैफ अलि खान र करिना कपुर खान तथा महानायक राजेश हमाल र मधु भट्टराई हमालसँग माफी मागेको देखाइएको छ । टिजरमा अभिनेता सौगात मल्ल, खगेन्द्र लामिछाने, बुद्धि तामाङ फरक ढंगमा प्रस्तुत हुन्छन् ।

## रापती म्युजिक एवार्ड



रापती समाज काठमाडौंले विभिन्न विधाहरूमा एवार्ड वितरण गरेको छ । समाजले 'छैटौं राष्ट्रिय रापती म्युजिक एवार्ड-२०७४' का लागि विभिन्न ३७ विधामा ४२ जनालाई एवार्ड वितरण गरेको हो ।

उक्त अवसरमा यो वर्षको सर्वोत्कृष्ट नवगायिकाको एवार्ड सारिका घिमिरेलाई प्रदान गरिएको छ । घिमिरेले पहिलो एल्बम 'मोहनी' मा रहेको गीत 'के देखेर माया लायौ' बाट उक्त एवार्ड प्राप्त गरेकी हुन् । गायिका अन्जु पन्त तथा गायक अजर जंगम उत्कृष्ट गायक-गायिका बन्न सफल भए । संगीतकार हरि लम्सालले उत्कृष्ट संगीतकारको एवार्ड चुमे । त्यसैगरी गायिका टीका पुन तथा खुमन अधिकारी लोकदोहोरीतर्फ उत्कृष्ट गायक घोषित भए । सांस्कृतिक संस्थानसँगको सहकार्यमा आयोजित कार्यक्रममा वरिष्ठ वासुरिवादक प्रेम राणा औतारीलाई लाइफ टाइम अचिभमेन्ट एवार्ड प्रदान गरियो ।

राष्ट्रिय भावको गीतमा यम भण्डारी, चलचित्र गीत रचनाकारमा मुक्त उदास, चलचित्र संगीतकारमा अर्जुन पोखरेल, चलचित्र गायिकामा विन्दु परियार र चलचित्र गायकको सुरेश लामाले एवार्ड हात पारे । सुगम संगीत नव गायकमा रुद्रशेखर शर्मा, युगल गायनको यशराज कुमार तथा मेलिना राई पुरस्कृत भए ।

उक्त अवसरमा गजलतर्फ विपिन किरण, संगीत संयोजकतर्फ सुदीप सागर, ध्वनि मिश्रणतर्फ श्याम स्वेत रसाइली, नवप्रतिभातर्फ समीक्षा पौडेल, डायश्पोरिक गीतकारतर्फ राखी गौचन एवं राप्ती बहुमुखी प्रतिभामा सिर्जु अधिकारीले पुरस्कार प्राप्त गरे ।


रापती बाल प्रतिभाको एवार्ड सुप्रिया पाण्डेले पाइन् । सुगम गीत रचनाकारमा भावेष भुमरी, सुगम संगीत संगीतकारमा हरि लम्साल, म्युजिक भिडियो निर्देशकको क्रान्ति केसी सुगम संगीत म्युजिक भिडियोको उत्कृट मोडलमा सुष्मा अधिकारी र दुर्गेश थापा एवार्ड हात पारे । सुगम संगीत एल्बममा दीप दर्पण, पप गीतमा हिमाल श्रेष्ठ, म्युजिक भिडियो छायाँकारमा राजेश घिमिरे, म्युजिक भिडियो सम्पादकमा निशान घिमिरे, लोक गीतमा गणेश गुरुङ एवं लोकदोहोरी नवगायिकामा भूमिका गिरी पुरस्कृत गरिए ।

यसैगरी लोकदोहोरी नव गायकको एवार्ड यज्ञ विकले, लोकदोहोरी संगीत संयोजकको एवार्ड केशव बडुले, लोकदोहोरी शब्दको एवार्ड कस्तुप पन्तले, लोकदोहोरी भाकाको एवार्ड वसन्त थापाले, लोकदोहोरी गायिकाको एवार्ड टीका पुनले, लोकदोहोरी गायकको एवार्ड खुमन अधिकारीले तथा सुगम संगीत महिला मोडलको एवार्ड सारिका केसीले हात पारे । त्यस्तै लोकदोहोरी मोडलमा महेन्द्र गौतम, लोकदोहोरी भिडियो निर्देशकमा स्मृति तिमिल्सिना, एसएमएस एवार्डमा बवि गुरुङ पुरस्कृत भए भने सनम कठायतले जुरी एवार्ड प्राप्त गरे । उक्त अवसरमा पब्लिक च्वाइस एवार्ड राजनराज शिवाकोटी, एप्रिसिएसन एवार्ड शान्त शिशिर तथा देवराज आचार्य एवं इन्करेजमेन्ट एवार्ड सन्देश शाहले हात पारे ।



## विकेन्ड कमेडी







# फ्रेन्ड्स रेस्टुराँमा कमेडी शो

भोलि शनिबार ठमेलस्थित फ्रेन्ड्स रेस्टुरांमा स्ट्यान्ड अप कमेडी नाइटको आयोजना हुंदैछ जहां चार जना कमेडियन आबद्ध कमेडी टुकटुकले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्नेछ । यो शनिबारलाई सुखद र रमाइलो बनाउन चाहनुहुन्छ भने यो कमेडी शो हेर्न सक्नुहुन्छ ।

**समय :** साँझ ७ बजेदेखि १० बजेसम्म, **प्रवेश :** निःशुल्क **कलाकार :** आयुष श्रेष्ठ, रजिना श्रेष्ठ, अस्तित्व अधिकारी र फेडर इकेलर

## विकेन्ड ब्यान्ड



# धम्पुसमा लक्ष्य र देउराली

कास्कीको पर्यटकीय गाउँ धम्पुसमा आज लक्ष्य ब्यान्डले तथा भोलि देउराली ब्यान्डले प्रस्तुति दिनेछन् । वैशाख ४ गते प्रारम्भ भएको धम्पुस लालीगुराँस महोत्सव भोलि सम्पन्न हुनेछ । कास्कीको पृथ्वीनारायण मा.वि.को खेलमैदानमा आयोजित महोत्सवमा पुरुष तथा महिला भलिबल प्रतियोगिता, खुला लोकदोहोरी गीत प्रतियोगिता, झाँकी एवं कृषि तथा हस्तकला प्रदर्शनी, छेलो प्रतियोगिताका साथै दिनभर चल्ने विविध सांस्कृतिक कार्यक्रम विशेष आकर्षणमा छन् ।

## विकेन्ड जुस बार



# ठमेलमा नोम्याड्स नेक्टर

फिनल्यान्डबाट फर्किएका दुई जना युवा सन्तोष सेढाईं र समीर महर्जनले संयुक्त लगानीमा ठमेलमा नोम्याड्स नेक्टर जुसबार सञ्चालनमा ल्याएका छन् । यो जुस बारले स्वदेशी उत्पादनलाई प्राथमिकतामा राखेको छ । नेपालकै अर्गानिक फलफूलका जुस यो जुस बारको प्रमुख विशेषता हो । यहाँको जुसको स्वाद फरक र स्वास्थ्यका दृष्टिमा बढी फाइदाजनक भएको उनीहरूको दाबी छ । यो जुस बार बिहान १० बजेदेखि साँझ ७ बजेसम्म खुल्ला रहन्छ ।




**एबिस नेक्टर जुस :** २ सय ५० रुपैयाँ
**ओसी नेक्टर :** २ सय ५० रुपैयाँ
**मिक्स फ्रुट :** २ सय ५० रुपैयाँ

# लस्सी

इन्द्रचोकको चोकैमा छ- मीठो लस्सी । यहाँ निरन्तर ओहोर-दोहोर गरिरहनेहरूको ठूलै भीड रहन्छ । मीठो स्वादकै कारण उभिएरै लस्सी पिउनेहरु प्रशस्तै हुन्छन् । विगत ५ वर्षदेखि सञ्चालनमा रहेको मीठो लस्सीले राम्रो व्यापार गरिरहेको छ ।

**सानो ग्लास :** ४० रुपैयाँ
**ठूलो ग्लास :** ७० रुपैयाँ

## विकेन्ड अडिसन

एसईई परीक्षा दिएर बसेका विद्यार्थीहरूलाई एउटा अवसर छ । यदि तपाईंमा मोडलिङमा सक्रिय हुने चाहना छ भने मिस्टर एन्ड मिस एसईई-२०१८ को अडिसनमा भाग लिन सक्नुहुन्छ । थप जानकारी मिस्टर एन्ड मिस एसईई-२०१८ को फेसबुक पेजबाट लिन सकिन्छ । यो अडिसन भोलि शनिबार न्युरोडस्थित विशाल बजारको चौथो तलामा सञ्चालन हुनेछ ।

**समय :** दिउँसो ११ देखि ४ बजेसम्म
**आयोजक :** फेसन एरा



## विकेन्ड कन्सर्ट



# समर रेन डान्स पार्टी

भोलि शनिबार समर रेन डान्स पार्टीको आयोजना हुँदैछ । १८ वर्षभन्दा माथिका युवायुवतीहरूले मात्र प्रवेश पाउने यो पार्टीमा भिडियो डिजे ओम लामा, डिजे कान्छी तथा डिजे मिगलको डिजेइङमा रमाउन पाइनेछ ।

**समय :** राति ८ बजे, **स्थान :** ओजन डिस्को, लेकसाइड, पोखरा प्रवेश शुल्क : १ हजार रुपैयाँ

राजाराम पौडेल

## विकेन्ड लाइभ

# पापराजीमा लाइभ म्युजिक

ललितपुरको लखनथापाचोकस्थित पापराजी रेस्टुराँ एन्ड बारमा आज साँझ लाइभ म्युजिक प्रस्तुत हुँदैछ । लाइभ म्युजिकको आनन्द लिनुका साथै मीठा परिकारहरूमा रमाउन चाहनुहुन्छ भने पापराजीको कार्यक्रममा सहभागी हुन सक्नुहुन्छ । उक्त कार्यक्रममा कलाकार जिम्बालगायत अरूको पनि उपस्थिति रहने रेस्टुराँका सागर श्रेष्ठले बताए ।

**समय :** ६ बजे
**स्थान :** पापराजी रेस्टुराँ एन्ड बार, ललितपुर



चलचित्र





## हाइज्याक

**निर्देशक :** आकर्ष खुराना, **कलाकार :** सुमित व्यास, सोनाली सहगल, मंत्रा तथा कुमुद मिश्रा, **संगीत :** न्युक्लिया, श्वेतांग शंकर, स्लोचिता, रजत तिवारी, अनुराग सालकिया

हाइज्याक चलचित्रको कथा एक समस्याग्रस्त कर्मचारीको वरिपरि घुमेको छ। ती कर्मचारी एयरलाइन्समा कार्यरत हुन्छन्। केही व्यक्तिले एयरलाइन्सको अन्तिम उडानलाई अपहरण गर्छन्। त्यही अन्तिम उडानमा डिजे राकेश पनि सवार छन्। अपहरणकारीले अपहरण गरिसकेपछि उनले आफ्नो भाडा फिर्ता माग्छन्। केही रमाइला र केही अचम्मका मानिस पनि यही उडानमा छन्। विमान अपहरण भैसकेपछि केही यस्ता घटना देखा पर्छन् कि बिन्दास यात्रा गरिरहेका मानिसहरू एकाएक आश्चर्यको अवस्थामा पुग्छन्। जमिनबाट हजारौं फिटमाथि एउटा विशेष पार्टी सुरु हुन्छ अनि त्यसपछि के हुन्छ ? यस्तै रमाइला घटनामा आधारित यो चलचित्र आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ।

## आई फिल प्रिटी

**निर्देशक :** अब्बी कोहन **कलाकार :** एमी श्युमर, मिशेल विलिएम्स, एमिली रताज कोस्की।

आई फिल प्रिटी हास्य चलचित्र हो। अब्बी कोहनले मार्क सिल्वर्टिनसँग मिलेर संयुक्त रूपमा निर्देशन गरेको तथा कथा लेखेको यो चलचित्रको प्रतिक्षा पूरा विश्वकै फिल्मी बजारलाई छ। १ घण्टा १० मिनेट लामो यो चलचित्रमा एमी श्युमर, मिसेल विलियम्स, एमिली रताजकोस्की बाहेक रोरी स्कवल, एडी ब्रायन्ट, विजी फिलीप्स, टम हपपर, नाओमी क्याम्पवेल तथा नरेन हटन आदि कलाकारले पनि अभिनय गरेका छन् त्यसैले पनि यो चलचित्र हेर्न धेरै मानिस इच्छुक भएका हुन्। भोल्टेज पिक्चर्स तथा वन्डरल्यान्ड साउन्ड एन्ड भिजनको संयुक्त ब्यानरमा निर्मित यो चलचित्रले एक असुरक्षित महिलाको जीवनकहानीलाई रमाइलो ढंगबाट प्रस्तुत गरेको छ। ती महिलाले सुरुमा आफूलाई असुरक्षित माने पनि बिस्तारै आफू विश्वकै सुन्दर महिला हुँ भन्ने बुझ्छिन्। आज शुक्रबार नै अन्य दुई हलिउड चलचित्र सुपर ड्युपर्स-२ तथा टली पनि प्रदर्शनमा आउँदैछन्।

रंगमञ्च

## शिल्पीमा सखी



बत्तीसपुतलीस्थित शिल्पी थिएटरमा रमेश रञ्जनको लेखन तथा घिमिरे युवराजको निर्देशनको नाटक सखी भोलि शनिबारसम्म मञ्चन हुनेछ। नेपालमा भएको १२ वर्षे द्वन्द्वको कथामा आधारित उक्त नाटकमा रामभजन कामत, प्रियंका झा, पवित्रा खड्का, सविन कट्टेल आदि कलाकारले अभिनय गरिरहेका छन्। हरेक दिन ५:३० बजे मञ्चन हुने यो नाटकको अतिरिक्त शो शनिबार हुने बताइएको छ।

ग्यालरी

## आर्ट क्याम्प

हरेक वर्षझैं आर्टुडियोको आयोजनामा गत चैत १८ प्रारम्भ भएको लिटल पिकासो ११ औं श्रृंखला : स्पिड आर्ट क्याम्प-२०१८ चैत २७ गते सम्पन्न भएको थियो। विद्यालयको वार्षिक बिदा मनाइरहेका १४ जना बालबालिका आर्टुडियोको उक्त कला क्याम्पमा सहभागी भै वरिष्ठ कलाकार एवं फोटोग्राफरहरूसँग १० दिनसम्म रमणीय वातावरणमा साधनारत भए र अत्यन्तै रचनात्मक कलाकृति सिर्जना गर्न सफल भए। उक्त क्याम्पमा सिर्जना गरिएका कलाकृति वैशाख १ गतेदेखि एक सातासम्म स्वयम्भू, छाउनी हस्पिटल सडकस्थित आर्टुडियोको प्राङ्गणमा प्रदर्शनीका लागि राखिएको छ।



# २०७४ मा निरन्तर मञ्चन भए नाटक

भनिन्छ, साहित्य र रंगमञ्च समाजको ऐना हो। खासगरी रंगमञ्चमा रंगकर्मीहरू जसरी प्रस्तुत हुन्छन्, त्यसले समाजको कुनै न कुनै स्वरूप वा चरित्रको प्रतिनिधित्व गरेको हुन्छ। पश्चिमा रंगकर्मीहरूको धारणा के पनि छ भने जुन मुलुकमा रंगमञ्च सक्रिय र ऊर्जावान् हुन्छ त्यो मुलुक कहिल्यै सुस्ताउँदैन अनि गतिशील मुलुक नै आमनागरिकको सुख-दुःखसँगै हातेमालो गरेर अघि बढिरहेको हुन्छ।

### सुनिल पोखरेल

यो वर्ष रंगमञ्चमा लगातार नाटक मञ्चन भए। यो रंगमञ्चका लागि राम्रो संकेत हो। नाटकघर बनेपछि निरन्तरता दिनुपर्छ भनेर पनि यो वर्ष विभिन्न नाटक मञ्चन भए। मञ्चन भएका कतिपय नाटकले आम जनमानसमा राम्रै प्रभाव छाडे भने कतिपय नाटक केवल मञ्चन गर्नका लागि मात्र मञ्चन गरिए। यस्तो स्थितिले दर्शकहरूले रंगमञ्चलाई जति माया गरेको देखियो त्यो गुमाउनुपर्ने अवस्थासमेत सिर्जना हुन सक्छ। त्यसैले हामी सबै सुधिनु आवश्यक छ। यो वर्ष मैले हेरेकामध्ये अनिल सुब्बाको नाटक 'जिउँदो आकाश' र सुदाम सिकेले अभिनय गरेको 'म्याड म्यान्स डायरी'



असाध्यै राम्रा थिए। अहिले रंगमञ्चमा जस-जसले काम गरिरहनुभएको छ, उहाँहरूले नाटकका बारेमा गहिरो अध्ययन गर्नुभएको छ, यद्यपि कतिपय रंगकर्मीले चाहिँ आफूले सोचेको र अध्ययन गरेको कुरा ठीक हो कि होइन भन्ने पक्षमा पनि विचार गर्ने हो भने रंगमञ्च अझ राम्रो हुने थियो।

### सरिता गिरी

समग्रमा हेर्दा यो वर्ष राम्रा-राम्रा नाटक



मञ्चन भए भने राम्रा कलाकारहरूसमेत देखा परे। गुरुकुल बन्द भएपछि रंगमञ्च नै संकटमा परेको थियो। यद्यपि अहिले राम्रा-राम्रा थिएटर खुलिसकेका छन्। त्यस्तै, नयाँ विषयवस्तुमा आधारित नाटक मञ्चन हुने क्रम बढ्दो छ। कतिपय नाटकले थिएटरमा पर्याप्त दर्शक पनि ताने। नाटकमा कलाकार भन्दा पनि त्यसलाई कसले लेखेको छ र कसले निर्देशन गरिरहेको छ भन्ने कुराले ठूलो महत्व राख्छ। यो वर्ष मञ्चन भएका कतिपय नाटकमा त्यति धेरै मेहनत नभएको देखियो, जसले गर्दा दर्शकहरू भड्किने हुन् कि भन्ने डर पनि देखा पर्‍यो। यो वर्ष मण्डलामा बाह्र दुर्बासा, बोक्सीको घर, एन्टिगोनी, लाटीको छोरो आदि राम्रा नाटकहरू मञ्चन भए। त्यस्तै शिल्पी थिएटरमा माधवी, ययातीजस्ता नाटकले रंगमञ्चप्रति आममानिसलाई आकर्षित गर्‍यो।

### राजन खतिवडा

यो वर्ष थिएटर ओलम्पिकमा पाँचवटा नेपाली नाटकले सहभागिता जनाए। त्यस्तै, सर्वनाम थिएटरमा एकल नाटक महोत्सव भयो जुन नेपाली रंगमञ्चका लागि ठूलो उपलब्धि थियो। सर्वनामको महोत्सवले दर्शकलाई उत्साहित बनायो भने रंगकर्मीहरूलाई पनि नयाँ हौसला प्रदान गर्‍यो। यो वर्ष नाटकहरू निरन्तर मञ्चन त भए तर, कतिपय नाटक गत वर्षको तुलनामा कमजोर पनि देखिए। थिएटरमा नाटकहरू नियमित मञ्चन भैरहे तर शक्तिशाली नाटक कमै हेर्न पाइयो। यो वर्ष पोखरामा गन्धर्व नाटकघर खुल्यो भने आममानिसले रंगमञ्चलाई गम्भीर रूपमा लिन थालेको पाइयो। यो रंगमञ्चको अर्को सफलता हो, किनभने टेलिभिजन क्रान्तिपछि रंगमञ्च सुस्ताएको वा मानिसको रुची कम भएको अनुभव गरिएको थियो।

### विजय बराल

यसपालि रंगमञ्चमा नयाँ-नयाँ निर्देशकहरू देखा परे, नाटक पनि धेरै नै मञ्चन भए, तर मञ्चन भएका नाटकमा जति स्तरीयता हुनुपर्ने थियो, त्यति देखिएन। यो वर्ष कतिपय नाटक नयाँ ढंगले लेखिएको र नाटककारको मर्मअनुरूप मञ्चन भएको पाएँ। राजन खतिवडाले निर्देशन गरेको नाटक ट्वेल्भ एङ्ग्री म्यान निकै स्तरीय थियो। त्यस्तै, मण्डलामै मञ्चन भएको अर्को नाटक लाटीको छोरो पनि उम्दा थियो। यी नाटकले यो वर्ष रंगमञ्चमा राम्रै प्रभाव पारे। रंगमञ्चमा नयाँ-नयाँ नाटक नभएको समयमा नयाँ विषयवस्तुका नाटक मञ्चन भए, जसले रंगमञ्चमा राम्रा-राम्रा नाटककारलाई भित्र्यायो। रंगमञ्चका केही कलाकार चलचित्रमा पनि देखा परे। अहिले रंगमञ्चमा नयाँ-नयाँ कलाकारको आगमन हुन थालेको छ। कतिपय कलाकार रंगमञ्चलाई राम्रोसँग नबुझिकनै यो क्षेत्रमा होमिएको देख्दाचाहिँ रंगमञ्चमा विकृति देखा पर्छ कि भन्ने डर लाग्छ।

प्रस्तुति : महेश तिमल्सिना

सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक



# श्रृंखला खतिवडा

मिस नेपाल वर्ल्ड-२०१८





Log on to :
facebook
www.facebook.com\kantipursaptahik

तस्बिर : महेश प्रधान मेकअप : अम्बु रुचाल, मिरर ब्युटी स्टुडियो, मैतीदेवी पहिरन : सुष्मा सिंह, वुमन्स प्लानेट, घण्टाघर, दरबार मार्ग लोकेसन : अँगेनो, धोबीघाट, ललितपुर संयोजन : कृष्ण भट्टराई

# निर्देशक बन्ने प्रस्ताव



चलचित्र अभिनयबाट लगभग अलग हुन थालेका अभिनेता राजेश हमाल केही समययतादेखि फरक भूमिका खोजिरहेका छन् । यस क्रममा उनले कांग्रेसका स्वर्गीय नेता सुशील कोइरालादेखि एमाले अध्यक्ष केपी ओलीसँग सम्म सम्बन्ध बढाए । हमालले यसरी राजनैतिक सम्बन्ध बढाउनुलाई अहिले राजदूत पद ताकेको भनेर अर्थ्याइँदैछ । यद्यपि हमालको पारिवारिक पृष्ठभूमिले कूटनीतिक क्षेत्रसँगै सम्बन्ध राख्छ । उनका बुबा पाकिस्तानका लागि नेपाली राजदूत थिए । यसबीच चलचित्र निर्माण एवं निर्देशन गर्ने कुरा पनि उनको प्राथमिकतामा थिए । राजदूतको त थाहा भएन, तर अहिले आएर अभिनेता राजेश हमालले चलचित्र निर्देशन गर्ने प्रस्ताव पाएका छन् । हमालले साप्ताहिकसँगको कुराकानीमा आफूलाई चलचित्र निर्देशन गर्न प्रस्ताव आएको र त्यसमा औपचारिक निर्णय लिन बाँकी रहेको बताए । हमालले भने- अमेरिकामा रहेका शुभेच्छुकहरूले चलचित्र बनाउनुहोस्, ३ करोड रुपैयाँसम्म लगानी गर्न तयार छौं भनेका छन् । 'मैले यस विषयमा आधिकारिक निर्णय भने लिइसकेको छैन,' हमालको भनाइ छ ।



# निकिता अब अभिनेत्री

अन्ततः मिस नेपाल-२०१७ निकिता चाण्डकले नेपाली चलचित्रमा डेब्यु गर्ने पक्का भएको छ । मिस नेपाल-२०१८ को घोषणा भए लगत्तै निकिताले चलचित्रमा आउने बाटो खुला गरेकी हुन् । निकिताले छायांकनमा रहेको चलचित्र रानीमहलमार्फत अभिनयमा पदार्पण गर्न लागेकी हुन् । चलचित्रबाट वर्षा सिवाकोटी बाहिरिएपछि उनले निर्वाह गर्ने भूमिकामा निकिताले अभिनय गर्न लागेको बताइन्छ । मिस नेपालको एक वर्षे कार्यकाल सकिएको भोलिपल्टै चलचित्रमा आबद्ध हुने निकिता पहिलो मिस नेपालसमेत भएकी छिन् । गत आइतबार निर्माण पक्षसँग सम्झौतापत्रका हस्ताक्षर गरेकी निकिता यतिबेला चलचित्रको कार्यशालामा व्यस्त छिन् । निर्देशक हिमाल न्यौपानेका अनुसार निकिताले लगाउने पहिरन तयार भए लगत्तै उनी छायांकनमा सहभागी हुनेछिन् ।



# केकी दिदी

यता पहिलो पटक आफैंले निर्माण गरेको चलचित्र 'कोहलपुर एक्सप्रेस' प्रदर्शनको तयारीमा छ भने चलचित्रको प्रमोशनका लागि दौडधूप चलिरहेका बेला केकी अधिकारी भने सुटुक्क झापा पुगेकी छिन् । स्रोतका अनुसार उनी छायांकनरत नाइँ नभन्नु ल-५ का लागि त्यहाँ पुगेकी हुन् । केकीले उक्त चलचित्रमा स्वस्तिमा खड्काको दिदीको भूमिका निर्वाह गर्दैछिन् । यसअघि वर्षा राउतलाई यो भूमिकामा गरिएको प्रस्ताव उनले अस्वीकार गरेको खबर आएको थियो । वर्षाले छाडेको भूमिका निर्वाह गर्ने केकीले चलचित्र छायांकनमा जाने अघिल्लो दिन मात्र स्वीकृति प्रदान गरेकी थिइन् । केकीले 'नाइँ नभन्नु ल-५' मा दिदी बन्ने पक्का भएको हो त ? त्यसो हो भने अब उनलाई काकी, दिदी, फुपू, माइजू आदि भूमिकबाट भरमार प्रस्ताव आउने भए– पक्का ।



मलाई रिस उठ्छ

# जथाभावी ट्याग गर्दा रिस उठ्छ

**कुर्नुपर्दा :** कतिपयले भेट्नका लागि समय लिनुहुन्छ र त्यसका लागि एउटा समय तोकिन्छ, तर निर्धारित समयमा उहाँहरू उपस्थित हुनुहुन्न अनि कुर्नुपर्छ । मलाई चाहिं कसैलाई कुर्नुपर्दा निकै रिस उठ्छ ।

**फेसबुकमा ट्याग गर्ने :** कतिपय साथीले फेसबुकमा जथाभावी ट्याग गरिदिनुहुन्छ । आफ्नो व्यक्तिगत कुरा अरूकै वालमार्फत सार्वजनिक गर्ने यस्तो प्रवृत्ति देखेर मलाई साह्रै रिस उठ्छ ।

**भेरिफाई नगरी लेख्ने पत्रकार :** कतिपय पत्रकार साथीहरू हामीसँग कुराकानी गर्नुहुन्छ अनि त्यसमा हामीले नबोलेको कुरासमेत जोडेर मनगणन्ते स्टोरी लेख्नुहुन्छ । यसले हामीलाई निकै अप्ठ्यारोमा पार्छ, जसका कारण रिस उठ्नु स्वाभाविक हो ।

**व्यवहारमा लागू नगर्ने :** कतिपय साथीहरू अरूलाई चाहिं निकै अर्ती-बुद्धि दिनुहुन्छ तर त्यसलाई आफ्नै जीवनमा भने लागू गर्नु हुँदैन । त्यस्तो देख्दा कसको कन्सिरीको रौं नताल्ला ?

**देखासिकी गर्ने :** कतिपय मानिस आफूलाई राम्रो देखाउन अरूको देखासिकी गर्छन् । मलाई यस्तो स्वभाव भएका मानिसहरूदेखि साह्रै रिस उठ्छ ।



● सञ्चिता लुइँटेल, अभिनेत्री

# अनुपमाको महत्वाकांक्षा

अनुपमा भण्डारीले अभिनय गरेका कुनै पनि चलचित्र अहिलेसम्म प्रदर्शनमा आएका छैनन्, तर उनको व्यस्तता बढ्दो क्रममा छ । 'अग्निदहन' र 'पण्डित वाजेको लौरी' मा अभिनय गरिसकेकी भण्डारी केही स्टेज शोमा समेत व्यस्त छिन् । हालसालै उनी भारतमा सम्पन्न एक सांस्कृतिक कार्यक्रममा अभिनेता विराज भट्टसँग देखिइन् । नेपालका विभिन्न सहरमा हुने सांस्कृतिक कार्यक्रममा समेत प्रस्तुति दिइसकेकी छु, अनुपमाले भनिन्, 'आजभोलि केही स्क्रिप्टको काममा व्यस्त छु, विगतमा अभिनय गरेका चलचित्रको प्रमोसनलाई समेत समय दिनुपरेको छ ।' भक्तपुर बालकोटकी अनुपमा इमेज च्यानलबाट प्रसारित 'नेसनल एक्टिङ कम्पिटिसन' मा सहभागी हुने क्रममै चलचित्र अग्निदहनसँग अनुबन्धित भएकी हुन् । यो चलचित्रमा १७ जनाबाट मलाई छानिएको हो, उनले भनिन् । चलचित्र क्षेत्र भविष्य खोजीरहेकी अनुपमाले नृत्य भने सानैदेखि गर्दै आएको बताएकी छिन् । आकर्षक शारीरिक बनावट मात्र होइन, त्यति नै सुन्दर मुहारकी अनुपमा चलचित्र क्षेत्रमा लामो रेसकी घोडा हुन सक्छिन् कि सक्दिनन्, भविष्यले नै बताउनेछ ।



# जसिताको भाग्य

एक वर्षअघि बेलायतमा नेपाली युवा-युवतीहरूलाई समेटेर एउटा नृत्य प्रतियोगिता सञ्चालन गरिएको थियो । उक्त प्रतियोगिताका उद्घोषक थिए- सञ्चारकर्मी नरेश भट्टराई । विदेशमा बसोबास गरिरहेका नेपाली युवा-युवतीहरूको नृत्यलाई नजिकबाट नियाल्ने क्रममा नरेशको आँखा एउटी प्रतिस्पर्धी युवतीमाथि पर्‍यो, जसले एउटा नेपाली गीतमा कलात्मक नृत्य प्रस्तुत गरेकी थिइन् । सुन्दर मुहारकी ती युवतीलाई नरेशले अभिनयमा रुची छ कि छैन ? भन्ने जिज्ञासा राखे । उनले अभिनयमा रुचि भएको कुरा सुनाएपछि नरेशले निर्देशक मिलन चाम्ससँग उनको भेट गराए । निर्देशकसँग भेट भए लगत्तै ती युवती अर्थात् जसिता गुरुङ चलचित्र 'लिलिबिली' का लागि अनुबन्धित भइन् । स्कटल्यान्डमा छायांकन गरिएको उक्त चलचित्र एक सातादेखि सिनेमा हलमा प्रदर्शन भैरहेको छ । चलचित्र हेर्ने दर्शक तथा समीक्षकले जसिताको अभिनय, सौन्दर्य तथा व्यक्तित्वको खुलेर प्रशंसा गरिरहेका छन् । पहिलो चलचित्रबाटै प्रसस्त प्रशंसा बटुलेकी जसिताले अब बेलायतको बसाइ छोट्याएर नेपाली चलचित्रमै समय दिने निर्णयसमेत गरिसकेकी छिन् ।



# नम्रताको चरित्र

तपाईंलाई नम्रता श्रेष्ठको चरित्रका बारे के थाहा छ ? हामीले उनको व्यक्तिगत कुरा गर्न खोजेका होइनौं । हामी हाल छायांकन भैरहेको चलचित्र 'जायरा' तथा वैशाखको अन्तिमतिर फ्लोरमा जाने चलचित्र 'प्रसाद' मा नम्रताले निर्वाह गर्ने चरित्रका बारेमा कुरा गर्दैछौं । यी सुन्दर अभिनेत्री 'पर्व' पछि अन्य कुनै चलचित्रमा देखिएकी छैनन् । नम्रताले जायरामा बक्सरको भूमिका निर्वाह गरिरहेकी छिन् भने दिनेश राउतको प्रसादमा निसन्तान महिलाको भूमिका । हालै पत्रकारसँग भएको साक्षात्कारमा नम्रतासँग सोधिएको थियो, 'एकैपटक दुईवटा चलचित्रमा काम गर्दा असहज हुँदैन ?' नम्रताले भनेकी छिन्, 'मैले एकैपटक दुईवटा चलचित्रमा काम गर्न लागेकी होइन, जायराको छायांकन सकेपछि मात्र प्रसादमा काम गर्नेछु । यसले मलाई कुनै पनि रूपमा असहज बनाउने छैन ।'

# क्यारिकेचर गर्न नजान्ने खगेन्द्र



टलक जंग भर्सेस टुल्केबाट उदाएका खगेन्द्र लामिछाने आफूलाई क्यारिकेचर गर्न नआउने बताउँछन् । पोखराका पत्रकारहरूले उनलाई सबै चलचित्रमा उस्तै स्वर हुँदा खल्लोपन भएको बताएपछि उनले आफूले क्यारिकेचर गर्न नजान्ने बताएका हुन् । 'स्वर चेन्ज गरेर अर्कै स्वर निकाल्न जान्दिनँ,' खगेन्द्रले भने । आफू कहिल्यै करिअरसँग नडराउने भएकाले यदि दर्शकको माया र साथ पाउन नसके आफ्नै काममा लाग्ने उनले बताए । लामिछानेको लेखन तथा अभिनयको चलचित्र डमरुको डन्डीबियो वैशाख २१ गते प्रदर्शनमा आउँदैछ । लामिछानेले आफ्नो मन छुने विषयमा मात्र काम गर्ने गरेको कुरासमेत बताए । लोपोन्मुख अवस्थामा पुगेको खेल डन्डीबियोलाई ब्युँताउन सघाउने उद्देश्यले चलचित्र डमरुको डन्डीबियो निर्माण गरेको लामिछाने बताउँछन् ।

फटाफट

# रमाइलो चलचित्र बनाएको छु



**म्युजिक भिडियोबाट चलचित्रको निर्देशक बन्नुभएको छ, कत्तिको एक्साइडेट हुनुहुन्छ ?**

एक्साइटमेन्टको लेभल एकदम हाई छ, साथसाथै केही नभर्स पनि छु । सपना थियो फिल्म मेकर बन्ने, पूरा हुँदैछ । मेरो काम मनैले राम्रोसँग सम्पन्न गरेको छु । अब बाँकी कुरा दर्शकको हातमा छ ।

**कोहलपुर एक्सप्रेस एउटा हिन्दी चलचित्रबाट प्रभावित भएको गाइँगुइँ चल्दै छ नि ?**

लौन, मेरो चलचित्र प्रदर्शन नै नभै कसले हेरेछ ? यस्तो हल्ला गर्ने व्यक्तिको खोजी गरेर उसका विरुद्ध पाइरेसीको मुद्दा हाल्नुपर्छ ।

**चलचित्र प्रदर्शन हुनुअघि नै प्रभावित भएको कुरा दर्शकलाई जानकारी गराउनुपर्ने होइन र ?**

प्रभावित भएको अथवा नभएको भन्ने कुरा सिनेमा हलमा नआउँदा सम्म थाहा हुँदैन । मेरो चलचित्रलाई सिनेमा हलमा आउन दिनुहोस्, दूधको दूध पानीको पानी भैहाल्छ । फेरि हामी नेपाली साह्रै फुर्सदिला छौं । फलानाको चलचित्र फलानासँग मिल्यो भन्दै कुरा गरेर समय वर्वाद गरिरहेका छौं ।

**कोहलपुर एक्सप्रेसबाट कत्तिको आशावादी हुनुहुन्छ ?**

कसैले पनि नराम्रो चलचित्र बनाउँछु भनेर काम गर्दैन । मैले पनि रमाइलो चलचित्र बनाउने प्रयास गरेको छु ।

**दर्शकले तपाईंको चलचित्र किन हेर्ने ?**

सबै दुःख बिर्सेर १ घण्टा ५५ मिनेट मजाले हाँस्नका लागि ।

**कोहलपुर एक्सप्रेसमा त्यस्तो खास के छ ?**

त्यस्तो खास त केही पनि छैन जसले चलचित्र निर्माणको परिभाषालाई नै परिवर्तन गरोस् अथवा समाज र देशको विकासमा कुनै योगदान पुर्‍याओस् । यद्यपि यसले दर्शकलाई हँसाउने निश्चित छ । अलि पृथक्चाहिँ के छ भने यसमा अभिनेत्रीहरू मुख्य भूमिकामा छन् ।

**तीन जना स्थापित अभिनेत्रीलाई एकसाथ अभिनय गराउन कत्तिको गाह्रो भयो ?**

खासै गाह्रो भएन । सबै मेरा साथी नै भएकाले अनि म्युजिक भिडियोमा धेरै अघिदेखि सँगै काम गरेकाले पनि सहज भयो ।

**म्युजिक भिडियो बनाउन गाह्रो कि चलचित्र बनाउन ?**

हरेक काम आफैंमा गाह्रो हुन्छ । दुनियाँमा कुनै काम पनि सजिलो छैन । यद्यपि गाह्रो कामलाई सजिलो तरिकाले गर्ने प्रयास गर्नुपर्छ ।

● विशाल भण्डारी, निर्देशक

बलिउड

# हट तस्बिरले तहल्का



लामो समयदेखि बलिउडमा सक्रिय भएर पनि खासै चर्चामा आउन नसकेकी अभिनेत्री समा सिकन्दर अहिले खालीजस्तै छिन् । समा पछिल्लो समय विदेशतिरै हराइरहेकी छिन् । केही समयअघि उनी एक वेब सिरिजमा समेत देखा परिन्, जहाँ उनको हट अवतारको धेरैले प्रशंसा गरे । समा आजभोलि सोसल मिडियामा निकै सक्रिय छिन् । सोसल साइट इन्स्टाग्राममा साढे ४ लाखभन्दा बढी फलोअर्स भएकी सिकन्दरको इन्स्टाग्राममा एउटा नयाँ तस्बिर पोस्ट भएको छ, जसको सबैले प्रशंसा गरेका छन् । उक्त तस्बिरको क्याप्सनमा लेखिएको छ– याद सधैं रहनेछ । यो तस्बिरमा उनी अस्ट्रेलियाको समुद्री किनारामा घाम तापिरहेकी देखिन्छिन् । इन्स्टाग्राममा राखिएको यही तस्बिरले यी असफल अभिनेत्रीलाई एकाएक हिट बनाएको छ– सामाजिक सञ्जालमा ।

# बबीको इन्ट्री




बबी देओललाई लिएर सलमान खान निकै खुसी छन् । सलमानले बबीलाई रेस-३ मा किन लिए भनेर अन्य निर्माताहरू पनि सोच्न बाध्य भए । खबरअनुसार सलमानले बबीलाई किक-२ मा समेत काम गराउने सोच बनाएका छन् । किकमा रणदीप हुड्डाको महत्वपूर्ण भूमिका थियो । त्यस्तै प्रकारको भूमिका किक-२ मा बबीको हुनेछ । समाचार अनुसार सलमानले साजिद नाडियाडवालासँग भनेका छन् बबीलाई यो भूमिकामा लिन सकिन्छ । सम्भवतः साजिदले सलमानको कुरा अस्वीकार गर्ने छैनन् । सलमानलाई लिएर भारत शीर्षकको चलचित्र बन्न सक्छ, जसमा बबी पनि रहनेछन् र त्यसको निर्देशन अली अब्बास जफरले गर्नेछन् । यदि त्यसो हो भने बबीको करिअर अब राम्रैसँग माथि उठ्नेछ ।

# सन्नी लियोनीको एप



सन्नी लियोनी अभिनयका साथै प्रोडक्सन र ब्रान्डमा समेत काम गर्छिन् । लामो समयसम्म पोर्न मुभीमा सक्रिय रहेर केही वर्षअघि मात्र बलिउड प्रवेश गरेकी सन्नी त्यसयता लगातार व्यस्त छिन् ।

सन्नीले केही समयअघि आफ्नो सौन्दर्यसम्बन्धी ब्रान्ड 'स्टारस्ट्रक' बजारमा ल्याएकी थिइन्, जसको पहिलो चरणको उत्पादन बजारमा आइसकेको छ । यसबाहेक सन्नी एप निर्माणको अर्को तयारीमा जुटेकी छिन् । अत्याधुनिक उक्त एपलाई सन्नी चाँडै बजारमा पठाउने तयारीमा छिन् । यो नयाँ एपमा प्रयोगकर्ताहरूले कसरी आकर्षक देखिन सकिन्छ भनेर आफूलाई एपमा दाँज्न सक्नेछन् । सन्नीले भनेकी छिन्- उनले यो एपका लागि लामो तयारी गरेकी थिइन् । श्रृंगार प्रसाधन खरिद गर्ने क्रममा हामी सधैं भ्रममा रहन्छौं, सन्नीले भन्छिन्– यो एपमा हाम्रो स्किनमा कुन कलर राम्रो देखिन्छ, कुन लिपिस्टिक खरिद गर्नु उपयुक्त हुन्छ जस्ता धेरै कुरा हेर्न सकिनेछ । युवतीहरूका लागि यो एप निकै उपयोगी हुने अनुमान गरिएको छ । हाल सन्नी एक तमिल चलचित्रमा काम गरिरहेकी छिन्, जसमा उनले राजकुमारीको भूमिका निर्वाह गरेको बताइएको छ ।



# दोहोरिएलान् त ऋतिक र क्याट्रिना ?

त्यसो त क्याट्रिना कैफ तथा ऋतिक रोशनद्वारा अभिनीत एक्सन तथा थ्रिलर चलचित्र बैंग बैंगले बक्सअफिसमा कुनै कमाल गर्न सकेन, तर चलचित्रमा यी दुई कलाकारको प्रस्तुति हेर्न लायक थियो, धेरैले उनीहरूको अभिनयको खुलेरै प्रशंसा गरे । गत वर्ष जब चलचित्र ए जेन्टलम्यान को चर्चा भयो तब धेरैलाई लाग्यो यो चलचित्र बैंग बैंगको सिक्वेल हो । यद्यपि उक्त चलचित्र सिक्वेल थिएन, तर अब वास्तवमै चलचित्र बैंग बैंगको सिक्वेल बन्ने भएको छ । समाचारअनुसार उक्त चलचित्रको शीर्षक बैंग बैंग रिलोडेड राखिएको छ । ऋतिक रोशन र क्याट्रिना कैफले नै पुनः उक्त चलचित्रमा काम गर्न सक्ने अनुमान गरिन्छ । ऋतिक अहिले विकास बहलको चलचित्र 'सुपर-३०' को छायांकनमा व्यस्त छन् भने क्याट्रिना आमिर खानको ठग्स अफ हिन्दुस्तान तथा जिरोमा व्यस्त छिन् । दर्शकले बैंग बैंग रिलोडेडमा ऋतिक र क्याट्रिनालाई हेर्न पाउने हुन् कि होइनन् भन्ने रहस्य बिस्तारै खुल्दै जानेछ ।

पहिलो विश्व



# स्तन छोप्ने नयाँ ट्रेन्ड

पश्चिमा मुलुकका महिलाहरू धेरै कुरामा पुरुषसरह स्वतन्त्रता चाहन्छन् । विकसित मुलुकका कतिपय सहरमा पुरुषले छाती देखाएर हिँड्न मिले पनि महिलालाई त्यसमा कुनै छुट छैन । महिला अधिकारवादीहरू यही कुरा परिवर्तन हुनुपर्ने माग गरिरहेका छन् । यसका लागि उनीहरूले धेरै पटक छाती खोलेर हिँड्ने प्रयास समेत गरेका थिए ।

अहिले महिलाहरूले लुगा लगाएर पनि छाती खुला जस्तै देखाउने उपायलाई व्यापक रूपमा प्रयोग गर्न थालेका छन् । पेरिस फेसन विकमा अमेरिकी मोडल बिन्स वाल्टनले स्तनको मुन्टोलाई टेपले छोपेर र्‍याम्पमा क्याटवाक गरेको देखेपछि यी महिला अधिकारवादीहरू पनि स्तनको मुन्टोलाई टेपले छोपेर पारदर्शी पहिरनमा हिँड्न थालेका हुन् ।


# चम्ल्याहा आमा





मलेसियाको जोहर प्रान्तमा बस्ने २३ वर्षीया डोरेन चिङ चार सन्तानकी आमा हुन भनेर कसैले पत्याउँदैनन् । दुई वर्षअघि एकैपटक चम्ल्याहा सन्तान जन्माएकी डोरेनले हालै गर्भवती हुँदा पेटमा देखा परेका धर्साको तस्बिर फेसबुकमा मेन्डोलिन भाषाको क्याप्सनका साथ अपलोड गर्दा पूर्वी मलेसिया, सिंगापुर तथा ताइवानमा त्यसले निकै चर्चा पायो । उनको उक्त तस्बिर १३ हजार पटक सेयर अनि २५ हजार लाईक र उत्तिकै कमेन्ट प्राप्त गर्न सफल भयो ।

अनुहार हेर्दा डोरेन चार सन्तानकी आमा हुन् भनेर कसैले पत्याउँदैनन् । विवाह गर्ने उमेरकी युवतीभन्दा पनि कान्छी देखिने डोरेनले पेटको धर्सा भएको तस्बिर पोस्ट गर्दा धेरैले त्यसमा अविश्वास व्यक्त गरे । उनको उक्त तस्बिर आपलोड भएपछि धेरैले ट्रोल बनाएर उनलाई सहानुभूति र ठट्टा दुवैको पात्र बनाए । डोरेन भन्छिन्– मैले सन्तानका लागि आफ्नो शरीरको सौन्दर्यलाई गौण माने । मैले आमा बन्न महिलाले आफ्नो सौन्दर्यसम्म त्याग गर्छन् भन्ने कुरा देखाउन खोजेकी हुँ । यही कार्यले गर्दा धेरैले उनलाई साहसिक सुन्दरीको उपनामसमेत दिएका छन् ।





# पाकिस्तानी टेलिभिजनमा किन्नर

इस्लामिक कानुनको बोलवाला भएको पाकिस्तानमा एक टेलिभिजनले समाचार प्रस्तोताका रूपमा किन्नरलाई नियुक्त गरेर नयाँ तरंग पैदा गरेको छ । स्थानीय कोहिनुर टेलिभिजन च्यानलले मारविय मलिकलाई समाचार प्रस्तोताका रूपमा प्रस्तुत गर्ने भएपछि सामाजिक सञ्जालमा समेत उनको प्रसंसा हुन थालेको छ ।

कोहिनुर टेलिभिजनले आफ्नो रिलन्चमा मारवियलाई पहिलो समाचार प्रस्तोताका रूपमा नियुक्त गरेको हो । अब उनी पाकिस्तानमा समाचार प्रस्तुत गर्ने पहिलो किन्नर हुनेछिन् । पहिले निकै चर्चामा रहेको कोहिनुर टेलिभिजन फेरि प्रसारणमा आउने घोषणा गरेदेखि नै धेरैको चासोमा थियो । यसैक्रममा पूर्व मोडल मारविय एक अन्तर्वार्तामार्फत समाचारवाचिका छनौट भएकी थिइन् । किन्नर भए पनि आफूप्रति कुनै किसिमको लैंगिक विभेद नभएको मारविय बताउँछिन् । उनी पाकिस्तानकी पहिलो किन्नर मोडलसमेत हुन् । एक अनुमानअनुसार अहिले पाकिस्तानमा किन्नरहरूको संख्या १० हजार ५ सयको हाराहारीमा छ । अरू किन्नरहरू समाजमा अपहेलित भएर बस्नुपरेको स्थितिमा सबैलाई आफूलाई जस्तै इज्जत दिए उनीहरूले पनि आफ्नो क्षमता प्रदर्शन गर्न पाउने, मारविय बताउँछिन् ।

# इन्स्टाग्राममा बुटिजको रहस्य

इन्स्टाग्राममा युवतीहरूलाई आफ्नो आकर्षक मुहार देखाउने जति रहर हुन्छ त्यति नै रहर आफ्नो बुटिज (पुठ्ठा) देखाउने हुन्छ । सबैको बुटिज भनेजति ठूलो नभएका कारण कतिपयले यसलाई देखाउने अवसर नै पाउँदैनन् जसका कारण धेरै युवती निराशसमेत छन् । यस क्रममा एक फिटनेस ब्लगरले आफ्नो इन्स्टाग्राममार्फत सामान्य अवस्थाको बुटिजलाई पनि ठूलो देखाउने उपाय बताएकी छिन् । उनको यो उपाय अहिले इन्स्टाग्राममा धेरै रुचाएर भाइरलसमेत भएको छ । अस्ट्रेलियाकी फिटनेस ब्लगर एन्ना भिक्टोरियाको इन्स्टाग्राममा १३ लाख फलोअर्स छन्, जसले हाले एक पोस्टमार्फत बुटिजलाई ठूलो देखाउने उपाय सिकाइन् । एउटै स्थानमा सेल्फीमार्फत खिचिएको दुई तस्बिरमध्ये एउटामा उनको पुठ्ठा सामान्य देखिएको छ भने अर्कोमा ठूलो र आकर्षक देखिएको छ । एन्नाका अनुसार तस्बिरमा पुठ्ठालाई ठूलो र आकर्षक देखाउन हल्का निहुरिएर ढाड सिधा राखी पुठ्ठालाई केही बाहिर ल्याएर सेल्फी लिनुपर्छ । उनको यो उपायलाई धेरै युवतीले पछ्याइरहेका छन् ।



# फेसन सिक्रेट्स सम्पन्न





लाजिम्पाटस्थित नेपाली चुलो रेस्टुराँ एन्ड ब्याङ्क्वेटमा फेसन सिक्रेट्स टु सम्पन्न भएको छ । डिजाइनर नुदिना राईको कलेक्सनबाट फेसन सिक्रेट्स टुको प्रारम्भ भएको थियो । नुदिनाको कलेक्सन स्ट्रिट वेयरमा केन्द्रित थियो । डिजाइनर सुमन शर्माको प्रस्तुतिमा इन्डो वेस्टर्न शैलीको प्रधानता थियो । डिजाइनर विजय कहरको कलेक्सनमा भने युरोपियन छाप देख्न पाइन्थ्यो । डिजाइर अनिता लोहनीले हलिउड शैलीबाट प्रभावित फ्लोर लेन्थ गाउन, जम्पसुट, कोट-पाइन्ट आदिको कलेक्सनलाई रेड कार्पेट शीर्षकमा प्रस्तुत गरेकी थिइन् । उत्कृष्ट वीरविक्रम खड्काको सिर्जना स्ट्रिट वेयरबाट प्रभावित थिए । नेपाल इन्स्टिच्युट अफ फेसन, निफको आयोजनामा सञ्चालित उक्त कार्यक्रममा डिजाइनर अन्जु पाण्डेको किड्स वेयर कलेक्सन पनि थप आकर्षण थियो । क्यास्टिलो क्यासमिरको पस्मिना वेयर तथा बिइङ ह्युमनको क्याजुअल कलेक्सनको प्रस्तुतिसँगै यो कार्यक्रमले बिट मारेको थियो ।

# फेस अफ मारवाडीका अनुहार



फेस अफ मारवाडीको मिस, मिस्टर एन्ड मिसेज सौन्दर्य प्रतियोगिता सम्पन्न भएको छ । प्रतियोगितामा मिसतर्फ सोनिया जलान विजेता छनौट भइन् भने कोमल शर्मा र नेहल अग्रवाल क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअप घोषित भए । मिस्टरतर्फ अमन वैद्य विजेता भए भने रमेश चौधरी र सन्नी अग्रवालले क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअपमा चित्त बुझाए । मिसेजतर्फ एनी मित्तलले विजेताको उपाधि जितिन् भने अर्चना अग्रवाल र रिना शर्माको भागमा क्रमशः फस्ट तथा सेकेन्ड रनर्सअपको स्थान पऱ्यो । पेज थ्री, हट कुचरको ब्यानरमा डिजाइनर रेखा मोदी मित्रुकाले आयोजना गरेको यो कार्यक्रमको कोरियोग्राफी पूर्व मिस नेपाल उषा खड्गीले गरेकी थिइन् ।



## राइजिङ स्टारको उपाधि

राइजिङ स्टार सिजन-४ को उपाधि अस्मिता खड्काले जितेकी छिन् । ७९ जना प्रतिस्पर्धीलाई पछि पार्दै अस्मिताले उपाधि चुमेकी हुन् । उक्त प्रतिस्पर्धामा शुभना कायस्थ सिनियरतर्फकी फस्ट रनर्सअप तथा फुर्वा शेर्पा जुनियरतर्फकी फस्ट रनर्सअप घोषित भ एभने साम्राज्ञी सुब्बाले सिनियरतर्फकी सेकेन्ड रनर्सअप तथा दीया क्षेत्रीले जुनियरतर्फ सेकेन्ड रनर्सअपमा चित्त बुझाए । काठमाडौं उपत्यकाका विभिन्न विद्यालयमा अध्ययनरत कक्षा २ देखि १० सम्मका ८० जना बालबालिका सहभागी उक्त प्रतियोगिताको मस्ट ट्यालेन्टेड अवार्ड जुनियरतर्फ अनुज कटवाल तथा सिनियरतर्फ विक्रम कार्कीले हात पारे ।

# न्यू इयर मुडमा कायरा शो

होटल ऱ्याडिसन फेसनमय बन्न पुग्यो । कायरा रनवे शोको छैटौं संस्करणको उक्त प्रस्तुतिमा लाजिमाज् कलेक्सनकी डिजाइनर लाजिमा सुब्बाले तयार पारेका विभिन्न शैलीका पहिरन प्रस्तुत गरिएका थिए । ६ वटा विभिन्न सिक्वेन्समा विभाजित फेसन शोमा युवा-युवती तथा बालबालिकाहरूका लागि लक्षित विभिन्न पहिरनका नमुना प्रस्तुत भएका थिए ।

फेसन शोमा ग्ल्यामर फोटोग्राफर राजभाइ सुवाल, पूर्व मिस नेपाल रुबी राणा, अभिनेता एवं कोरियोग्राफर प्रशान्त ताम्राकार, अभिनेत्रीद्वय दीपाश्री निरौला तथा श्वेता खड्का शो-स्टपरका रूपमा प्रस्तुत भएका थिए । फेसन शोसँगै गीत-संगीत, नृत्य एवं कमेडीको संयोजन गरिएको उक्त कार्यक्रम नयाँ वर्षको स्वागत गर्दै डिजे सेसनमा परिणत भएको थियो ।



# फेस्टिभल मोडल एन्ड ट्यालेन्ट वर्ल्ड








फेस्टिभल मोडल एन्ड ट्यालेन्ट वर्ल्ड-२०१८ मा नेपालका तर्फबाट यान्जी केसी तथा फुङनाम लिम्बूले सहभागिता जनाउने भएका छन् । उक्त प्रतिस्पर्धाका लागि उनीहरू यसै साता टर्कीको अन्तालिया प्रस्थान गरेका छन् । पाँच वर्षीया यान्जी केसी मर्निङ ग्लोरी इन्टरटेनमेन्टको आयोजनामा संचालन भएको लिटिल च्याम्प्स-२०१८ अन्तर्गतको मिनी लिटिल च्याम्प्स हुन् भने नौ वर्षीया फुङनाम लिम्बु लिटिल च्याम्प्सको शीर्ष उपाधि विजेता हुन् । यो प्रतिस्पर्धा यही बैशाख ८ देखि १५ गतेसम्म सञ्चालन हुँदैछ ।

# म्युजिकल फेस्टको रमाइलो

स्पेक्स फोर्टिनले पोखरामा आयोजना गरेको दुईदिने न्यू इयर म्युजिकल फेस्टमा गीत-संगीत तथा फेसन शो मुख्य आकर्षणमा रहे । लेकसाइड खहरेमा आयोजित उक्त कार्यक्रममा पोखरेली ऱ्यापर आशिष राना लाउरे, नेपाली रक ब्यान्ड मुक्ति एन्ड रिभाइभल, लक्ष्य ब्यान्ड, पिक्चर्स ब्यान्डको साथमा नेपालका चर्चित डिजेहरूले प्रस्तुति दिएका थिए । कार्यक्रममा रूसी डिजे सायना क्याथरिनसमेत प्रस्तुत भएकी थिइन् । उनका साथ दोहोरी कलाकार रामजी खाँड, चोलेन्द्र पौडेल, ज्योति लोहनी आदि कलाकारलाई पनि दर्शकले उत्तिकै रुचाएका थिए । कार्यक्रमको अर्को आकर्षण फेसन शो थियो । सेप अप फेसन सो शीर्षकको उक्त कार्यक्रममा क्याजुअल तथा गाउन सिक्वेन्समार्फत पोखराका १० जना मोडल ऱ्याम्पमा उत्रिएका थिए । उक्त फेसन शोको शो स्टपरका रूपमा नायिका ऋचा शर्मा प्रस्तुत भएकी थिइन् ।

राजाराम पौडेल



# पोखरामा फेसन शो



पोखराका १२ जना सुन्दरी एकपछि अर्को गर्दै ऱ्याम्पमा देखिए । मोडलहरू रोशनी नेपाली, अस्मी क्षेत्री, बिना छन्त्याल, सोनी गर्बुजा पुन, अल्विना वानियाँ, अञ्जली सेन, सनम थापा, पुजा शाही, सोफिया, शुभेच्छा तामाङ, स्नेहा तामाङ तथा अखिला सुनार संगीतको तालमा ऱ्याम्पमा हिँड्दा दर्शकको ध्यान स्टेजतर्फ मोडियो । डिजाइनर ड्रेस, समर ड्रेस तथा साडी गरी तीन सिक्वेन्समा विभाजित यो फेसन शोको कोरियोग्राफी सुस्मिता पुनले गरेकी थिइन् । कार्यक्रमको थप आकर्षणमा गायक तथा संगीतकार योगेश काजीलगायत सारेगम कला केन्द्रको विशेष सांस्कृतिक प्रस्तुति पनि थियो ।



## लिटिल मिस दाङ

यो वर्षको लिटिल मिस दाङको उपाधि १२ वर्षीया आयुष्मा खड्काले चुमेकी छिन् । घोराहीमा भएको फाइनल राउन्डमा १२ प्रतिस्पर्धीलाई उछिनेर आयुष्माले लिटिल मिसको उपाधि जितेकी हुन् । उत्सर्ग फिल्म्स नेपाल र रोयल ब्युटी एकेडमीले संयुक्त रूपमा आयोजना गरेको लिटिल मिस दाङमा जिज्ञासा नेपाली फस्ट रनर्सअप तथा सामना शर्मा सेकेन्ड रनर्सअप भएका छन् ।

अपराध

# अमेरिकाका ग्याँस स्टोरमा जोखिम
# बन्दुकको निसानामा नेपाली

शिव शर्मा





दुई महिनाअघि टेक्सासको गारल्यान्डमा नेपाली युवा ३५ वर्षीय मनिष पाण्डेको हत्या लुटेराहरूको एक समूहद्वारा भयो । आफन्तको स्टोरमा क्लर्कको काम गर्दै आएका पाण्डेको हत्या काम सकेर स्टोर बन्द गर्दागर्दै मध्यरातमा भएको थियो । केही वर्षयता अमेरिकाका विभिन्न राज्यमा ग्याँस स्टोरमा काम गर्ने नेपाली युवाहरू लुटेराको निसानामा परेर यसरी नै अनाहकमा ज्यान गुमाउन बाध्य छन् । यस्ता ग्याँस स्टोरमा प्रायःजसो नेपालीले नै काम गरेको पाइन्छ । विशेष गरी यस्ता स्टोरमा नेपालीहरूले क्लर्कको काम गर्दै आएका छन् । यस्ता स्टोरमा एक्लै काम गर्नुपर्ने भएकाले पनि उनीहरू लुटेराहरूको निसानामा पर्ने गरेका हुन् । एकान्त स्थानमा सञ्चालनमा रहेका ग्याँस स्टोरलाई लुटेराहरूले 'टार्गेट' बनाउने गरेका छन् भने यस्ता अधिकांश घटना राति हुन्छन् ।

दुई वर्षअघि टेक्सासकै डेन्टनमा आफ्नै स्टोरमा काम गरिरहेको अवस्थामा समिरा शिवाकोटीको हत्या भएको थियो । ३० वर्षीया शिवाकोटीलाई लुटेराले दिउँसै गोली हानी हत्या गरेका थिए । हत्या गरिएको समयमा शिवाकोटीकी एउटी छोरी नौ महिना तथा अर्की छोरी तीन वर्षकी थिइन । पत्नी वियोगबाट पीडित उनका श्रीमान् नवराजको पनि झन्डै १४ महिनापछि टेक्सास नजिकैको राज्य ओक्लाहोमामा असमायिक निधन भएको थियो । सपरिवार अमेरिकामा व्यापार-व्यवसाय गरेर बसिरहेको शिवाकोटी परिवारलाई लुटेराहरूले तहस-नहस बनाइदिए । अहिले उनीहरूका अबोध नानीहरूको पालनपोषणको जिम्मा नवराजका दाजुको परिवारले लिएको छ ।

नेपालीहरूको बाक्लो बसोबास रहेको टेक्सास राज्यमा अन्यत्रभन्दा नेपाली, भारतीय एवं पाकिस्तानीहरूले सञ्चालन गरेका ग्याँस तथा फुड स्टोरको संख्या उल्लेख्य छ । नेपाली समाज टेक्सासका अनुसार टेक्सास क्षेत्रमा नेपालीले मात्र सञ्चालन गरेका ग्याँस स्टोरको संख्या १ हजारजति भएको अनुमान छ । बढ्दो स्टोरसँगै त्यसमा काम गर्ने कामदारहरूमा नेपालीको संख्या पनि ठूलै रहेको व्यवसाय सञ्चालन गर्दै आएका समाजका अध्यक्ष सुमन थापा बताउँछन् । थापा भन्छन्– 'लुटेरासँग जोरी नखोज्ने हो भने ज्यान जाने सम्भावना कमै हुन्छ । थापाका अनुसार लुटेरा आएका बेला लुटेराको अनुहारमा नहेर्ने, हात माथि गरिदिने, रजिस्टर खुला गरिदिने र फोन नचलाउने जस्ता काम गर्ने हो भने धेरैहदसम्म ज्यान जोगिन सक्छ । यस्ता स्टोरमा काम गर्ने कति नेपाली मारिएका छन् भन्ने कुराको यकिन तथ्याङ्क भने कतै भेटिँदैन । स्टोरका अतिरिक्त एकान्त ठाउँमा पनि नेपालीहरू बन्दुकको निसानामा पर्दै आएका छन् भने चक्कु प्रहार गरेर हत्या गरिएका केही घटना पनि छन् । टेक्सासमै २००६ को एउटा घटनामा स्टोरमा लुटपाट गरेपछि लुटेराहरूले नेपाली युवा प्रकाश कोइरालाको शरीरमा आगो सल्काई हत्या गरेका थिए । यस्ता लुटेरामध्ये केहीले लुटपाट, कुटपिट गरेर छाड्छन् भने अधिकांशले हत्या नै गर्छन् । यस क्रममा हतियारले सुसज्जित लुटेरासँग भिड्न जाँदासमेत केही नेपालीले ज्यान गुमाउनुपरेको छ । स्टोरमा काम गर्ने नेपालीहरूलाई पेस्तोल देखाएर धम्काउदै कुटने-पिट्ने घटना नियमित भैरहे पनि ती घटनाका बारेमा सत्यतथ्य बाहिर आउँदैनन् ।

टेक्सासकै अर्भिङमा पोखराको २४ वर्षीय ज्वाला कार्कीलाई उनकै अपार्टमेन्टमा लुटपाट गर्ने क्रममा एक अश्वेत युवाले गोली प्रहार गरी घाइते बनाएका थिए । उनको उपचारका लागि नेपाली समाज टेक्सासले सहयोगसमेत संकलन गरेको थियो । प्रहरीले सार्वजनिक गरेका भिडियोमा त्यस्ता लुटेराको अनुहार समेत सार्वजनिक हुँदै आएको छ । यस्ता घटनामा संलग्नहरूमध्ये केही उमेर हदका कारण कारवाहीको दायरामा समेत आउँदैनन् । धेरै घण्टा काम गर्न पाइने र आम्दानी पनि सोहीअनुरूप हुने भएकाले ज्यान जोखिममा राखेर पनि नेपालीहरू ग्याँस स्टोरमा काम गर्न तयार हुन्छन् । पाँच महिनाअघि डिभी परेर अमेरिका आएका एक युवा पाकिस्तानीको ग्याँस स्टोरमा कार्यरत थिए । काम गरेको एक सातामै उनको जम्काभेट लुटेराहरूसँग भयो । 'हात उठाएर नगद दिएपछि कञ्चटमा पेस्तोल तेर्साएर छाड्यो' आफ्नो नाम उल्लेख नगर्ने शर्तमा उनले भने- 'भाग्यले बाँचे ।' उक्त घटनापछि उनले ग्याँस स्टोरको काम छाडेर अर्कै काम थालेका छन् ।

विशेषतः विद्यार्थीहरू पढाइ खर्च जुटाउन ज्यानको परवाह नगरी ग्याँस स्टोरमा काम गर्न विवश छन् । 'लुटपाट र आक्रमणका घटना बढ्दो छ,' लामो समयदेखि ग्याँस स्टोरमा काम गरेर अनुभव बटुलेका स्टोर म्यानेजर नेत्र पौडेल भन्छन्- 'सतर्कता अपनाइएन भने अपराधीको निसानामा पर्न सकिन्छ ।' उनले आक्रमणकारीहरूसँग लड्न र भिड्न नहुने बताए । लुटेरासँग जाईलाग्दा ज्यान जाने जोखिम बढी हुन्छ । झन्डै ३ लाख नेपालीको बसोबास रहेको अनुमान गरिएको अमेरिकामा बढीजसो नेपालले ग्याँस स्टोरसँगै खाद्य स्टोर, विभिन्न कम्पनी, रेस्टुराँ तथा सपिङ मलहरूमा काम गर्दै आएका छन् ।

अमेरिकामा बन्दुक राख्ने सहज कानुन तथा त्यसको जथाभावी प्रयोगले अपराधको ग्राफ पनि ह्वातै बढाइरहेको छ । यही बन्दुकको सहजताले ग्याँस स्टोरहरूमा लुटेराहरूलाई बन्दुक बोकेर जान सहज बनाएको पाईन्छ । अमेरिकामा यस्ता गोलीकाण्डको विरोध र त्यसको नियन्त्रणका लागी प्रदर्शनसमेत हुँदै आएको छ । विशेष गरी यहाँका विद्यालय, चर्च, कन्सर्ट तथा सार्वजनिक समारोहमा ठूला गोली काण्डहरू भएका छन् । हालै सार्वजनिक भएको एक तथ्याङ्कअनुसार अमेरिकी विद्यालयहरूमा ३२ वटा गोलीकाण्ड भएका छन्, जसमा सयौंले ज्यान गुमाइसकेका छन् ।


# हङकङमा छोराद्वारा बाबुको हत्या

अनोज रोक्का

यदि संसारमा कसैप्रति अगाध आस्था र प्रेम गरिन्छ भने ती बाबु-आमा नै हुन्, जसलाई ईश्वरको अर्को रूप समेत मानिन्छ । आफ्नो जिम्मेवारी र निःस्वार्थ प्रेमको संसारमा चुर्लुम्म डुबेका बाबु-आमा सन्तानको सानो पीडालाई पनि भित्रैबाट महसुस गर्छन् । जन्माई-हुर्काई ठूलो बनाएर आफ्नो बुढ्यौलीको सहारा आफ्नो सन्तानलाई मान्ने ती बाबु-आमालाई आफ्नो प्रिय सन्तानबाटै मृत्युवरण गर्नुपर्‍यो भने कस्तो होला ?

हो, हङकङमा गत चैत २५ गते प्रेमराज लिम्बूको हत्या छोरा मचिन्द्र लिम्बूले धारिलो हतियार प्रयोग गरी गरे । आफ्नो मुटुको टुक्राको त्यो प्रहार प्रेमराजले सहन सकेनन् । फलतः उनी यो संसारबाट बिदा भए ।





**कसरी भयो घटना ?**

बाबु प्रेमराज लिम्बू तथा छोरा मचिन्द्रको घरमा सामान्य विवाद भैरहेको थियो । घरमा आएका पाहुनाहरूले विवाद बढ्न नदिन मचिन्द्रलाई बाहिर लिएर गएका थिए, तर घरमा केही काम छ भन्दै फर्किएका मचिन्द्रले प्रेमराजसँग फेरि झगडा गरी उनीमाथि धारिलो हतियार प्रयोग गरे । बाबुलाई सख्त घाइते बनाएर उनी त्यहाँबाट निस्किए ।

पाहुनाहरूलाई शंका लागी उनीहरूले प्रेमराजलाई घरमा फोन गरे, तर फोन रिसिभ भएन । अन्य काममा व्यस्त पाहुनाहरूले प्रेमराजका माइला तथा कान्छा छोरालाई फोन गरी प्रेमराज र मचिन्द्रको विवादका सम्बन्धमा जानकारी गराएका थिए । खबर प्राप्त हुनासाथ छोराहरूले फोन सम्पर्क गर्दा प्रेमराजले आफ्नो स्थिति बताए । तत्काल प्रहरी र एम्बुलेन्ससहित पुगेका उनीहरूले ढोका फोडेर हेर्दा प्रेमराज अचेत अवस्थामा थिए । उनको शरीरका विभिन्न अंग काटिएको थियो । तत्काल हङकङस्थित कङ्वा हस्पिटल पुर्‍याइए पनि अत्यधिक रक्तस्रावका कारण उनको मृत्यु भयो ।

**के थियो विवाद ?**

विवादको कारण पैसा भएको बताइएको छ । छोरा मचिन्द्र सधैं पैसा मागेर प्रेमराजलाई हैरान बनाउँथे । प्रेमराजले पनि सधैंजसो पैसा दिइरहेका हुन्थे, तर घटना भएको दिन पैसा नदिएका कारण रिसाएका मचिन्द्रले धारिलो हतियार प्रयोग गरी उक्त आक्रमण गरेको बताइएको छ । मचिन्द्रलाई हङकङ प्रहरीले अनुसन्धानका लागि हिरासतमा राखेको छ ।

**समयमा अस्पताल पुर्‍याउन सकिएन**

घटनाको करिब तीन घण्टापछि मात्र प्रेमराजलाई अस्पताल पुर्‍याइएको थियो । प्रहरीलाई फोन गर्दा छोरा गिरफ्तारीमा पर्ने डरले प्रेमराजले पीडा सहेर बसेका कारण अत्यधिक रक्तस्राव भयो । अन्य दुई छोरालाई पनि ढिला खबर पुगेकाले समयमै उनको उद्धार हुन सकेन । समयमै खबर गरेर अस्पताल पुर्‍याइएको भए प्रेमराज बाँच्न सक्थे ।

**को हुन् प्रेमराज ?**

झापा जिल्ला बिर्तामोड स्थायी घर भएका प्रेमराज लिम्बू हङकङस्थित मङ्कोकमा लामो समयदेखि बसोबास गरिरहेका थिए । प्रेमराजका तीनै जना छोरा हङकङमै छन् । एक्लै बस्ने प्रेमराजका तीनै छोरा फरक-फरक ठाउँमा बसोबास गर्छन् । प्रेमराज र छोरा मचिन्द्रकी श्रीमती भने नेपालमै छन् ।



● मार्क जुकरबर्ग
संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत

तस्बिरहरू : एजेन्सी

# हो, त्यो हाम्रो गल्ती थियो

८ करोड ७० लाख फेसबुक प्रयोकर्ताको तथ्याङ्क चोरिएको विषयलाई लिएर यतिबेला फेसबुक चर्को आलोचना एवं विवादमा तानिएको छ । यो प्रकरणले फेसबुकसँग जोडिएका मानिसहरूको गोपनीयतामाथि गम्भीर प्रश्नचिन्ह खडा गरेको छ । कतिपय मानिसले आफ्नो फेसबुक एकाउन्ट नै डिलिट गरेका छन् भने फेसबुकको सेयरमा समेत भारी गिरावट आएको छ ।

डाटा लिकको खबरपछि फेसबुकका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत मार्क जुकरबर्ग समस्यामा परेका छन् । अघिल्लो सोमबार र मंगलबार अमेरिकी सिनेटको सुनुवाइमा भाग लिएका जुकरबर्गले डाटा लिकको जिम्मेवारी लिँदै सिनेटसमक्ष माफीसमेत मागे । सुनुवाईका दौरान जुकरबर्ग एकदमै गम्भीर देखिन्थे । डाटा लिकको मामिलामा उनी सिनेटका सदस्यहरूको निशानामा रहे । जुकरबर्गले अमेरिकी कंग्रेससमक्ष लिखित बयान दर्ता गराउँदै डाटा दुरुपयोगलाई लिएर माफी मागेका थिए ।

बेलायतको डाटा विश्लेषक कम्पनी क्याम्ब्रिज एनालिटिकाले अमेरिकी चुनावका सिलसिलामा फेसबुकसँग भएको विभिन्न व्यक्तिको तथ्यांक दुरुपयोग गरेको विषयमा फेसबुकले निकै चर्को आलोचनाको सामना गर्नुपरिरहेको छ । फेसबुकमाथि फेसबुक प्रयोगकर्ताहरुको व्यक्तिगत सूचना जम्मा गरेर अमेरिकी निर्वाचनमा डोनाल्ड ट्रम्पलाई फाइदा पुऱ्याएको आरोप समेत लागेको छ ।

ठूलो मात्रामा प्रयोगकर्ताहरुसम्बन्धी तथ्यांक चोरी भएपछि अमेरिकामा त ठूलै पराकम्पन गएको छ । अमेरिकी कंग्रेसमा सिनेटरहरूले मार्क जुकरबर्गसँग दुई दिन लगाएर ५-५ घण्टा गरी १० घण्टामा ६ सयभन्दा बढी प्रश्न सोधेका थिए । सिनेट सदस्यहरूले सोधेका प्रश्नबाट मार्क जुकरबर्ग निकै हैरान देखिन्थे । जुकरबर्गसँग फेसबुकको डाटा चोरी, व्यक्तिगत गोपनीयताको सुरक्षा, निर्वाचनमा वैदेशिक हस्तक्षेपको आमन्त्रणजस्ता विषयमा अमेरिकी कंग्रेसमा सिनेटहरुद्वारा सोधिएका प्रश्न तथा उनले दिएको उत्तर :

**फेसबुकद्धारा प्रयोगकर्ताको डाटा कुनै तेस्रो पार्टीलाई जानकारी बिना पठाइएको तपाईंको सम्झनामा छ ? यदि छ भने कति पटक ?**

जुन एप्लिकेसनसँग धेरै सूचना छन्, हामी अहिले त्यस्ता एपहरूमाथि निगरानी गरिरहेका छौं । विगतमा हामीले कुनै एपलाई प्रतिबन्धित गरेको मलाई सम्झना छैन ।

**तपाईंले बिना जानकारी चोरी भएको तथ्यांकका सम्बन्धमा अडिट गर्नुभएको छ कि छैन ? छ भने कति पटक ?**

हामीले गरेका छौं, ठ्याक्कै कति पटक भन्ने चाहिँ सम्झना भएन । यद्यपि आगामी दिनमा त्यस्तो नहोस भनेर हामी प्रतिबद्ध छौं ।

**फेसबुकले दुई तीन पेजको डाटा पोलिसीका बारेमा मात्र भन्छ । जस्तै एकअर्कालाई जोड्ने इत्यादि, तर फेसबुकभित्रका अति आवश्यक डाटा पोलिसीका बारेमा केही भन्दैन, जुन एकदम आवश्यक छ । प्रयोगकर्ताको डाटाभित्र कसरी काम हुन्छ ?**

के-कति डाटा सेयर गर्न चाहने हो त्यो प्रयोगकर्ताकै हातमा हुन्छ । भित्रको प्राइभेसी पोलिसी बुझ्न एकदमै गाह्रो भएकाले प्रयोगकर्तालाई जानकारी नदिइएको हो ।

**प्रयोगकर्ताले आफ्ना जानकारी गोप्य राख्न फेसबुकलाई पैसा तिर्नुपर्छ भन्ने कुरा साँचो हो ?**

फेसबुकमा नचाहिने विज्ञापन नदेखिने बनाउन आवश्यक पैसा खर्च गर्नुपर्छ । जुन रूपमा अहिले विज्ञापन आउँछन्, त्यसबाट नै फेसबुक चलेको हो । बिना विज्ञापन फेसबुक चलाउन गाह्रो हुन्छ ।

**क्याम्ब्रिज एनालाइटिकाले ८ करोड ७० लाख अमेरिकी प्रयोगकर्ताको सूचना फेसबुकमार्फत चोर्दा तपाईंले ती ८ करोड ७० लाख जनतालाई किन सुचित गर्नुभएन ?**

क्याम्ब्रिज एनालाइटिकाले उक्त सूचना फेसबुकको एप डेपलपभरबाट लिएको थियो । हामीले जब त्यो कुरा थाहा पायौं तत्काल त्यो एप र क्याम्ब्रिज एनालाइटिकालाई सबै सूचना निष्क्रिय पार्न भनेका थियौं । उनीहरूले ती सूचना निष्क्रिय तुल्याएको सूचना पनि हामीलाई दिए, तर त्यो साँचो रहेनछ । यो विषयमा पर्याप्त काम नगरेकोमा हामीलाई पछुतो छ । त्यो हाम्रो गल्ती थियो ।

**तर तपाईंले प्रयोगकर्तालाई यस विषयमा किन केही भन्नुभएन ?**

क्याम्ब्रिज एनालाइटिकाले हामीले सबै सूचना निष्क्रिय तुल्याइसक्यौं भनिसकेपछि हामीले त्यसलाई फेरि दोहोऱ्याएर हेरेनौं । त्यही भएर कुनै प्रयोगकर्तालाई सूचित गरिएन ।

**फेसबुकले धेरै वर्षदेखि गोपनीयतासम्बन्धी प्रश्न खेपिरहेको छ । यो पहिलो घटना होइन । यस्ता प्रश्न उठेपछि विगतको तुलनामा अहिले फेसबुकको गोपनीयतामा के परिवर्तन भएको छ ?**

फेसबुकको सुरुवातदेखि नै धेरै गल्ती भएका छन् । हामीले यस्ता गल्ती समयसँगै सच्याइरहेका छौं, तर अहिलेको समस्याजस्तै ठूला गलत समाचार, बाहिरी देशको प्रभाव, चुनावमा पर्ने प्रभावमाथि चाहिँ अझै केही ठूला कदम चाल्नुपर्ने देखिन्छ । यसका लागि हामीले प्रशस्तै काम गर्नुपर्नेछ । आउने दिनमा प्रयोगकर्ताहरूले केही राम्रा चीज देख्न पाउनु हुनेछन् ।

**तथ्य वा गलत सूचनाका बारेमा फेसबुकले कसरी मूल्यांकन गर्छ ?**

फेसबुकले सुरुमा सूचना विवरण (data cantact) हेर्छ । फेसबुकले कृत्रिम बौद्धिकता (AI-Artificial Intelligence) मार्फत योग्य-अयोग्य सूचना छुट्याउँछ र अयोग्यलाई आम जनतासामु पुग्न दिँदैन ।

**फेसबुकले अमेरिकी चुनावमा विदेशी हस्तक्षेप रोक्न के गरिरहेको छ ?**

हामीले नयाँ र एकदमै बलिया AI टुल बनाएका छौं । जुन गलत र नक्कली आइडीहरू छन् र जुन आइडीले हाम्रो सिस्टमलाई ह्याक गर्ने प्रयास गर्छन् त्यस्तालाई निगरानी गर्दै हटाएका छौं । यस्ता आइडीहरू जसले चुनावमा गलत सूचना फैलाउँछन् त्यसलाई नियाल्दै त्यस्ता फेक आइडीमाथि बन्देज लगाएका छौं । यो वर्षभित्र हामी २० हजार मानिसलाई सूचना निरीक्षणमा लगाउँदैछौं ।

**फेसबुकमा गलत सूचना फैलाउनेहरूलाई कसरी सजाय दिँदै हुनुहुन्छ ?**

हामीले त्यस्ता नक्कली आइडीहरूलाई बन्द गरिदिएका छौं । रूसका ४ सय ७० नक्कली आइडी, जुन अमेरिकन चुनावमा हस्तक्षेप गर्न बनाइएका थिए । त्यसैगरी अस्ती भर्खर रूसबाट चलाइएका २ सय ७० आइडी पनि बन्द गरेका छौं । समग्रमा हजारौं यस्ता फेक आइडी बन्द गरेकोमा हामी खुसी छौं ।

**फेसबुकले २०१५ मै क्याम्ब्रिज एनालाइटिकालाई किन बन्द गरेन ?**

क्याम्ब्रिज एनालाइटिकाले सन् २०१५ मा फेसबुकको कुनै सर्भिस प्रयोग गरेको थिएन । त्यसैले बन्द गर्न उसको कुनै पेज वा विज्ञापन हामीसँग थिएन ।

**२०१० मा तपाईंले फेसबुक सधैं निःशुल्क हुन्छ भन्नुभएको थियो । के फेसबुक सधैंभरिका लागि निःशुल्क रहनेछ ?**

हो, फेसबुक सधैंका लागि निःशुल्क हुनेछ ।

**तर, फेसबुक सधैंका लागि निःशुल्क भए तपाई कसरी आफ्नो कम्पनी सुचारु राख्न सक्नुहुन्छ ?**

हामी विज्ञापनमार्फत आम्दानी गर्छौं ।

**क्याम्ब्रिज एनालाइटिकाले कसरी यस्तो कार्य गऱ्यो भन्ने विषयमा केही ज्ञान छ ?**

छैन् ।



**२०१६ मा ट्रम्पलाई सहयोग गरिरहेको क्याम्ब्रिज एनालाइटिकामा फेसबुकका कुनै मानिस आबद्ध थिए ?**

ट्रम्पले फेसबुकसँग पनि सहयोग मागेका थिए । हामीले ट्रम्पलाई सहयोग गरेका थियौं, जसरी हामीले विज्ञापनदातालाई फेसबुकमार्फत सहयोग गर्छौं, तर क्याम्ब्रिज एनालाइटिकामा फेसबुकको कुनै व्यक्ति आबद्ध भएको मलाई सम्झना छैन ।

**तपाईंको कम्पनीको बोर्डमा यस्ता समस्याका बारेमा छलफल हुन्छ कि हुँदैन ? तपाईंले यस्ता समस्या समाधानका लागि प्रयास गर्नुभएको छ कि छैन ?**

यस्ता समस्यामा छलफल हुन्छ । गोपनीयता र चुनावमा वैदेशिक हस्तक्षेप अहिलेका हाम्रा मुख्य समस्या हुन् । हामी यसलाई रोक्न एकदम प्रयास गरिरहेका छौं ।

**फेसबुक ह्याक भएको छ ?**

भएको छ, तर त्यति लामो समय हुन सकेन । सन् २०१३ मा त्यस्तो घटना भएको थियो ।

**फेसबुक प्रयोगकर्ताहरूले फेसबुकले फेसबुकबाहेकका अरू साइटमा पनि आफ्ना गतिविधि अनुगमन गर्न सक्छ भन्ने थाहा पाउँछन् कि पाउँदैनन् ?**

फेसबुक प्रयोगकर्ताले आफू कहाँ–कहाँ निरीक्षण भैरहेको छ भनेर फेसबुकमार्फत नै थाहा पाउँछन् ।

**तपाई फेसबुकको डाटा एकाउन्ट होल्डरको सम्पत्ति भन्नुहुन्छ । तपाईंले त्यही डाटाबाट वर्षको ४० बिलियन डलर कमाउनुहुन्छ । तपाईंले फेसबुकको डाटालाई एकाउन्ट होल्डरको डाटा भनेर कसरी भन्नुभएको हो ?**

एकाउन्ट होल्डरको डाटा भन्नुको अर्थ त्यो डाटामाथि एकाउन्ट होल्डरको पूर्ण रूपमा अधिकार छ भन्ने हो । व्यक्तिले आफूसँग सम्बन्धित तथ्यांक कुन प्रकारले प्रयोग गर्छ त्यो ऊ आफैंमा भर पर्छ । त्यसैले तपाईंले आफ्नो डाटा फेसबुकलाई प्रयोग गर्न अनुमति दिनुपर्छ, अन्यथा फेसबुकले त्यसको प्रयोग गर्दैन ।

**कुनै पनि एकाउन्ट डिलिट गर्दा त्यसको ब्याकअप कपी कति समयका लागि रहन्छ ? एकाउन्ट डिलिट गरेपछि पनि ब्याकअप डाटा किन कायमै रहन्छ ? त्यो हट्छ कि हट्दैन ?**

ती ब्याकअप कपीहरू कति समयका लागि रहन्छन् भन्ने चाहिँ मलाई पनि ठ्याक्कै थाहा छैन, तर ती कपी पछि डिलिट हुन्छन् भन्नेमा चाहिँ म विश्वस्त छु ।

**फेसबुकमा आएका उजुरीहरू कसरी सुल्झाइरहनु भएको छ ?**

हामीले पहिलेको भन्दा प्रभावकारी र मजबुत हिसाबले समस्या समाधान गर्दैछौं ।

**यस्ता समस्याका बारेमा जानकारी, अडिट गरिरहनुभएको छ ?**

हामीहरू गर्दैछौं र पहिलेको भन्दा राम्रोसँग गर्दैछौं ।

**विज्ञापनबाट कसरी पैसा कमाउनुहुन्छ ?**

विज्ञापनदाताले जुन कार्यका लागि विज्ञापन दिएको हो त्यो कार्य सफल भए हामीलाई पैसा दिन्छन् ।

**फेसबुक प्रयोगकर्ताका लागि राम्रो गर्नेभन्दा पनि तपाईंको उद्देश्य अर्कैतिर मोडिएजस्तो देखिन्छ नि ?**

हाम्रो उद्देश्य त्यसरी मोडिएका छैनौं । हामीले कहिल्यै विज्ञापनदाताहरूलाई प्रयोगकर्ताभन्दा माथि राखेका छैनौं, तर यो कम्पनी राम्रोसँग चल्न फाइदामा जानुपर्छ एवं त्यसका लागि हामीले विज्ञापनदाता एवं सेयर होल्डरहरूसँग मिलेर जानुपर्छ ।

**तपाईंको टर्म अफ सर्भिस कति जनाले पढ्छन् ? तपाईंलाई थाहा छ ?**

एकदमै थोरै, तर फेसबुकले आफ्ना हरेक प्रयोगकर्तालाई टर्म अफ सर्भिस पढ्ने मौका दिएको छ र प्रयोगकर्ताले त्यो नपढे पनि फेसबुकप्रति उनीहरू सहमत छन् भन्ने कुरालाई नकार्न सकिँदैन ।

**कोगन (Kogan) ले फेसबुकको तथ्यांक क्याम्ब्रिज एनालाइटिकाबाहेक अरू कसैलाई बेचेको छ ?**

छ, युनोइया (Eunoia) अर्को कम्पनी हो, जसलाई कोगनले तथ्यांक बेचेको थियो, तर अरु धेरैलाई बेचेको हुनुपर्छ भन्नेमा पनि म विश्वस्त छु ।

**तपाईंसँग कोही जोन केन्डीको फाइल हेर्छु भनेर आउन पाउँछ ?**

अहँ, पाउँदैन ।

**तपाई आफैं पनि जोन केन्डीको फाइल हेर्न सक्नुहुन्न ?**

हेर्न सकिन्छ तर त्यो नियमको उल्लंघन मानिन्छ ।

**क्याम्ब्रिज एनालाइटिकाले ८ करोड ७० लाख प्रयोगकर्ताको डाटा चोरेको तथा नियमको उल्लंघन भएको थाहा पाएपछि यस विषयमा फेसबुकमा कुनै कुराकानी भयो कि भएन ? यो कुराको जानकारी जनतालाई किन दिइएन ?**

फेसबुकभित्र यसका बारेमा कुराकानी भएको मलाई थाहा छैन । फेसबुकभित्रका कसैले पनि यसका प्रयोगकर्तालाई यस विषयमा केही नभनौं पनि भनेनन् ।

**फेसबुकले मोबाइलबाट अडियो पनि तान्न सक्छ ? यसले मोबाइलको अडियो पनि प्रयोग गर्न सक्छ ?**

सक्दैन ।

**के तपाई हाम्रो फोन कल पनि रेकर्ड गर्न सक्नुहुन्छ ?**

हामी फोन कलसँग सम्बद्ध कुनै पनि कुरा संकलन गर्दैनौं ।

**तपाई आफूलाई पीडित सम्झनुहुन्छ ? तपाईंलाई आफ्नो कम्पनी पीडित भएजस्तो लाग्छ ?**

होइन, हामी पीडितचाहिँ होइन बरु हामीमाथि सम्पूर्ण समाजलाई जोगाउने उत्तरदायित्व छ ।

**तपाई ती ८ करोड ७० लाख जनतालाई पीडित भन्नुहुन्छ ?**

हो, यो एक प्रकारको नराम्रो घटना हाम्रै आँखा अगाडि भयो र उनीहरू फस्न बाँध्य भए ।

> फेसबुकको सुरुवातदेखि नै धेरै गल्ती भएका छन् । हामीले यस्ता गल्ती समयसँगै सच्याइरहेका छौं, तर अहिलेको समस्याजस्तै ठूला गलत समाचार, बाहिरी देशको प्रभाव, चुनावमा पर्ने प्रभावमाथि चाहिँ अझै केही ठूला कदम चाल्नुपर्ने देखिन्छ । यसका लागि हामीले प्रशस्तै काम गर्नुपर्नेछ । आउने दिनमा प्रयोगकर्ताहरुले केही राम्रा चीज देख्न पाउनु हुनेछन् ।

**फेसबुकमा विविधताको कमी छ । तपाईंको फेसबुकले कुनै पनि नागरिक अधिकार संस्थाको साथ लिएर यस्ता समस्या सुल्झाउन केही गर्न सक्छ ?**

यो एकदम राम्रो सोच हो । यदि त्यसरी आबद्ध हुन चाहे आबद्ध हुन सकिन्छ ।

**कानुनी संस्थाले फेसबुकमार्फत कसैमाथि आँखा लगाउँछन् । के तपाई विश्वस्त तुल्याउन सक्नुहुन्छ फेसबुकले कानुनी संस्थाहरूलाई यसमार्फत कसैमाथि आँखा लगाउने अधिकार दिएको छैन ?**

त्यस्तो अधिकार दिएको छैन । कानुनी संस्थाले हामीबाट अनुमति लिइसकेपछि मात्र त्यस्तो कार्य गर्न पाउँछन् ।

**फेसबुकमा नागरिकविरुद्धको भेदभावजस्तो विषय पनि व्याप्त छन् । यसका लागि के–कस्तो कदम चलाइरहनुभएको छ ?**

यसका लागि कृत्रिम बौद्धिकता (Artificial Intelligence-AI) का माध्यमबाट काम गरिरहेका छौं, तर यसमा अलिक बढी जोड दिनुपरेको छ र यसमा हामी अझ राम्रोसँग काम गर्ने प्रयास गरिरहेका छौं । अहिलेको अवस्थामा खुसी हुनुपर्ने चाहिँ देखिँदैन, अझ धेरै कार्य गर्न सकिन्छ ।

**अहिलेको तपाईंको मुख्य काम के हो ?**

अब आउने वर्षहरूमा हुन लागेका कुनै पनि चुनावमा हस्तक्षेप हुन नदिनु ।

**फेसबुक एउटा टेक्निकल कम्पनी हो कि विश्वकै सबैभन्दा ठूलो प्रकाशक ?**

मेरो हिसाबले फेसबुक एउटा टेक्निकल कम्पनी हो । हामी यसभित्रका सामग्री वा सूचनाका लागि हकदार छौं, तर हामी आफैं सूचना वा सामग्री बनाउँदैनौं ।

**रूस र चीन सरकारसँग फेसबुकको डाटा जम्मा भैरहेको आरोपमा कति सत्यता छ ?**

हामी यस विषयमा अध्ययन गर्दैछौं । हामीलाई ती देशका बारेमा खासै ज्ञान छैन् तर ती देश पक्कै पनि फेसबुकबाट फाइदा लिन खोजिरहेका छन् ।

**तपाई कुनै यस्तो कानुनको पक्षमा उभिनुहुन्छ, जसले फेसबुक वा अरू माध्यमबाट आएका सूचनाहरू अरू सन्दर्भमा प्रयोग गर्नुभन्दा अघि अनुमति लिन जरुरी छ ?**

यो एकदमै ठीक कुरा हो ।

**यो सन्दर्भमा तपाई कानुनलाई सहयोग गर्नुहुन्छ ?**

अवश्य, तर हरेक विवरण र बेहोरा हेर्नु जरुरी छ ।

**सामाजिक सञ्जालको लत चिन्ताको विषय हो कि होइन ?**

यो त सबैले सोच्ने विषय हो, तर कति प्रयोग गर्ने प्रयोगकर्ता आफैंले विचार गर्नुपर्छ ।

**फेसबुक सुरक्षित अनुभव गर्नका लागि हो कि यसबाट सुरक्षित हुनका लागि ?**

फेसबुक आफैंमा सुरक्षित भएकाले म आफैं र मेरो परिवार हरेक समय यसको प्रयोग गरिरहेका हुन्छौं ।

**फेसबुकका के–कति कुरा स्टोर हुन्छ । के हामीले क्लिक गरेका सबै चीज कतै स्टोर हुन्छन् ?**

हो, फेसबुकमा स्टोर भैरहेका हुन्छन् ।

**फेसबुकले कोही हिजो राति बसेको होटलको नाम सेयर गर्न सक्छ अथवा कसैलाई पठाएको म्यासेज सेयर गर्न सक्छ ?**

अहँ सक्दैन, कुनै व्यक्तिले आफ्ना के–कति सूचना सेयर गर्न चाहने हो, त्यो सबै उसको आफ्नै हातमा हुन्छ ।

**के फेसबुक कसैको एकाधिकार हो ?**

मलाई त त्यस्तो लाग्दैन ।

**त्यसो भए हामीले किन आफ्ना सूचना तपाईंलाई परिचालन गर्न दिने ?**

परिचालन त जसले पनि गर्न सक्छन्, तर हामीहरू सही परिचालनका लागि बसेका हौं ।

**प्रयोगकर्ता लगआउट भैसकेपछि पनि फेसबुकले त्यसको ब्राउजिङ डाटा ट्र्याक गर्न सक्छ ?**

फेसबुकले cookies लाई ट्र्याक गर्छ ।

**(गार्जियन र अन्य एजेन्सीहरूको सहयोगमा)**

# ०७५ सालमा
# कस्तो फेसन चल्ला ?

प्रस्तुति : महेश तिमल्सिना

युवापुस्ता फेसन र स्टायलमा बढी कन्सस छ । अन्तर्राष्ट्रिय बजारमा मार्केट लिएको नयाँ फेसन केही समयमै नेपाल भित्रिन्छ अनि नेपालीहरु पनि त्यसकै पछि लाग्छन् । गतवर्ष युवतीहरूमा क्रप टप्स, ब्यागी जिन्स, ग्रान्च जिन्स तथा पार्टी वेयरमा लेहेंगा आदि चलेका थिए भने पुरुषहरूमा क्याजुअलमा फिटेट सर्ट, मोदी कोट तथा ब्लेजर्सले एकछत्र बजार लियो । अब यो वर्ष अर्थात् ०७५ सालमा कस्तो फेसन ट्रेण्डमा आउला त ? नेपालका तीन जना सक्रिय फेसन डिजाइनरको आँकलन :


उत्तम बनेपाली, फेसन डिजाइनर

### क्याजुअल वेयर
क्याजुअल वेयरमा युवाहरूले कटन तथा लिलेनका पहिरन मन पराउँदै आएका छन् । त्यसमा पनि हाफ पाइन्ट तथा हुडी टिसर्ट चल्ने सम्भावना धेरै छ । युवतीहरूको हकमा भने जम्परले सबैको मन जित्नेछ । त्यसका अतिरिक्त मिनिस्कर्ट तथा आउटरहरूले पनि बजार लिन सक्छन् ।

### पार्टी वेयर
पार्टी वेयरमा युवाहरूको हकमा कोट-सुट, लिलन तथा कटन कोट ट्रेण्डमा आउने सम्भावना छ । युवतीहरूमा रसिल्क, सिल्क, कटन तथा नेटका कपडा बढी चल्न सक्छन् । ती कपडाका लेहेंगा, साडी, वन पिस गाउन तथा ककटेल ड्रेसहरू धेरैले रुचाउने छन् ।

### जाडोयाम
जाडोयाममा युवाहरूले मोटो लाइक्रा तथा कटनका टिसर्ट रुचाउने छन् । त्यस्तै जम्पर ज्याकेट तथा आउटरहरू ट्रेन्डमा आउन सक्छन् । क्याजुअल वेयरमा फिटिङ ट्राउजर पनि चल्न सक्छ । गत वर्ष युवतीहरूमा उलनको लङकोट लोकप्रिय थियो । यो वर्ष त्यसको आकारमा परिवर्तन आउने सम्भावना छ । किनभने यो बजारमा भर्खरै आएको नयाँ आइटम हो । जाडोमा युवतीहरूको लेगिज, कोट तथा टप बुट चल्न सक्छ ।

### चश्मा
गत वर्ष युवाहरूमा मर्करी डिजाइनको चश्मा लोकप्रिय थियो । हिजोआज स्टिलको फ्रेमभन्दा प्लास्टिकको फ्रेम बढी चल्दैछ । पहिले मर्करी ग्लास कालो कलरमा मात्र आउँथ्यो, तर अहिले यो थुप्रै कलरमा उपलब्ध हुनथालेको छ । त्यसैले यो वर्ष मर्करी ग्लासले बजार लिन सक्छ ।

### जुत्ता
यो वर्ष क्याजुअल वेयरमा स्लिपर जुत्ता चल्न सक्छ । त्यस्तै, गर्मी महिनामा जालिदार जुत्ता तथा लेदरको हाफ सुजले पनि बजार पाउनेछ । गर्मी यामका लागि जुत्ताबाट बाहिर ननिस्कने मोजा ट्रेन्डमा छ । युवतीहरूमा पनि जलीवाला स्यान्डल चल्ने सम्भावना धेरै छ । जाडोयाममा युवाहरू हाप टप तथा कट बुटतर्फ आकर्षित हुन सक्छन् ।

### यो वर्षको विशेष
जाडो मौसममा युवतीहरूबीच मखमल, ब्रोकेट, पश्मिना तथा उलनका कपडा बढी प्रिय हुन्छन् । पार्टी वेयरमा यी कपडाका गाउनले बजार लिन सक्छ । यस्तो पहिरन अहिले अधबैंसे महिलाहरूले पनि लगाइरहेका छन् । युवाहरूमा चाहिँ कोटमा कलरफुल चेक कोट, पाइन्ट, वेस्ट कोट आदि चल्ने सम्भावना बढी छ ।




रश्मि तण्डुकार, फेसन डिजाइनर

यो वर्ष जाडो र गर्मी दुवै मौसममा कुर्ताले नै बजार ओगट्ने सम्भावना छ । अर्को कुरा युवतीहरू पहिरनको रंगमा बढी सचेत हुन थालेका छन् । कलर पनि गर्मी र जाडो मौसमअनुसार फरक-फरक हुन्छ । युवतीहरूले छालाको सुरक्षाका लागि पनि कलरफूल कपडा प्रयोग गर्न सक्छन्, जसले गर्दा अनुहारलाई सूर्यको विकीरणबाट जोगाउन सकिन्छ ।

### क्याजुअल वेयर
गत वर्ष युवतीहरूको फेसनमा चुज स्टाइलको ग्रन्ज पाइन्ट चलेको थियो, तर यो वर्ष बेली बटम पाइन्ट ट्रेन्डमा आउने सम्भावना छ । युवतीहरू पछिल्लो समयमा ढाकाका कपडामा आकर्षित हुन थालेका छन्, जसले गर्दा यो वर्ष ढाकाको टप्स, आउटर, कुर्ता आदि पनि चल्न सक्छन् । त्यस्तै, पार्टी वेयरका लागि ढाकाको लेहेंगा, हेभी कुर्ता तथा गाउनसमेत ट्रेन्डमा रहन सक्छ ।

### जाडो मौसममा
यो वर्षको जाडो याममा उलनका ज्याकेट चल्न सक्ने सम्भावना धेरै छ । यद्यपि त्यसलाई लगाउने शैली केही फरक हुन सक्छ । त्यस्तै, मफलर तथा सल ओड्ने स्टाइल पनि गतवर्षको भन्दा पृथक हुनसक्छ ।

### यो वर्षको स्पेसल
गतवर्ष फ्लावरवाला जियोम्याट्रिक प्याट्रन धेरै चलेको थियो । यसपालि चाहिँ एब्स्ट्र्याक प्याट्रन चल्न सक्ने सम्भावना छ ।

### वर्षा याममा
वर्षायाममा लाइटभन्दा पनि अर्फो कलरका पहिरन बढी रुचाइनेछ ।

### चश्मा
गत वर्ष नियोन ग्लास लोकप्रिय थियो । यो वर्ष पनि यसैले बजार पिट्न सक्छ, तर नियोन ग्लासको आकार भने फरक हुन सक्छ । आफ्नो अनुहारको बनावटसँग मेल खाने चश्माको प्रयोग बढ्नेछ ।

### जुत्ता
महिलारूका लागि गर्मी र वर्षायाममा फ्ल्याट्स, ब्यालेरिना जुत्ता चल्न सक्छ, किनभने यस्ता जुत्ता लगाउन सजिला मात्र हुँदैन-हिँड्दा सहज तथा शीतल पनि हुन्छ । यो जुत्ता लगाउँदा पैतलामा पसिना आउँदैन । त्यस्तै, जाडोयाममा लेदर बुट, हाइ बुट तथा थाइ बुट चल्न सक्छन् । त्यस्तै, स्पोर्ट्स सुजहरू पनि न्यानोका हिसाबले अत्यधिक रुचाइनेछ ।



### फेब्रिक
यसपालि गर्मी याममा कटनका कपडा धेरै चल्ने सम्भावना छ । गर्मीयाममा शरीर नपोल्ने भएकाले पनि कटनको फेसन सदावहार रहन्छ । त्यस्तै, रेयोन तथा सिल्कका कपडा पनि चल्न सक्छन् । जाडोमा उलनको कपडा फेसनमा रहने छ भने नेपाली कपडामा अल्लो पनि चल्ने सम्भावना छ ।


सुष्मा थापा, फेसन डिजाइनर

### क्याजुअल
महिलाहरूमा गत वर्ष हट पाइन्ट, अफ सोल्डर डिजाइनको टिसर्ट तथा वन पिस फेसनमा थिए । यो वर्षचाहिँ लङ ड्रेस, ज्यापर ड्रेस, जम्प सुट, म्याक्सी आदि ट्रेन्डमा आउन सक्छन् । यस्तै, जाडो मौसममा यिनै डिजाइनका फेसन चल्न सक्छन्, तर फेब्रिकचाहिँ फरक हुनसक्छ । गर्मीमा कटन, रेवन, सिल्क, जर्जेट फेब्रिकहरू चल्छन् भने जाडोमा चाहिँ उलनका कपडा बढी प्रिय हुन्छन् ।

### जुत्ता
गत वर्षको तुलनामा यो वर्ष कन्भर्स, क्लोज सुज तथा कोल्हापुरी चप्पलले राम्रो बजार लिने सम्भावना छ । यद्यपि यो वर्ष कन्भर्स जुत्तामा हट पाइन्ट तथा टिसर्टहरू बढी चल्न सक्छन् । युवापुस्ताले कोरियन तथा जापानी फेसनलाई बढी रुचाएको पाइन्छ जसले गर्दा यो वर्ष पनि कोरियन तथा जापानी फेसन प्राथमिकता मै रहनेछ । पार्टी वेयरमा स्यान्डल तथा सर्ट ड्रेस बढी चल्न सक्छन् ।


### चश्मा
गत वर्ष महिलाहरूले रेवन ब्रान्डका चश्मा कमै मात्रामा लगाए । यो वर्ष गुसी तथा प्राडा ब्रान्डका चश्मा बढी चल्न सक्छन् ।

### स्पेसल
यो वर्ष महिलाहरूमा जम्प सुट तथा ज्यापर चल्ने सम्भावना बढी छ ।

### हेयर स्टायल
महिलाहरूको हेयर स्टाइल वर्षैपिच्छे परिवर्तन हुन्छ । गत वर्ष केश छाडेर पफ बनाउने स्टाइल चलेको थियो भने यो वर्ष चाहिँ कोनिटेल, ट्विस्ट तथा बाट्ने स्टाइल लोकप्रिय हुने सम्भावना छ ।



### मेकअप
कपडापछि महिलाहरूले मुख्य प्राथमिकता दिने भनेको मेकअपलाई हो । अहिले युवतीहरूले हेभी मेकअप गर्न छाडेका छन्, जसले गर्दा लाइट, साइनिङ तथा वाटरप्रुफ मेकअप चल्न सक्छ । युवतीहरूले मेकअप गर्दा आँखा र ओठलाई बढी हाइलाइट गर्न सक्छन् ।



साहित्य

# साहित्यमा वर्ष २०७४ लाई फर्केर हेर्दा



वर्ष २०७४ मा नेपाली भाषाका केही त्यस्ता आख्यान बजारमा आए जसले नेपाली साहित्यलाई उकालोतर्फ धकेले । यो वर्षलाई खासगरी सिमान्तकृत वर्गले आफ्नो स्थान खोजेको कुरा समेटिएको साहित्यको वर्षका रुपमा सम्झनुपर्ने हुन्छ । वर्षका दुई चर्चित कृति विवेक ओझाको ऐलानी र सरस्वति प्रतीक्षाको नथियाले पश्चिम नेपालको सामाजिक कोढ मानिदै आएको बादी समुदायको शरीर बेच्नुपर्ने बाध्यताको कथा सार्वजनिक गरेका थिए । यी दुइ पुस्तकका बारेमा उपन्यासकार अमर न्यौपाने भन्छन्- ऐलानी उपन्यास भोक र भोग अनि शरीर सम्भोगको अभिशप्त कथा हो । बादी समुदायकै कथाव्यथामा आधारित सरस्वती प्रतीक्षाको उपन्यास नथिया त्यसको दुई महिनापछि प्रकाशित भयो । ऐलानी र नथिया दुवै खोजपरक तरिकाले लेखिएका आख्यान हुन् । नेपालमा रहेका बढीभन्दा बढी भाषिका, संस्कृति, परम्परा एवं पीडाका कथा सार्वजसिनक हुनु साहित्य क्षेत्रकै लागि राम्रो संकेत हो ।

लेखक अमर न्यौपानेका अनुसार साहित्य क्षेत्रका लागी वर्ष २०७४ सुखद एवं सकारात्मक रह्यो । यो वर्ष २५ देखि ७५ वर्षसम्मका सर्जकका बिभिन्न कृति बजारमा आए । त्यसमा समालोचक कृष्ण गौतमको रानीवनदेखि विवेक ओझाको ऐलानी, निलम कार्कीको योगमाया, अर्चना थापाको कठपुतलाजस्ता पुस्तक प्रमुख थिए । लेखक न्यौपानेका अनुसार पुस्तकको संख्या बढ्दै गएपछि नै साहित्यले गुणात्मक विकासको बाटो खोज्न थाल्छ । सबै फूल फल हुँदैनन् । सबै फल बीउ हुँदैनन् अनि सबै बीउ बिरुवा हुँदैनन् भने सबै बिरुवा रूख हुँदैनन् । जुन बीउ रूखसम्म विकसित हुन्छ, त्यसको खास अर्थ हुन्छ । साहित्यमा पनि यस्तै हुन्छ । संसारकै नियम हो, सबै कृति कालजयी हुँदैनन् । समयले लिएको परीक्षामा उत्तीर्ण भएपछि मात्र कुनै पनि कृति कालजयी हुन्छ । हाम्रो सन्दर्भमा यो वर्ष सार्वजनिक भएका केही चर्चित कृतिको आयु कति होला त्यो समयले बताउने नै छ तर जे-जस्ता संकेत देखिए त्यसले के भन्छ भने यो वर्ष साहित्यमा पाइला टेक्ने नयाँ पुस्ताका सर्जकहरू गहन अध्ययनपछि नै साहित्यमा आएका छन् र उनीहरूको कृतिमा सम्बन्धित विषयवस्तुमा पर्याप्त अनुसन्धान, अध्ययन गरिएको छनक पाउन सकिन्छ ।

मदन पुरस्कार विजेता घनश्याम कँडेल उपन्यासका क्षेत्रमा यो वर्ष उल्लेख्य प्रगति भएको मान्छन् । उपन्यासको तुलनामा कथा, कविता आदि विधाका पुस्तक संख्यात्मक रूपमा कमै प्रकाशित भएको कँडेलको मूल्यांकन छ । लेखक अर्चना थापाका अनुसार यो वर्ष तुलनात्मक रूपमा बढी पुस्तक प्रकाशित भए । यो वर्ष पुस्तक र पठन संस्कृतिलाई सञ्चार माध्यमले पनि पर्याप्त ठाउँ दिए । त्यति मात्र होइन, प्रायः काठमाडौंमै हुने साहित्यिक कार्यक्रमले यो वर्ष काठमाडौंको घेरा नाघे अर्थात् राजधानीबाहिरका सहरमा त्यस्ता साहित्यिक कार्यक्रम बढी भए ।

वरिष्ठ साहित्यकार ध्रुवचन्द्र गौतमका अनुसार यो वर्ष नेपाली साहित्यमा जे देखियो, सुनियो वा पढियो त्यसले नेपाली साहित्यको स्तर र मौलिकता क्रमशः उकालो लागिरहेको अनुभूति दियो । बजारमा धेरै विधाका धेरै थरीका पुस्तक देखा परे । अर्को कुरा के पनि देखियो भने कतिपय लेखकले पुस्तक लेख्ने घोषणा गर्नेबित्तिकै उनीहरूकहाँ प्रकाशकहरूको ताँती नै लाग्यो । साहित्यको बजार बनाउन प्रकाशकहरू पनि नयाँ-नयाँ योजनाका साथ अगाडि आए । यसले के संकेत गर्छ भने टेलिभिजन, स्मार्ट फोन, इ-बुक आदिको यो जमानामा पनि पुस्तक पढ्ने क्रेज घटेको छैन ।

लेखक कुमारी लामा यो वर्ष साहित्यिक कार्यक्रमहरू धेरै भएको बताउँछिन् । त्यस्तै कुमारीको दृष्टिमा कसैले नउठाएका कतिपय विषयवस्तुमा आधारित पुस्तक लेखिनु नेपाली साहित्यकै लागि अर्को सकारात्मक संकेत हो ।

### ४० भाषाका कविता

गत वर्ष अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसर छोपेर नेपाल प्रज्ञा प्रतिष्ठानले राष्ट्रिय मातृभाषा कविता महोत्सव सञ्चालन गऱ्यो । नेपालमा १ सय २३ भाषा बोलिने सन्दर्भमा ती भाषाको संरक्षणका लागि एउटा सानो प्रयासका रुपमा उक्त कविता महोत्सव आयोजित गरिएको कार्यक्रम संयोजक तथा प्रज्ञा सदस्य श्रवणकुमार मुकारुङले बताए । उक्त कार्यक्रममा विभिन्न समुदायबाट छनौट भएका ४४ कवितामध्ये ४० प्रतियोगीको कविता वाचन गरिएको थियो ।

### ८ नेपाली साहित्य दूतको घोषणा

विश्व नेपाली साहित्य महासंघ, विश्व केन्द्रीय समितिले नेपाली साहित्यका आठ महत्वपूर्ण व्यक्तित्वलाई साहित्यदूत- २०१८ घोषणा गऱ्यो, जसअनुसार नेपाली साहित्यदूत (सगरमाथा) तुलसी दिवस र नेपाली साहित्यदूत (कञ्चनजंघा) प्रा.डा. टंकप्रसाद न्यौपाने (नेपाल), नेपाली साहित्यदूत (ल्होत्से) मनप्रसाद सुब्बा र नेपाली साहित्यदूत भीम विरही (भारत), नेपाली साहित्यदूत (मकालु) टेकनारायण रिमाल र नेपाली साहित्यदूत (मनासलु) ठाकुरप्रसाद गुरागाईं (म्यानमार), नेपाली साहित्यदूत (चोयु) भक्त घिमिरे (भुटान र अमेरिका) र नेपाली साहित्यदूत (धौलागिरि) अन्नपूर्णलक्ष्मी राई (बेलायत) घोषित भए ।

### २०७४ का पाँच साहित्यिक पुरस्कार

**अन्तर्राष्ट्रिय भाषा साहित्य पुरस्कार**
राशि : १ लाख ५० हजार रुपैयाँ
सम्मानित व्यक्ति : कृष्ण धरावासी

**मदन पुरस्कार**
राशि : २ लाख रुपैयाँ
सम्मानित व्यक्ति : घनश्याम कँडेल

**पहिचान पुरस्कार**
राशि : २ लाख २ हजार रुपैयाँ
सम्मानित व्यक्ति : यज्ञश

**जगदम्बा श्री पुरस्कार**
राशि : २ लाख रुपैयाँ
सम्मानित व्यक्ति : वात्सायन (दुर्गा बराल)


**पद्मश्री पुरस्कार**
राशि : २ लाख रुपैयाँ
सम्मानित व्यक्ति : नवराज पराजुली


## २०७४ का चर्चित पुस्तक










### भुइँयाँ

यो पुस्तकमा पहिचान प्राप्तिका लागि संघर्ष गरिरहेका जाति एवं समुदायको संघर्षलाई मार्मिक ढंगमा प्रस्तुत गरिएको छ । यज्ञसले लेखेको तथा फाइन प्रिन्टले बजारमा ल्याएको यो कृति गत वर्ष सर्वाधिक बिक्री भएको पुस्तकमध्ये एक हो । यो कृतिले २ लाख २ हजार रुपैयाँ राशिको पहिचान पुरस्कार पनि प्राप्त गरेको थियो ।

### रजगज

पत्रकार हरिबहादुर थापाको रजगजमा तत्कालीन राजदरबारको दाउपेच, विभिन्न घटना अध्ययनका क्रममा हुने जाँचबुझ र कार्यान्वयन नहुने प्रतिवेदन, पञ्चायतकालीन काण्डहरू, भ्रष्टाचारमा मुछिएका राजनीतिक अनुहारहरू, कर्मचारीतन्त्रमा व्याप्त विकृतिजस्ता विषय समेटिएका छन् । प्रकाशक फाइन प्रिन्टका अनुसार यो धेरै बिक्री हुने पुस्तकमध्ये एक हो ।

### धृतराष्ट्र

कवि घनश्याम कँडेलको छैटौं महाकाव्य हो– धृतराष्ट्र । यसमा दृष्टिविहीन धृतराष्ट्र ठूलो छोरा भए पनि दृष्टिविहीन भएकाले राजा हुन नपाएको प्रसंग उल्लेख छ । सुरुमा भाइ राजा भएको र भाइको मृत्युपछि मात्र धृतराष्ट्र राजा भएको कथा यो कृतिमा समेटिएको छ ।

### नथिया

कवि सरस्वती प्रतीक्षाको पहिलो उपन्यास हो– नथिया । यसमा बादी महिलाहरूको जीवनलाई मार्मिक ढंगले वर्णन गरिएको छ । महिलाहरूसँग आफ्नो अस्तित्व खोज्न आग्रह गरिएको सरस्वतीको यो कृति बुक हिलले बजारमा ल्याएको हो ।

### महको म


यो वर्ष चर्चामा आएको अर्को पुस्तक हो, हास्य अभिनेता मदनकृष्ण श्रेष्ठको आत्मकथा महको म । यो पुस्तक पनि सर्वाधिक बिक्री हुने पुस्तकमध्ये एक हो । यसमा मदनकृष्णले आफ्नो बाल्यकालदेखि अहिलेसम्मका संघर्ष, उपलब्धि, विवाह, हास्यव्यंग्य यात्रा आदिका सम्बन्धमा उल्लेख गरेका छन् ।


### दोचा

लेखनमा आफ्नो बेग्लै छाप छोड्न सफल कुमार नगरकोटीको दोचा यो वर्षको अर्को चर्चित कृति हो । यसमा नगरकोटीले आफ्नो जीवनका सम्बन्धहरूलाई समेटेका छन् । पुस्तकको विषय तथा कथा भन्ने शैली रोचक छ ।

### पाठशाला

पोखरेली साहित्यकार तीर्थ गुरुङको उपन्यास पाठशाला यो वर्षको चर्चित पुस्तकमध्ये एक हो । दुवै मृगौला प्रत्यारोपण गरेका तीर्थ दुई दशकदेखि साहित्यमा क्रियाशील छन् । यो पुस्तकले किशोरवयदेखि प्रौढ अवस्थासम्मको मनोविज्ञानलाई बुझ्न सघाउँछ ।




### यार

उपन्यासकार नयनराज पाण्डेको यारमा उनको बाल्यकालदेखि अहिलेसम्मका २५ वटा संस्मरण संग्रहित छन् ।

### हजार माइलको बाटो

नेपाली आख्यानमा बेग्लै स्थान बनाएका लेखक नारायण ढकालको उपन्यास हजार माइलको बाटोमा ढकालले काठमाडौंको जनजीवन तथा माओवादी विद्रोहको अध्यारो पाटोलाई उजागर गरेका छन् । यो पुस्तक फिनिक्स बुक्सले बजारमा ल्याएको हो ।

### अविजित

चर्चित कवि तथा गीतकार विप्लव प्रतीकको उपन्यास अविजित यो वर्ष चर्चामा रहेको कृति हो । नेपालको वामपन्थी आन्दोलनले बिर्सिएको एउटा पात्रमाथि केन्द्रित भएर लेखिएको यो उपन्यास बुक हिलले प्रकाशन गरेको हो ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

वैशाख ९ गते
रवि सप्तमी

वैशाख १३ गते
मोहिनी एकादशी व्रत

## मेष

नयाँ वर्षसँगै विशेष उपलब्धि हात पार्न सकिनेछ। विदेशी साथीभाइसँगको सम्बन्ध थप प्रगाढ हुनेछ। लामो यात्रा गर्ने अवसर जुट्न सक्छ। फाइदामूलक व्यवसाय सञ्चालनमा आउन सक्छ। खराब आचरण हुनेहरूले जालझेल गर्न सक्छन्। प्रलोभन देखाउनेहरूबाट टाढै रहनुमा भलो छ।

## वृष

परिश्रम मुताबिक राम्रै फल पाइनेछ। पुरुषार्थ अनुरूप नाम र दाम स्वतः बढ्नेछ। अरूलाई वचन दिने बानीले अप्ठ्यारोमा पार्न सक्छ। जीवनशैलीमा परिवर्तन ल्याउन दृढ संकल्पको खाँचो छ। बोलीको मधुरताको बलमा आर्थिक संकटलाई परास्त तुल्याउन गर्न सकिनेछ।

## मिथुन

परिणाममुखी कार्य सम्पन्न गर्न अझै केही समय कुर्नुपर्ने हुन्छ। हरियो रंगको प्रयोगले विशेष फाइदा दिलाउनेछ। परिस्थिति विचार गरी भावना मिल्ने साथीहरूसँग संयुक्त लगानीमा काम गर्न ढिला नगर्नुहोला। प्रेम प्रस्ताव प्राप्त हुनसक्छ। परिवारको सुझावअनुरूप निर्णय गर्नुहोला।

## कर्कट

मित्रहरूले विभिन्न जिम्मेवारी दिलाउनेछन्। दुविधापूर्वक गरिएको काममा अपजस आइलाग्ने हुनाले सरोकार नभएका विषयमा ध्यान दिनु उचित हुँदैन। आफ्ना गोप्य सूचनाहरू बाहिरिनाले मर्यादामा आँच आउन सक्छ। प्रेममा अविश्वासको वातावरण सिर्जना हुनसक्छ।

## सिंह

टाढा भएका मित्रहरूले विश्वास गर्ने वातावरण बन्दैछ। केही नम्र भएर कार्य सम्पन्न गर्नुहोला। पूर्व योजनाबिना आकस्मिक यात्रा गर्नाले अतिरिक्त खर्चको बोझ आइलाग्नेछ। प्रेमिकाले उपहार प्रदान गर्दै थप प्रस्ताव राख्न सक्छिन्, छिट्टै निर्णय गर्नुमै आफ्नो भलो छ।

## कन्या

आलोचना गर्नेहरूले स-साना त्रुटि औंल्याइदिँदा आफू अझ उचाइमा पुगिनेछ। भाग्यले साथ दिए पनि मनमा उत्पन्न शंका तथा डरले बनिसकेको काममा दुविधा उत्पन्न गराउन सक्छ। सूर्य देवको आराधनाले भयमुक्त हुन सहयोग पुर्‍याउनेछ।

## तुला

प्रयास दोहोर्‍याउन सके अप्ठ्यारो कार्य पनि सम्पन्न हुनेछ। प्रेमी-प्रेमीकाबीचको ठाकठुक विश्वासमा परिणत होला। समयलाई बेवास्ता गर्दा पछि परिनेछ। साझेदारी व्यवसायमा उथलपुथल देखा परे पनि विहीबारपछि स्वतः उचाइमा पुगिनेछ। मेहनत गर्न सके षड्यन्त्रकारीहरूलाई परास्त गर्न सकिनेछ।

## वृश्चिक

भ्रमणका क्रममा अपेक्षाभन्दा बढी खर्च गर्नुपर्ने बाध्यता आइलाग्न सक्छ, जसले आर्थिक संकट सिर्जना गर्नेछ। स्वास्थ्यको ख्याल नगरी खानपानमा रमाउँदा पेटसम्बन्धी समस्याले पिरोल्ने सम्भावना छ। रातो रंग प्रयोग गर्दा आफ्नो मेहनत खेर जानेछैन। काममा सफलता प्राप्त गर्न केही ढिलाइ हुनसक्छ।

## धनु

व्यवसाय आरम्भ गर्न पारिवारिक मत मिल्नेछ। लगानी सही ठाउँमा होला। प्रेमिकाले विभिन्न दोषारोपण गर्दै गुनासो गर्ने छिन्, भावना बुझ्ने प्रयत्न गर्नुहोला। साताको अन्त्यमा शारीरिक थकान महसुस हुनेछ। जुस तथा फलफूलको सेवनमा जोड दिनुहोला।

## मकर

लक्ष्य प्राप्त गर्न थप मेहनतको आवश्यकता छ। परिवारजनको भावनालाई बेवास्ता गर्दा समस्या सिर्जना हुनसक्छ। गल्ती सच्याउनाले सामाजिक क्षेत्रमा महत्वपूर्ण अवसर प्राप्त भै टाढिएका साथीभाइ नजिकिनेछन्। नयाँ अवसरका लागि शक्तिशाली व्यक्तिसँग प्रतिस्पर्धा गर्नुपर्ने हुनसक्छ।

## कुम्भ

तपाईंको सामाजिक सक्रियताले परिवारकै प्रतिष्ठा वृद्धि गराउनेछ। स्वरोजगार हुँदा हर्षले गद्गद भइनेछ। चियोचर्चा गर्नेहरूबाट सावधान रहनुमै आफ्नो भलो छ। आफन्त तथा प्रशंसकहरूलाई फरक अनुभूति प्रदान गर्न सकिनेछ। केही दिनको अन्तरमा अन्य अवसर समेत फेला पर्ने छन्।

## मीन

प्रेमिकाले मठ-मन्दिरमा भेट्ने प्रस्ताव राख्न सकिन्छ, उनको अनुरोधलाई स्वीकार गर्दा दुवैको भलो हुनेछ। मर्यादा पालन नगर्दा अफिसियल कार्यमा अवरोध सिर्जना हुनसक्छ। नाफामूलक व्यवसाय सुरुवात गर्न साझेदारहरूबीच मत मिल्नेछ। चियोचर्चा गर्नेहरूबाट सावधान रहनुहोला।

**अब हाम्रो पालो**

# नेपाली कांग्रेसले अब के गर्नुपर्ला ?

कांग्रेस अब रेस गर्न नसक्ने भयो। बरु अब रेस्ट गरे हुन्छ।

**टाइटन सुमन**

अब नेपाली कांग्रेसले हिन्दूहरूको एक मात्र चाहना नेपाललाई हिन्दू राष्ट्र बनाउन अघि बढ्नुको बिकल्प छैन। यही मुद्दा बोकेर हिँड्नुपर्छ।

**महेन्द्र गैरे**

राजनीति छाडेर समाज सेवामा लागे हुन्छ।

**अमित**

रूख रोप्नु पर्ला।

**यरस**

हरेक कुरामा नकारात्मक तर्क गर्न छोडेर, एमाले र माओवादीहरूले गरेका राम्रा कामको खुलेर प्रशंसा गर्नुपर्छ। नेपाली कांग्रेस पार्टी कुनै गुटको समर्थन वा विरोधमा भन्दा देश र जनताविरुद्ध हुने गतिविधि विरुद्ध प्रखर रूपमा प्रस्तुत हुन सक्नुपर्छ।

**जीवन भट्टराई**

रूखले के गर्छ र ? वामपन्थी सरकारलाई छहारी (छायाँ) दिनु उचित होला।

**मिलन बोहरा**

मलाई पार्टी सभापति बनाउनुपर्छ।

**वर्षा गिरी ऋतु**

पार्टी नै खारेज गर्नुपर्छ।

**कार्की काजी**

यही प्रश्न मैले साप्ताहिकसँग सोधे भने जवाफ के आउला ?

**दीपक बस्नेत**

सोच पुरानो भयो। पार्टी नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्छ।

**कैलाश पर्वत**

नयाँ पुस्तालाई स्थान दिनुपर्छ।

**हेम गिरी**

प्रतिपक्षमा बसेर सरकारको कामको सूक्ष्म निगरानी गर्ने। राम्रो काममा साथ दिँदै गलत कामको चर्को विरोध गर्ने। जनतालाई सास्ती हुने सरकारी कार्यालयमा निगरानी बढाइ चुस्त सेवामा अग्रसर हुने। भ्रष्टाचार हुने निकायमा अनुगमन बढाइ कर छल्ने व्यापारी तथा भ्रष्ट कर्मचारीलाई कारबाहीको दायरामा ल्याउने। यी सब काम नगरी पार्टी-पार्टी भनी खिचातानी मात्र गरी बस्नुभन्दा बरु पार्टी नै बन्द गरे हुन्छ।

**राजेश परियार**

अब कांग्रेसले केही गर्नुपर्दैन। किनभने जति शासन गर्नु थियो गरिसक्यो। अब कांग्रेस मृत्यु कुरिरहेको गोरु समान भएको छ।

**निशान्त अधिकारी**

के गर्नु र ? प्रचण्डलाई लड्डु देखाएर सरकार भंग गर्न सके, फेरि आलोपालो सरकार बनाउन पाउँथ्यो कि ?

**मदन अधिकारी**

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. हिजोआजका केटीहरू कतिको केटा जिस्क्याउँछन् ?

युवा नेताहरूलाई जिम्मेवारी सुम्पनुपर्छ। अझै पनि दम्भ देखाउन नछाड्ने हो भने एकादेशमा कांग्रेस भन्ने पार्टी पनि थियो कुरा भन्ने सुन्नमा आउनेछ।

**नेपाली मनोज**

अब कांग्रेसले आफैंभित्र रहेको गुटबन्दीको अन्त्य गरेर नयाँ नेतृत्व चयन गर्दै प्रतिपक्षीका रूपमा प्रभावकारी भूमिका खेल्नुपर्छ।

**अधुरो प्रेम कहानी**

अहिलेको सरकार गिराएर नयाँ सरकार बनाउनतर्फ लाग्नुपर्छ।

**राजेन्द्र श्री**

नेतृत्व असल व्यक्तिको हातमा गयो भने कांग्रेस अवश्य माथि आउनेछ।

**हराएको अपरिचित मान्छे**

५ वर्ष तेल घसी घाममा बस्ने।

**धन लिम्बू**

कांग्रेसका सभापतिलाई नै थाहा छैन। हाम्लाई झन् के थाहा हुनु ?

**रितेश सापकोटा**

अब कांग्रेसले देशका समस्याहरूलाई कसरी सम्बोधन गर्ने भन्नेतिर ध्यान दिनुपर्छ।

**डल्ली कान्छी**

नेतृत्व परिवर्तन गर्नुपर्छ। युवा नेताहरूलाई अवसर प्रदान गर्नुपर्छ।

**सुरेश पुन मगर**

पार्टी बन्द गरेर आनन्दले बस्ने।

**भुवन बस्याल**

कांग्रेस पर्ख र हेरको अवस्थामा छ। अझैं केही समय कुर्नैपर्छ।

**कार्टर जोन**

पुरानो पुस्ताले नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्नुपर्छ।

**मदन आचार्य**

युवाहरूलाई कसरी आकर्षित गर्ने विशेष नीति बनाउनुपर्छ।

**संयोग**

समय अनुकुल विधान परिमार्जन गरेर तेस्रो पटक सभापति बन्न नपाइने निती बनाउनुपर्छ।

**संयम महर्जन**


नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना



CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।

* * * * * * * * * * * * * * * * * * * *

नोट: यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८, ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९



## यौन जिज्ञासा र समाधान



डा. राजेन्द्र भद्रा

मेरी गर्लफ्रेन्डले दुईपटक दुई महिनासम्मको गर्भपतन गराएको थाहा पाएँ । के अब उनबाट सन्तान हुनसक्दैन ? यसले भविष्यमा आमा र शिशुको स्वास्थ्यमा कुनै असर गर्छ कि ?

५९३०



### गर्भपतनको असर


गर्भको शिशु (भ्रूण) बाँच्न सक्ने अवस्थामा पुग्नुभन्दा पहिले नै गर्भावस्थाको अन्त्य हुनुलाई नै गर्भपतन भनिन्छ । सामान्य अवस्थामा यस्तै २४ हप्तासम्मको गर्भको अवस्थालाई शिशु बाँच्न सक्ने अवस्था मानिएको छ । विकसित देशहरूमा त्यसभन्दा केही बढी उमेरका गर्भस्थ शिशुलाई पनि बचाइएको पाइन्छ । गर्भ आफैं पनि तुहिन सक्छ भने अर्कातिर औषधी, औजार, सुई वा अन्य उपाय प्रयोग गरेर समेत गर्भपतन गराउन सकिन्छ ।

गर्भावस्थाको स्थिति, गर्भ तुहाउन गरिएका उपाय, गराउने व्यक्तिको दक्षता आदि कुरामा यसबाट हुने जटिलता तथा जोखिम निर्धारण हुन्छ ।

यति हुँदाहुँदै पनि गर्भपतन जोखिममुक्त भने हुँदैन । अन्य कतिपय कुराको जस्तै यसमा पनि नकारात्मक असर तथा जोखिम जोडिएको हुन्छ । प्रयोग गरिएको विधिअनुसार यसका असरहरू फरक-फरक हुन सक्छन् । पाठेघरको संक्रमण, रक्तस्राव, पाठेघर तथा पाठेघरको मुखमा चोट लाग्ने अनि पेटमा पीडा केही प्रमुख समस्या हुन् ।

### औषधीको असर ?

अहिले नेपालमा पनि औषधी खाएर गर्भ पतन गराउने विधि प्रयोगमा आइसकेको छ । तुलनात्मक रूपमा सुरक्षित र सेवन सरल भएकाले गरिएको हो । यसका लागि निश्चित औषधी मात्र प्रयोग गर्न पाइन्छ भने तालिमप्राप्त स्वास्थ्यकर्मीले सेवा प्रदान गर्ने नियम बनाइएको छ । यस्तो औषधी सूचीकृत सेवा केन्द्रबाट मात्र लिन सकिने व्यवस्था छ । यसरी सेवा दिंदा औषधी प्रयोग गरेपछि के कस्ता असर देखा पर्न सक्छन् भन्ने जानकारी मात्र होइन, कुनै जटिलता भए कोसँग कहाँ सम्पर्क गर्ने भन्ने जानकारी समेत दिइन्छ, जसले गर्दा व्यक्तिले अनावश्यक रूपमा दुःख पाउँदैन । तपाईंकी प्रेमिकाले कुन औषधी खानुभएको हो, कहाँबाट औषधी लिनुभएको हो भन्ने लेख्नुभएको भए जवाफ दिन सजिलो हुने थिया तैपनि नेपालमा गर्भपतनका लागि प्रयोग गरिने औषधीको असर :



- औषधी सेवन गरेपछि तल्लो पेट दुख्ने अनि योनिस्राव हुने । यो औषधीको सेवनपछिको अपेक्षित असर नै हो ।
- मिजोप्रोस्टोल औषधी सेवन गरिएको स्थितिमा ज्वरोका साथै काम ज्वरोसमेत आउन सक्छ ।
- मिजोप्रोस्टोल औषधी सेवन गरेको ४ घण्टाभित्रमा योनिबाट रगतको चोक्टा निस्कन थाल्छ ।
- यसरी औषधी सेवन गरेर गर्भपतन गराए पछि यस्तै ३ हप्ता सम्म थोरै मात्र रगत आउन सक्छ ।

### समस्या के हो ?

तपाईंले आफ्नी केटी साथीले गर्भपतन गराएको थाहा पाएँ भनेर लेख्नुभएको छ । यसले के संकेत गर्छ भने तपाईंहरूबीच न त गर्भनिरोधका बारेका कुरा हुन्छ वा न त गर्भ रहे के गर्ने भन्ने विषयमा छलफल नै हुन्छ । यसले एक किसिमको संवादहिनताको स्थितिलाई देखाउँछ । अहिले आफूले बोकेको गर्भलाई निरन्तरता दिने कि नदिने महिलाको वैयक्तिक अधिकारभित्र पर्ने भएकाले वास्तवमा कसैसँग सल्लाह लिनुपर्ने आवश्यकता छैन, तैपनि गहिरो प्रेममय सम्बन्धको सन्दर्भमा यस्ता विषयमा कुराकानी नहुनुले समस्या निम्त्याउन सक्छ ।

यहाँ हामीले बिर्सन नहुने कुरा के हो भने गर्भनिरोध पनि महिलाको आधिकार हो, तर अनिच्छित गर्भ रोक्न नसक्ने, गर्भ रहन दिने अनि त्यसलाई निरन्तरता नदिन बारम्बार गर्भपतन गराइएको पनि पाइन्छ । यदि महिलाको स्वास्थ्य अधिकारको कुरा गर्ने हो भने अनिच्छित गर्भ नै रोक्नु आवश्यक हुन्छ र त्यसलाई प्राथमिकताका साथ गरिनुपर्छ । हामीमध्ये धेरैलाई थाहा छ, गर्भनिरोधका उपाय सरल र सुलभ छन् । यसको प्रयोगबाट हुने नकारात्मक असर तथा जोखिम गर्भपतन वा बच्चा जन्माउनुको तुलनामा निकै कम अर्थात नगन्य छन्, तर अनिच्छित गर्भ रहन नदिने कुरामा भने पर्याप्त चर्चा र प्रयास नहुनु दुखको कुरा हो ।

### के गर्भपतनले बाँझोपन गराउँछ ?

गर्भपतनका लागि विभिन्न पद्धति अपनाउन सकिन्छ । कसरी, कहिले र कोबाट गराइएको भन्ने कुरामा यसका जटिलताहरू निर्भर गर्छन् । गर्भको निरन्तरता एवं सुरक्षित किसिमले दक्ष व्यक्तिवाट गराईएको गर्भपतनलाई दाँज्दा यसको कुनै दीर्घकालिन असर पर्छ भन्ने कुराको खासै आधार छैन । गर्भावस्थाको पहिलो तीन महिनामा भ्याकुम एस्पिरेसन पद्धतिवाट गराइएको गर्भपतनले महिलाको सन्तान उत्पादन गर्ने क्षमतामा खासै नकारात्मक असर पार्दैन । विशेषतः अदक्ष व्यक्तिद्वारा गर्भपतन गराउँदा पाठेघरमा पर्ने चोटपटक तथा संक्रमण जस्ता कुराले भने प्रजनन क्षमतामा असर पार्न सक्छ । भावी सन्तानलाई असर पर्ने कुनै ठोस आधार भने छैन भनेर बुझ्नुभए हुन्छ ।

## यौन मनोविज्ञान



करुणा कुँवर, मनोविद्

म २७ वर्षीया विवाहित महिला हुँ । मेरो विवाह भएको ३ वर्ष भयो । आपसी सल्लाहअनुसार नै हामीले अहिलेसम्म सन्तान जन्माएका छैनौं । यौनसम्पर्कको धेरैजसो समयमा मलाई सन्तुष्टिको अनुभूति नभएको महसुस हुन्छ भने मेरा श्रीमान्‌ले भने सन्तुष्टि महसुस गर्नुहुन्न । यौन सन्तुष्टिका लागि फोर प्ले आवश्यक हुन्छ भन्ने थाहा छ, तर श्रीमान्‌सँग यो विषयमा कुरा गर्दा उहाँ त्यति वास्ता गर्नु हुन्न । यसरी सन्तुष्टि नहुँदा हामी दुवै जनालाई यौनसम्पर्कपछि पीडा अनुभव हुन्छ र निकै दिनसम्म फेरि यौनसम्बन्ध कायम गर्न मन लाग्दैन । यो कस्तो समस्या हो ? के यस्तो समस्याको कुनै समाधान पनि छ ?

बी

तपाईंको जस्तै समस्या लिएर मकहाँ आउने महिला थुप्रै हुनुहुन्छ । कतिपय महिलामा चरम सन्तुष्टिमा नपुग्ने समस्या हुनसक्छ भने कतिपय महिलाले जीवनभर नै चरम सन्तुष्टि प्राप्त गर्न नसकेको गुनासो गर्ने गरेका छन् । एक अनुसन्धानअनुसार ४२ प्रतिशत महिलामा कहिलेकाहीं चरम सन्तुष्टिमा पुग्न नसक्ने समस्या हुन्छ भने १० प्रतिशत महिलाले आफ्नो जीवनकालभरि एकपटक पनि चरम सन्तुष्टिमा नपुगेको कुरा उल्लेख गरेका छन् । जुन महिलाले आफ्नो जीवनकालमा एकपटक पनि चरम सन्तुष्टिमा नपुगेको वा कहिलेकाहीं मात्र चरम सन्तुष्टि पाएको अनुभव गरेका हुन्छन्, उनीहरूले मनोविद् वा चिकित्सकको सल्लाह लिनुपर्छ । किनभने यसो हुनुका पछाडि मनोवैज्ञानिक पक्षहरू जिम्मेवार हुन्छन् जसको यर्थात कारण पत्ता लगाई समयमै उपचार गराउनुपर्ने हुन्छ ।

अब यो समस्या के हो भन्ने विषयमा छोटो चर्चा गरौं । महिलामा हुने यस्तो समस्यालाई एनोरगाज्मिया भनिन्छ । एनोरगाज्मियाका बारेमा थाहा पाउनुपर्ने अर्को महत्वपूर्ण कुरा के हो भने यसो हुनुमा जैविक, मनोवैज्ञानिक तथा सामाजिक कारण हुनसक्छन् । जैविक कारणमा जीर्ण रोग जसले नशामा असर गरेको हुन्छ वा कुनै रसायनिक प्रभाव हुनसक्छ । औषधिको लामो समयसम्मको प्रयोगले पनि एनोरगाज्मिया हुनसक्छ । मनोवैज्ञानिक कारणमा दिक्दारीपन, चिन्ता, यौन रोग, गर्भ रहने डरजस्ता पक्षको भूमिका हुन्छ । यदि यौनहिंसा भएको इतिहास छ भने पनि एनोरगाज्मिया हुनसक्छ । सामाजिक कारणमा यौनसाथीसँग कम कुराकानी हुने वा हुँदै नहुने, एक-अर्काबीच झगडा भैरहने वा सांस्कृतिक वा धार्मिक विश्वास जसमा महिलाले यौन इच्छालाई प्रकट गर्न नहुने मान्यता छ मा एनोरगाज्मिया भएको पाइएको छ । चरम सन्तुष्टिमा पुग्न नसक्नुको कारणमा यीमध्ये एक वा यी सबैको मिश्रण पाइन्छ । हरेक महिलामा एउटै कारणले एनोरगाज्मिया हुँदैन । त्यसकारण यीमध्ये कुन कारण हो, पत्ता लगाउनु आवश्यक हुन्छ र जे कारण हो त्यसैअनुरूप उपचार गराउनुपर्छ ।

यसको प्रचलित उपचार दम्पतीलाई प्रदान गरिने परामर्श तथा चिकित्सकीय उपचार प्रमुख हो । अर्को उपायमा महिलालाई कसरी उत्तेजना हुन्छ त्यस्तो विधिअन्तर्गत त्यस्तो प्रयास गर्न पनि सल्लाह दिइन्छ । यसअन्तर्गत हस्थमैथुन पनि पर्छ । हस्थमैथुन गर्ने क्रममा यौनआनन्द महसुस हुन्छ भने त्यसलाई सफल मानिन्छ । आफूलाई जुन विधि ठीक लाग्छ आफ्नो यौनसाथीलाई भनेर त्यही विधिअनुसार यौनसम्पर्क राख्न आग्रह गर्न सकिन्छ । यदि एक-अर्कासँग मनको कुरा गर्ने, विभिन्न विषयमा छलफल गर्ने, एक-अर्काप्रति सम्मान देखाउने जस्ता कुराको कमी छ भने पनि उक्त विषयमा खुलेर कुरा गर्नुपर्ने हुन्छ र यसको पनि कारण खोज्नुपर्ने हुन्छ । विभिन्न किसिमका औषधि-उपचार भए पनि धेरैजसो महिला यसमा औषधिको सेवनले प्रभाव नपारेको कुरा बताउँछन् । कुनै पनि औषधि जादु होइन । विशेष गरेर त्यस्तो समस्यामा मनोवैज्ञानिक वा सामाजिक कारण लुकेको छ भने औषधिले समाधान गर्न सक्दैन ।

तपाईंका बारेमा भन्नुपर्दा तपाईं र तपाईंको श्रीमान्‌वीच हाल सुमधुर सम्बन्ध छ जस्तो बुझिन्छ र तपाईंहरू आफैंले पनि यौन सन्तुष्टिका लागि प्रयास गरिरहनु भएको छ, तर तपाईंहरूको प्रयासले काम गरिरहेको छैन । आफ्नो सम्बन्धलाई बिग्रनबाट जोगाउन तपाईंहरू दुवैले खुलेर एक-अर्कासँग कुरा गर्नु र सँगै परामर्श लिनु आवश्यक छ । समस्यालाई लामो समयसम्म थाँति राख्दा ग्लानी र हीनताबोध उत्पन्नहुनुका साथै दम्पतीबीचको समझदारीमा कमी आउन थाल्छ । तपाईंहरूमध्ये एक जनाका कारणले यौनमा चरम सन्तुष्टिको अनुभव हुन नसकेको हो कि दुवै जनाको समस्याले हो भन्ने कुरा पत्ता लगाउन पनि विशेषज्ञको सल्लाह लिनु आवश्यक छ ।



# टिम चौराहाको ह्याट्रिक

कुनै पनि स्थितिमा लगातार उपाधि जित्नु सजिलो हुँदैन । खेलकुदमा कसैले लगातार तीन पटक उपाधि जितेर ह्याट्रिक गर्छ भने त्यो अद्वितीय मानिन्छ । धनगढीमा यस्तै उपलब्धि हात पार्ने काम गऱ्यो, टिम चौराहा धनगढीले । उसले धनगढी प्रिमियर लिग (डीपीएल) को अहिलेको दुई संस्करण र यसअघिको धनगढी प्रिमियर लिगको उपाधि लगातार जितेको हो । यसपटक पनि डीपीएल-टुमाथि उसको कब्जा शानदार रह्यो । फाइनलमा चौराहाले काठमाडौं गोल्डेन्सलाई २१ रनले हराएको थियो ।



फाइनलमा यी दुई टिमको भेट स्वभाविक थियो । लिग चरणको समाप्तीमा यिनै दुई टिम शीर्ष स्थानमा थिए । काठमाडौं गोल्डेन्स ९ अंकसहित शीर्ष स्थानमा थियो भने टिम चौराहा दोस्रो स्थानमा थियो । उक्त चरणमा काठमाडौं गोल्डेन्सले कुनै पनि खेल गुमाएन, टिम चौराहाले गुमाएका दुई खेलमध्ये एक काठमाडौं गोल्डेन्सविरुद्ध नै थियो । पछि क्वालिफायर-१ मा टिम चौराहा काठमाडौं गोल्डेन्सलाई हराएर फाइनलमा पुगेको थियो ।

प्रतियोगितामा लयमा देखिएको काठमाडौं गोल्डेन्सले फाइनलसम्म पुग्न महेन्द्रनगर युनाइटेडलाई हराएको थियो । फाइनलमा टिम चौराहाले पहिले ब्याटिङ गर्दै ४ विकेटमा १ सय ८१ रन बनाएको थियो । जवाफमा काठमाडौं गोल्डेन्सले ८ विकेट गुमाएर १ सय ६० रन मात्र बनाउन सक्यो । फाइनलमा टिम चौराहालाई जित दिलाउन रोहन मुस्तफाले सर्वाधिक महत्वपूर्ण भूमिका निर्वाह गरे । उनी म्यान अफ म्याच पनि घोषित भए । धनगढीमा टिम चौराहाको यो जित खास-खास कारणले महत्वपूर्ण रह्यो । टिम चौराहाको सफलतामा सबैभन्दा ठूलो हात मुस्तफाकै थियो । उनले १ सय ९८ रन बनाए अनि ९ विकेट पनि लिए । त्यसैले उनी म्यान अफ सिरिज समेत भए । उनले कप्तान सोमपाललाई धेरै अवसरमा नेतृत्वको गुण पनि सिकाए ।

एक त यो प्रतियोगिताको आयोजक सहरको आफ्नै टिम थियो । त्यसैले उसको समर्थनमा ठूलो संख्यामा मैदानमा पुगेका दर्शकले निराश हुनु परेन । दोस्रो, टिम चौराहाले सोमपाल कामीको कप्तानीमा खेलेको थियो । अरु टिमका कप्तानको तुलनामा उनी 'नेतृत्वका दृष्टिले' नयाँ थिए । धेरैले यही कारणले टिम चौराहाले उपाधि जित्दैन कि भन्ने शंका गरेका थिए । सोमपाल यो परीक्षामा उत्तीर्ण भए ।

यसपटकको प्रतियोगिता टिम चौराहाका प्रशिक्षक शेरबहादुर लामाका लागि पनि विशेष रह्यो । लामा वान डे खेल्ने नेपाली मूलका पहिलो खेलाडी हुन् । उनले यो अवसर हङकङबाट खेलेर प्राप्त गरेका थिए । खेल्न छाडेयता उनी प्रशिक्षणमा व्यस्त छन् । लामाले नेपाली भूमिमा भएको यति ठूलो प्रतियोगितामा प्रशिक्षकको भूमिका निर्वाह गरेको भने यो पहिलो अवसर हो । लामा आफ्नो यो पहिलो प्रयासमै सफल भए । धनगढीलाई यो सफलता दिलाउन तीव्र गतिका बलर ललितसिंह भण्डारीको पनि उत्तिकै महत्वपूर्ण योगदान रह्यो । भण्डारी १४ विकेट लिएर प्रतियोगिताकै सर्वाधिक सफल बलर सावित भए । यस्तै सुनिल धमलाले २ सय २९ रनको योगदान दिए ।

## दुर्भाग्य काठमाडौंको

लिग चरणमा कुनै पनि खेल नगुमाई राम्रो खेल्ने एक मात्र टिम काठमाडौं गोल्डेन्स थियो । फाइनलमा पनि यही टिम जितको बढी हकदार देखिन्थ्यो । अन्त्यमा उसले त्यस्तो पटकथा लेख्न सकेन ।

दोस्रो स्थानमा चित्त बुझाए पनि काठमाडौं गोल्डेन्सका लागि डीपीएल-टु सम्झन लायक रह्यो, विशेषतः टिमका कप्तान ज्ञानेन्द्र मल्लका लागि । धनगढीमा उनी सफल भए । ज्ञनेन्द्र विश्वकप छनौट तथा आईसीसी डिभिजन-टुमा नराम्रोसँग चुकेका थिए । उनलाई नेपाली राष्ट्रिय टिमबाट हटाउनु पर्ने मागसमेत उठेको थियो । ज्ञानेन्द्रका लागि यो स्थितिबाट बाहिर निस्कने एउटै उपाय थियो, डीपीएल-टुमा राम्रो गर्ने । ज्ञानेन्द्र प्रतियोगिताकै सर्वाधिक रन बनाउने ब्याट्सम्यान सावित भए । उनले ७ इनिङ्समा २ सय ४८ रन बनाए । उनको औसत रह्यो- ४१ दशमलव ३३ ।

यस अर्थमा डीपीएल-टु ज्ञानेन्द्रका लागि कमब्याक गर्ने राम्रो अवसर सावित भयो । प्रतियोगितामा सर्वाधिक निराशाजनक प्रदर्शन गर्ने टिम विराटनगर किङ्स रह्यो । खेलाडी लिलामीमा भएभरका सबै राम्रा खेलाडी उसकै भागमा परेका थिए । विराटनगरसँग राष्ट्रिय टिमका कप्तान पारस खड्का स्वयं थिए । धेरैलाई लागेको थियो, उपाधि यही टिमले जित्नेछ, तर लिग चरणको समाप्तीमा यो टिम शीर्ष चारमा पनि अटाउन सकेन, लिग चरणबाटै बाहिरियो ।

यसका पछाडि धेरै कारण छन् । वर्षाले पनि विराटनगरलाई साथ दिएन, पारस आफैं पनि पूर्णतः फिट थिएनन् । उनको हातमा चोट लागेको थियो । यस्तै स्थिति रूपन्देही च्यालेञ्जर्सको पनि रह्यो । लिग चरणको समाप्तीमा रूपन्देही अन्तिम स्थानमा पुग्यो । बरु दुई स्थानीय टिम महेन्द्रनगर युनाइटेड तथा सीवाईसी अत्तरियाले शीर्ष चारमा स्थान बनाए । शीर्ष चारमा तीन स्थानीय टिम रहनु प्रतियोगिताको अर्को महत्वपूर्ण पक्ष थियो ।


काठमाडौं गोल्डेन्सका अमित श्रेष्ठका लागि पनि यो प्रतियोगिता सुखद रह्यो । श्रेष्ठ ज्ञानेन्द्रपछि सर्वाधिक रन बनाउने दोस्रो ब्याट्सम्यान हुन् । उनको ब्याटबाट यसपटक २ सय ४२ रन निस्कियो । यसमा उनले बनाएको ८१ नटआउट रन पनि पर्छ । अमितले पूरा इनिङ्समा 'ब्याट क्यारी' गरे र यो नै प्रतियोगिताको सर्वाधिक व्यक्तिगत स्कोर थियो । प्रारम्भिक ब्याट्सम्यानका रूपमा अमितको यही प्रदर्शनका कारण काठमाडौं गोल्डेन्स राम्रो स्थितिमा रहेको हो ।

## विदेशी खेलाडीको प्रभाव

डीपीएल-टुको अर्को ठूलो विशेषता रह्यो, विदेशी खेलाडीको प्रभाव । यसका स्पष्ट दुई प्रभाव रहे । पहिलो, माथिल्लो दर्जाका विदेशी खेलाडीसँग खेल्न पाउँदा नेपाली खेलाडीले धेरै कुरा सिक्ने अवसर पाए । नेपाली क्रिकेटको स्तर माथि उकास्न यस्तै मौका चाहिन्छ । अझ सम्झिनु पर्ने कुरा के छ भने नेपालमा आएका जति पनि विदेशी खेलाडी छन्, ती सबै अन्तर्राष्ट्रिय स्तरमा धेरै ठूला होइनन् ।

अर्कातर्फ के पनि निश्चित भएको छ भने तिनै विदेशी खेलाडीसँग तुलना गर्दा नेपाली खेलाडीहरूले सिक्नु पर्ने कुरा अझै धेरै छ । राष्ट्रिय टिमका खास-खास खेलाडीलाई छाडेर अरुको स्तर पनि धेरै माथि उस्कन सकेको छैन । त्यसैले नेपाली खेलाडीले अझै प्रशस्त मेहनत गर्नुपर्ने हुन्छ । यसपटक विराटनगरका केही खेलाडी मात्र चम्किए, त्यसमा हङकङका बाबर हयात अगाडि रहे । उनले १ सय ८६ रन बनाए । बलिङतर्फ सर्वाधिक सफल भए काठमाडौं गोल्डेन्सका भारतीय खेलाडी सन्नी पटेल । नेपाली ब्याट्स्म्यानले कतिपय अवसरमा उनको बलिङ झेल्नै सकेनन् । सन्नीले कुल १३ विकेट लिए र सर्वाधिक विकेट लिने खेलाडीको सूचीको दोस्रो स्थानमा रहे ।

**मैदान बाहिर**



## अन्तरिक्षबाट अस्ट्रेलियन ग्रापी

अस्ट्रेलियामा सञ्चालित फर्मुला वान ग्रान्ड प्रिक्स मोटर रेस एक अन्तरिक्ष वैज्ञानिकले अन्तरिक्षबाट प्रत्यक्ष रूपमा अवलोकन गरेका छन् । ६ महिनाअघि इन्टरनेसनल स्पेस स्टेसन (नासा) को एक अभियानअन्तर्गत अन्तरिक्षमा पुगेका वैज्ञानिक ड्रियु फुसेलले अन्तरिक्षबाटै उक्त प्रतियोगिता हेरेको तस्विर ट्विटरमार्फत सार्वजनिक गरेका थिए । मेलबर्नमा आयोजित उक्त प्रतियोगिताको उद्घाटन खेलमा सबाष्टियन भिटेलले लुईस ह्यामिल्टनलाई पराजित गरेका थिए ।



## पोकरमा रमाउँदै नेयमर





ब्राजिलियन फुटबलर नेयमार केही समययता मैदानमा देखिएका छैनन् । घुँडामा लागेको चोटका कारण उनी अहिले ह्विलचेयरबाट यात्रा गरिरहेका छन् । मैदानमा जान नपाएपछि नेयरमरको चासो पोकरमा देखिएको छ । उनी आफ्ना फुटबलर साथीहरूलाई लिएर पोकर खेल्न पुग्ने गरेका छन् । पेरिस सेन्ट जर्मन क्लबसँग आबद्ध नेयमार रियल म्याड्रिडमा अनुबन्ध हुन लागेका भिनिसियुसलगायत अन्य साथीहरूसँग पोकर खेल्न गएका थिए । पोकरमा जितेपछि नेयमारले केही तस्बिर आफ्नो इन्स्टाग्राम एकाउन्टमा सेयर गरेका थिए । नेयमारले अहिले रियल म्याड्रिडमा स्थानान्तर हुन चाहना गरेको बताइन्छ ।

# ठूला प्रतियोगिताको वर्ष



वर्ष २०७५ नेपाली खेलकुदको दृष्टिकोणले निकै महत्त्वपूर्ण रहनेछ। यो वर्ष ठूला प्रतियोगिताको ठूलै संयोग जुरेको छ। यो वर्षको सबैभन्दा ठूलो खेल महोत्सव रहनेछ, इन्डोनेसियामा आयोजना हुने एसियाली खेलकुद। जकार्ता र पालेमबाङ दुई सहरले आयोजना गर्ने यो प्रतियोगिता अगस्ट १८ देखि सेप्टेम्बर २ सम्म चल्नेछ। एसियाली खेलकुदमा ४० खेलका ४ सय ६२ स्पर्धा हुनेछन्। नेपालले यो प्रतियोगितामा कुनै न कुनै पदक जित्ने प्रयास गर्नेछ। अबको केही दिनमा एसियाली खेलकुदका लागि छनौट खेल प्रारम्भ हुनेछन्। आउने केही महिना एकपछि अर्को खेलका खेलाडीहरू त्यसमै व्यस्त रहनेछन्। नेपाली खेलकुदका लागि एसियाली खेलकुदले तेक्वान्दो, कराँते तथा मार्सल आर्ट्सका अरू कतिपय खेलले नेपालको स्तर निर्धारण गर्नेछन्।

वर्ष २०७५ राष्ट्रिय खेलकुदको पनि वर्ष हो। आठौं राष्ट्रिय खेलकुद यसै वर्ष नेपालगञ्जमा हुँदैछ। राष्ट्रिय खेलकुद परिषदले मंसिर २१ देखि २८ सम्म राष्ट्रिय खेलकुदको आयोजना गर्ने निर्णय गरिसकेको छ। प्रतियोगिताका लागि गीत, नारा एवं मस्कट खोज्ने काम भैसकेको छ। सम्भवतः एसियाली खेलकुदपछि यसको वास्तविक तयारी सुरु हुनेछ। आयोजकका रूपमा नेपालगञ्जले पनि आफ्नो तयारी प्रारम्भ गरिसकेको छ।

फुटबलमा दक्षिण एसियाको सबैभन्दा ठूलो प्रतियोगिता साफ च्याम्पियनसिप पनि वर्ष २०७५ मै आयोजना हुँदैछ। बंगलादेशको ढाकाले आयोजना गर्ने यो प्रतियोगिता सेप्टेम्बर ४ देखि १५ सम्म सञ्चालन हुनेछ। साफ च्याम्पियनसिपमा कुल ७ टिमले सहभागिता जनाउनेछन्। नेपालले अहिलेसम्म यो प्रतियोगिता जित्न सकेको छैन। त्यसैले फेरि एकपटक प्रतियोगितामा नेपालको उद्देश्य हुनेछ, उपाधि चुम्ने।

क्रिकेटको एसिया कप पनि यही वर्ष सम्पन्न हुनेछ। यसमा टेस्ट खेल्ने ५ नियमित देशको सहभागिता रहनेछ नै, एउटा अर्को देशले पनि त्यसमा सहभागिता जनाउने अवसर पाउनेछ। त्यसका लागि छनौट प्रतियोगिता हुनेछ, जुन सेप्टेम्बरमा सञ्चालन गरिनेछ र त्यसको आयोजना भारतले गर्नेछ। यसमा कुल ६ टिमको सहभागिता रहनेछ, नेपालसँगै हङकङ, मलेसिया, ओमान, सिंगापुर र यूएई। नेपालले वान डे टिमको मान्यता पाएयताको यो सर्वाधिक महत्त्वपूर्ण प्रतियोगिता हुनेछ। नेपालले यही वर्ष क्रिकेटकै अर्को ठूलो प्रतियोगिता आईसीसी वर्ल्ड ट्वान्टी-२० क्वालिफायर पनि खेल्नेछ। यो प्रतियोगिता सन् २०२० मा आयोजना हुने ट्वान्टी-२० विश्वकपको छनौट हो। छनौटमा ६१ देशको सहभागिता रहनेछ। नेपालले भने एसियाली क्षेत्रमा आफ्नो चुनौती पेस गर्नेछ। यो प्रतियोगिताका लागि एसियालाई पूर्व र पश्चिम गरेर दुई समूहमा विभाजन गरिएको छ। नेपाल इस्टर्न रिजनमा छ र यसमा नेपालसँगै मलेसिया, सिंगापुर, भुटान, चीन, म्यानमार तथा थाइल्यान्ड छन्। नेपालका लागि यो सजिलो समूह सावित हुन सक्छ। वेस्टर्न रिजनमा यूएई, कतार, कुवेत, बहराइन, माल्दिभ्स र साउदी अरेबिया छन्। यसअघि नेपालले बंगलादेशमा भएको ट्वान्टी-२० विश्वकप खेलिसकेको पृष्ठभूमिमा नेपालले अबको छनौटमा राम्रो गर्नुपर्नेछ।

नेपाली राष्ट्रिय क्रिकेट टिमले यो वर्षको जुलाईमा लन्डनको प्रसिद्ध क्रिकेट मैदान लर्ड्समा त्रिकोणात्मक सिरिज खेल्नेछ। नेपालको प्रतिद्वन्द्वी मेरलिबन क्रिकेट क्लब तथा नेदरल्यान्ड्स हुनेछन् र क्रिकेटको स्वरूप हुनेछ- ट्वान्टी-२०। दुई वर्षअघि पनि नेपालले लर्ड्समा खेलेको थियो।

# पहिलो क्यानोनिङ उपाधि गुरुङलाई




कास्की अन्नपूर्ण गाउँपालिकाको विरेठाँटी छहरामा पहिलो पटक आयोजित क्यानोनिङ प्रतियोगिताको उपाधि घलेलका २१ वर्षीय सुनिल गुरुङले जितेका छन्। ५० मिटर अग्लो छहरामा डोरीले गाँठो पार्दै माथि उक्लने र झर्ने काम ४ मिनेट २६ सेकेन्डमा पूरा गरेर उनले उक्त उपाधि हात पारेका हुन्। प्रतियोगितामा विरेठाँटीका २५ वर्षीय अतीत गुरुङ ५ मिनेट ३४ सेकेन्डको समय लिँदै फस्ट रनर्सअप भए भने अन्नपूर्ण गाउपालिकाका २४ वर्षीय राजु नेपालीले ५ मिनेट ५९ सेकेन्ड लगाउँदै तेस्रो स्थानमा चित्त बुझाए। यो क्यानोनिङ प्रतियोगिता नेपालको पहिलो क्यानोनिङ प्रतियोगिता भएको आयोजकहरूको दाबी छ।


पोखरा क्यानोनिङ तथा विरेठाँटी क्यानोनिङले संयुक्त रूपमा आयोजना गरेको प्रतियोगितामा नेपालका २० जना क्यानोनिङ गाइडले भाग लिएका थिए। प्रतियोगितामा कास्कीसहित भोटेकोसी, ककनी, सुन्दरी जल, लमजुङ, बागलुङ, पर्वतमा रहेका क्यानोनिङ गाइडहरूले भाग लिएका थिए। कार्यक्रमको थप आकर्षणमा लाइभ पप कन्सर्ट तथा पुल डान्स पार्टीका साथमा सांस्कृतिक प्रस्तुति पनि थियो। गर्मीमा साहसिक खेल क्यानोनिङमा रमाउनेहरू कास्कीको ल्याङ घलेल तथा विरेठाँटीमा पुग्छन्। नेपालमा क्यानोनिङ गाइडहरूलाई अझैसम्म लाइसेन्स उपलब्ध गराइएको छैन। यसले आफूहरूलाई समस्या भएको उनीहरूको गुनासो छ।

राजाराम पौडेल

## तस्बिर बोल्छ







# लोकप्रिय हुँदै पानीमुनिको साइकल दौड

पानीमुनि खेलिने साहसिक खेल साइकिलिङले अहिले बिस्तारै लोकप्रियता पाउँदै गएको छ। केही देशमा पानीमुनिको साइकल दौड प्रतियोगितासमेत सञ्चालन हुने गरेको छ। यो प्रतियोगितामा पोखरीको आकारअनुसार एक पटकमा १० जनासम्म सहभागी हुन पाउँछन्, जसमा प्रत्येक खेलाडीलाई दुई जनाले पानीमुनि बसेर निरिक्षण गर्छन्। खेलाडीले अरूलाई धकेले वा साइकलबाट ओर्लिए उसलाई अयोग्य घोषित गरिन्छ। यदि खेलाडीलाई कुनै आपत् परे तिनै दुई जना निरिक्षकले उद्धारसमेत गर्छन्।



# मंगोलियन हार्टको सिल्भर जुबली

रामजी ज्ञवाली

उनी स्कुल, कलेज तथा गाउँटोलमा हुने हरेक जसो साँस्कृतिक कार्यक्रममा भाग लिन छुटाउँदैनथे । कतिपय कार्यक्रममा उनी पुरस्कार समेत जित्थे । कतिपय कार्यक्रममा दोस्रो वा तेस्रो स्थान हासिल गर्थे भने कतिपय कार्यक्रममा पुरस्कार होइन, स्यावासी मात्र पाउँथें ।

उनी अर्थात् काठमाडौं, वनस्थलीका राजु लामालाई धेरैले भन्थे, 'स्वर राम्रो छ, गीत बजारमा ल्याउनुपर्‍यो ।' यद्यपि राजु गीत रेकर्ड गराउनतर्फ लागेनन् बरु केही मिल्ने साथी-भाइ जुटाएर गाउँटोलमा कार्यक्रम दिन थालें । राजु लामाको टिममा वसन्त गुरुङ, धीरज गुरुङ, राजकुमार थापा, देव गुरुङ तथा चन्द्र गुरुङ थिए । उक्त टिमका चन्द्र गुरुङले एक दिन राजुसँग भने, 'अब यसरी भएन, एउटा सांगीतिक ब्यान्ड खोलौं अनि समय-समयमा कार्यक्रम प्रस्तुत गरौं ।' राजुले केही सोच्दै-नसोची एक सेकेन्डमैं ओके भन्दिए र स्थापना भयो मंगोलियन हार्ट सांगीतिक समूह ।

५ जना साथी जम्मा गरेर लामाले खोलेको उक्त सांगीतिक समूहका सदस्यहरूले समय क्रमसँगै समूह छोड्दै गए । अहिले स्थापना बेलाका वसन्त गुरुङवाहेक अरू सबै विदेशमा छन् । उनीहरूले छोड्दै जाँदा केही साथी भित्रिँदै पनि थिए टिममा । बबी लामाले ६ जनाको त्यो टिमलाई अप्रत्यक्ष रूपमा साथ दिए । चन्द्र गुरुङ जसले यो सांगीतिक ब्यान्ड खोलौं भनेर परिकल्पना गरेका थिए उनी आफैं समूह छोडेर बिदेसिए । त्यही बेला बवी इन भएका हुन् । अहिले ब्यान्डको प्रमुख गायकमा राजु लामा छन् भने गिटारमा बबी लामा र किरण नगरकोटी, ड्रम्समा सन्तोगा थापा तथा बेस गितारमा पवन कपाली छन् । यिनै ५ जनाको सांगीतिक ब्यान्ड मंगोलियन हार्टले यो वर्ष आफ्नो स्थापनाको २५ औं वर्ष मनाउँदैछ । राजु लामा भन्छन्- 'हामी आफ्नो सांगितिक यात्रालाई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गर्नुहुने सबैलाई धन्यवाद ज्ञापन गर्छौं ।'



### उत्कृष्ट गीत

उँभोउँभो खासा म जाँदा, नतानु त तानुतानु लाग्ने, बादल पारिको देशबाट, तिमीलाई देखेर, मेरो नेपाल, सायद तिम्रो बाटोमा, भाइटीका, गाँजलु आँखा, पर्खाइमा बिभ्यो सिरानी, हल्ला चलेछ आदि ।

### २५ औं वर्ष, २५ कन्सर्ट

मंगोलियन हार्टले आफ्नो रजत महोत्सवको उपलक्षमा देशका प्रमुख २५ स्थानमा सांगीतिक कन्सर्ट सञ्चालन गर्ने निर्णय गरेको छ । ब्यान्डका व्यवस्थापक तथा गिटारिस्ट बबी लामाले भने, '२०७५ सालभित्रै देशका प्रमुख सहरहरूमा कन्सर्ट सम्पन्न गरिसक्नेछौं । सम्भवत दसैंअघि नै कन्सर्टका लागि हाम्रो यात्रा सुरु हुनेछ ।

#### टिकट २५ रुपैयाँ

हामी जो कसैलाई पनि थाहा छ सामान्यतया: सांगीतिक कन्सर्टको टिकट शुल्क सय रुपैयाँभन्दा बढी नै हुन्छ । अझ पाँचतारे होटलमा नाम चलेका ब्यान्डको प्रस्तुति हेर्न कम्तीमा ५ सयदेखि ५ हजार रुपैयाँसम्म तिर्नुपर्छ । मंगोलियन हार्टले वैशाख ८ मा हयात रिजेन्सी होटलमा आयोजना गर्न लागेको 'मंगोलियन हार्ट सांगीतिक उत्सव' मा सहभागी हुन भने दर्शकले २५ रुपैयाँको टिकट काटे पुग्छ । ब्यान्डका प्रमुख गायक राजु लामा भन्छन्- 'हामीहरूले स्थापनाको यो खुसी दर्शकमाझ साट्न खोजेका हौं । सुरुमा नि:शुल्क गरौं भनिए पनि पछि न्यूनतम शुल्क लिने र कार्यक्रमबाट उठेको रकम बौद्ध नजिकैको टुसाल युवा क्लबलाई सहयोग गर्ने निर्णयमा पुगियो ।' उनले थपें, 'यो व्यवसायिक कन्सर्ट होइन ।'

#### २५ वर्षको सफलता ?

गायक राजु लामा केही प्राप्तिका लागि यो सांगीतिक ब्यान्ड सुरु नगरिएको बताउँछन् । स्थापनाकालमा हामीले नेपालको कला क्षेत्रमा केही गरौं भन्ने सोच बनाएका थियौं र त्यसका लागि निरन्तर काम गर्‍यौं । कतिपय साथीहरू बाध्यताले बाहिरिनुभयो, सहयोगी साथीहरू थपिँदै गए, उनले भने, 'यो २५ वर्षमा दर्शक-श्रोताहरूबाट करोडौं-अर्बौं रुपैयाँले किन्न नसकिने अथाह माया पायौं ।' नेपालका अधिकांश जिल्लाका साथै अमेरिका, युके, जापान, बेलायत, हङकङ, क्यानाडा, बेल्जियम, इटली, रसिया, फ्रान्स, जर्मनी आदि ६० भन्दा बढी देश पुगिसकेको छु, गायक लामाले भनें, 'दर्शकको मायाका अघि हामीले पाएका अवार्ड वा पुरस्कार केही पनि होइनन् ।' हामी धेरै उकाली-ओराली गर्दै यहाँसम्म आइगुगेका हौं, राजुले कुराकानीलाई बिटमार्दै भने- 'हामीलाई दर्शक-श्रोताहरूको यस्तै माया भए पुग्छ ।'

### चर्चित एल्बम

ब्यान्डले हालसम्म सोल्टिनी, मंगोलियन हार्ट, मंगोलियन हार्ट-२, मंगोलियन हार्ट-३, मंगोलियन हार्ट-४, मंगोलियन हार्ट-५ तथा मंगोलियन हार्ट-६ एल्बम बजारमा ल्याइसकेको छ । ब्यान्डले हयातको कन्सर्टमै आफ्नो नयाँ एल्बम समेत सार्वजनिक गर्नेछ ।

### सिल्भर जुबली कन्सर्ट

आफ्नो सांगीतिक यात्राको २५ वर्ष पुगेको उपलक्ष्यमा मंगोलियन हार्टले दर्शक-श्रोताहरूसामु विशेष कार्यक्रम प्रस्तुत गर्न लागेको छ ।

आयोजक : एमएच इभेन्ट म्यानेजमेन्ट नेपाल

समय : दिउँसो १ बजेदेखि साँझ ७ बजेसम्म

स्थान : हयात रिजेन्सी होटल, बौद्ध

कलाकार : राजु लामा सहित ब्यान्डका सदस्यहरू




## हिमश्रृंखलाको अवलोकनसँगै चौरी महोत्सव



३ हजार ४ सय मिटरको उचाइमा अवस्थित पाँचथरको फालेलुङ-४, चाररातेमा वैशाख १ र २ गते दोस्रो अन्तर्राष्ट्रिय चौंरी महोत्सव सम्पन्न भएको छ । महोत्सवमा जिल्लाको फालेलुङ र याङवरक क्षेत्रवाट विभिन्न प्रजातिका ५ सयभन्दा बढी चौंरी तथा चौंरीजन्य वस्तु प्रदर्शनीमा राखिएका थिए ।

चाररातेमा नेपालका साथै भारतका सिक्किम र पश्चिम बंगालका १० हजार मानिस सहभागी थिए । महोत्सवका सहभागीहरूले चौंरी र चौंरीजन्य वस्तुको अवलोकन मात्र गरेनन्, उत्तरतर्फको कुम्भकर्ण, कञ्चनजंघाजस्ता हिमाललाई नजिकैबाट नियाल्ने अवसर समेत प्राप्त गरे ।

लक्ष्मी गौतम

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल ।**